स्थानीय तह,
प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन
२०७४

# पर्यवेक्षण प्रतिवेदन

निर्वाचन पर्यवेक्षण समिति
(इओसी), नेपाल

**सम्पादक**
मीना शर्मा

**सम्पादन मण्डल**
प्रदीप पोखरेल
बद्रीप्रसाद शिवाकोटी
उज्वल अधिकारी

**सम्पादन सहयोगी**
अनिष भूर्तेल
रन्जिता कार्की
एलिस सिवाकोटी

**प्रकाशन सहयोगी**
ओपन सोसाइटी फाउण्डेसन
**Open Society Foundations**

OPEN SOCIETY FOUNDATIONS

**पर्यवेक्षण तथा तालिम संयोजक**
राजाराम बर्तौला

**Office :**
Buddhanagar, Kathmandu
फोनः ००९७७-१-४४८०१४४/४७८४५६८
E–mail: eocnepal123@gmail.com
www.eocnepal.org.np

# विषय सूची


| | | |
|---|---|---|
| प्रकाशकीय | | ४ |
| कार्यकारी सारांश | | ६ |
| निर्वाचन र नियति | बद्रीप्रसाद सिवाकोटी | ८ |
| **परिच्छेद १ - स्थानीय तह निर्वाचन २०७४** | | |
| १.१ स्थानीय तह निर्वाचनको पृष्ठभूमि | | १० |
| १.२ स्थानीय तहको निर्वाचनको घोषणा सन्दर्भ | | ११ |
| १.३ स्थानीय तह निर्वाचन प्रणाली | | १२ |
| १.४ स्थानीय तह निर्वाचनमा महिला सम्बन्धी व्यवस्था | | १३ |
| १.५ निर्वाचन खर्च र निर्वाचन आचारसंहिता | | १३ |
| १.६ स्थानीय तह निर्वाचनका महत्वपूर्ण तथ्यहरु | | १३ |
| १.७ स्थानीय तह निर्वाचनः मुख्य ठहर तथा निष्कर्ष | | १५ |
| १.८ स्थानीय तह निर्वाचनमा इओसी नेपालले प्रक्षेपण गरेका सुझावहरु | | १५ |
| **परिच्छेद २ - प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७४** | | |
| २.१ प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको पृष्ठभूमि | | १६ |
| २.२ प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन घोषणाको सन्दर्भ | | १६ |
| २.३ प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन सम्बन्धी निर्वाचन प्रणाली र कार्यपालिका | | १७ |
| २.४ प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन र महिला सहभागिता | | १८ |
| २.५ निर्वाचन खर्चको सीमा | | १९ |
| **परिच्छेद ३ - निर्वाचन पर्यवेक्षण समिति(इओसी), नेपाल र निर्वाचन पर्यवेक्षण** | | |
| ३.१ इओसी नेपालको पर्यवेक्षण | | २० |
| ३.२ पर्यवेक्षणका उद्देश्यहरु | | २० |
| ३.३. पर्यवेक्षणको महत्व/प्रभावकारिता | | २१ |
| ३.४ पर्यवेक्षण तयारी | | २१ |
| ३.५ इओसी नेपाल पर्यवेक्षण कार्ययोजना | | २२ |
| ३.६ पर्यवेक्षण गरिएका क्षेत्रको भौगोलिक अवस्था | | २२ |
| ३.६ निर्वाचन पर्यवक्षण समिति नेपालको संरचना र प्रसासनिक व्यवस्था | | २३ |
| ३.७ इओसी नेपालको निर्वाचन पर्यवेक्षण र पाइएका तथ्यहरू | | २३ |
| **परिच्छेद ४ - प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन विश्लेषण** | | |
| ४.१. पर्यवेक्षणको प्रक्रिया/विधि | | २४ |
| ४.२ तथ्याङ्कको प्रकृति | | २४ |
| ४.३ तथ्याङ्कको विश्लेषण विधि | | २४ |
| ४.४ तथ्याङ्कको प्रमुख खोज | | २४ |
| ४.५ निर्वाचनका सबल र कमजोरपक्षहरू | | २५ |
| ४.६ शारांस/निष्कर्ष | | २५ |
| ४.७. तथ्यगत विश्लेषण तथा समिक्षात्मक विकल्पहरू | | २७ |
| **परिच्छेद - ५ संस्थाका गतिविधिहरु** | | |
| ५.१ पर्यवेक्षकहरूलाई तालिम | | ३० |
| ५.२ निर्वाचन सम्पन्नपश्चातका अन्तरक्रिया कार्यक्रमहरु | | ३१ |
| ५.३ राजधानीमा विशेष अन्तरक्रिया कार्यक्रम | | ३१ |
| ५.४ निर्वाचन सम्बन्धी छायाँचित्र निर्माण | | ३२ |
| ५.५ अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्थाहरूसँग भेटघाट | | ३२ |
| ५.६ निर्वाचन अभियानमा हुने खर्चहरु सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक | | ३२ |
| **अनुसूचीहरु** | | |
| अनुसूची १ - स्थानीय तह निर्वाचनमा इओसी नेपालका तर्फबाट पर्यवेक्षणमा खटिएका पर्यवेक्षकको सूचि | | ३४ |
| अनुसूची २ - प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन २०७४ मा पर्यवेक्षकका रूपमा खटिएका पर्यवेक्षकहरूको सहभागिता एवम् समावेशी विवरण | | ४० |
| अनुसूची ३ - प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७४ निर्वाचनको दिनमा भर्ने रूजुसूची | | ४४ |
| अनुसूची ४ - पर्यवेक्षकहरूका लागि इओसी नेपालको पर्यवेक्षण आचारसंहिता | | ४७ |
| अनुसूची ५ - प्रदेश तथा जिल्लागत प्रतिनिधिमूलक घट्नाका तथ्यहरु | | ४८ |
| अनुसूची ६ - संचारमाध्यममा इओसी नेपाल | | ६० |
| अनुसूची ७ - तस्विरमा इओसी नेपालको पर्यवेक्षण | | ६२ |

# प्रकाशकीय

मुलुक अहिले राजनैतिक संक्रमणकालको अन्त्यसँगै संघीय लोकतान्त्रीक गणतन्त्रको अभ्यास र संस्थागत गर्ने कार्यमा व्यस्त छ । हालै सम्पन्न स्थानीय, प्रदेशसभा, प्रतिनिधिसभा र राष्ट्रियसभा निर्वाचनले संविधान कार्यान्वयनको बाटोलाई प्रशस्त गरेको छ । यद्यपी संक्रमणकालिन न्याय निरूपणको विषय भने चुनौतिको रूपमा रहेको छ । संक्रमणकालिन न्यायको कार्यान्वयनका लागि निर्माण गरिएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका नागरिकको छानविन गर्न बनेको आयोग गठन भएको तिनवर्ष बितिसक्दा पनि न्याय निरूपणको बाटो पहिल्याउन नसकेको सर्वत्र अनुभूति गरिएको छ । राज्यले पिडितहरूको विश्वास गुमाउँदै गएको अवस्था छ ।

लोकतान्त्रीक परिपाटीमा निर्वाचनको महत्वपूर्ण भूमिका हुन्छ भन्ने कुरामा कसैको दुईमत नहोला । यसो पनि भन्न सकिन्छ की स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन लोकतन्त्रको मेरूदण्ड हो । निर्वाचन पद्दति र निर्वाचनको स्वतन्त्र एवम् निष्पक्ष कार्यान्वयनले नै लोकतन्त्रको संस्थागत विकास र स्थायित्वका साथै भविष्यको समेत निर्धारण गर्दछ ।

०४६ को प्रजातान्त्रीक जनआन्दोलनको उपलब्धीसहित नेपाल अधिराज्यको संविधान - २०४७ जारी भएपश्चात नेपाली राजनीतिको आधुनिक इतिहासमा दलगत प्रतिस्पर्धा र वालिग मताधिकारका आधारमा २०४८ सालमा आमनिर्वाचन सम्पन्न भएको थियो । आन्दोलनको रापतापमा तयार पारिएको संविधानमा धेरै उपलब्धीहरूलाई लिपीबद्ध गरिएता पनि यसको संरक्षण र संस्थागत गर्ने कार्यमा राजनैतिक दलहरु गम्भीर देखिएनन् । आमजनताको अभिमतबाट निर्माण भएको सरकार र प्रतिपक्षले सरकार टिकाउने र गिराउने नाममा जे जस्तो प्रक्रिया अबलम्वन गरे । नेमकिपाका अध्यक्ष तथा तत्कालिन सांसद नारायणमान बिजुच्छे 'रोहीत' को भाषामा "शुभलाभको खेल, सांसदहरूलाई देश विदेशमा लुकाउने, खरिद बिक्रि गर्ने खेल" र राज्य संयन्त्र दुरूपयोगसँगै नेपाली राजनीति र राजनैतिक दलहरूमा विकृतिहरूले घर गर्दै गए । राजनीतिको आडमा अपराधिकरण र अपराधको राजनीतिकरण गर्ने प्रवृत्तिको विकास हुँदा हत्या र हिंसाको राजनीतिसँगै दण्डहिनताको संस्कृति राजनीतिमा मौलाउन थाल्यो । परिणामत मुलुक सशस्त्र द्वन्द्वमा होमियो । त्यस बिचको दलीय खेल, राजनीतिक उतार चढाव र विसङ्गतीलाई हामी सबैले नजिकबाट नियालिसकेका छौँ ।

२०६२/०६३ को ऐतिहासिक लोकतान्त्रीक आन्दोलनले धेरै उपलब्धिहरूलाई समेटन सफल भयो । आन्दोलनले मुलुकलाई गणतन्त्रमा रूपान्तरण गर्दै संविधानसभावाट जनताले खोजेको संविधान निर्माण गर्ने मुल्यमान्यतालाई स्थापित गर्‍यो । सशस्त्र द्वन्द्वमा संलग्न माओवादी शक्तिलाई लोकतन्त्रको मुलधारमा ल्याउन सफल भयो ।

आन्दोलनपश्चात अन्तरिम सरकार निर्माणको प्रक्रियामा, संविधानसभाको पहिलो र दोस्रो निर्वाचन र त्यसको परिणाम सहित बन्ने सरकारका क्रममा राजनैतिक दलहरूको मनोवृत्तिमा खासै परिवर्तन आएको आभास जनतालाई हुन सकेन् । नयाँ नेपाल निर्माणको क्रममा आमुल परिवर्तनको पक्षमा भएको निर्वाचनमा उमेद्‌वारको चयन देखि निर्वाचनको परिणामलाई नियाल्दा राम्रो मान्छे भन्दा हाम्रो मान्छे, दलको इमान्दार भन्दा गुटको बफादार कार्यकर्ता छान्ने प्रवृत्ति हावि भएको पाईन्छ । जसरी पनि चुनाव जित्नुपर्छ भन्ने नाममा नेतृत्व तहमा धनवाद र डनवादको प्रभाव परेको सबैले स्पष्ट अनुभूति गरेकै विषय हो ।

सम्पन्न सबै तहको निर्वाचनले धेरै सकारात्मक सन्देशहरु दिएको छ । आमजनतामा शान्ति र विकासप्रति एक किसिमको आशा जगाएको छ भने सँगसँगै निर्वाचनले धेरै विकृतिहरूलाई पनि निम्ताएको छ । निर्वाचनमा जसरी पनि बहुमत ल्याउने, सरकार बनाउने नाममा जे जसरी गठजोड र जे जस्ता गतिविधिहरु भएका छन् त्यसले प्राप्त लोकतन्त्र संस्थागत गर्ने साथै शान्ति र विकासको प्रक्रियामा गम्भीर अवरोधहरु आउन सक्ने कुरा प्रति राजनीतिक विश्लेषकहरूले औंलाएका छन् । दल सञ्चालन र निर्वाचनको प्रयोगको सन्दर्भमा राजनैतिक दलका निर्णायक तहका नेताहरूको प्रवृत्तिमा विगतको निर्वाचनको भन्दा फरक प्रवृत्ति देखिएन । पुरानै प्रवृत्तिवाट ग्रसित नेताहरूको सोच र चिन्तनले नै निरन्तरता पाएको कारण निर्वाचनको सबै तहमा प्रत्यक्ष र समानुपातिकतर्फ उमेद्‌वार छनौट टिकट वितरणमा 'धनवाद र डनवाद'को प्रभाववाट दलहरु मुक्त हुन सकेनन् भने समानुपातिक तर्फको उमेद्‌वारी चयनमा त व्यापारीकरण र पारिवारिकरणको प्रभाव स्पष्ट देखियो । जसले दलभित्रको आन्तरिक प्रजातन्त्रको अभ्यास कमजोर हुँदै गएको छ र केन्द्रीयता लादने प्रवृत्तिको विकास भएको छ । दलभित्र ईमान्दार कर्तव्यनिष्ठ कार्यकर्ता र नेताहरु भन्दा पैसावाला र विभिन्न कारोबारमा नेताका साझेदारहरूले प्राथमिकता पाउने गरेका छन् । खर्चिलो र भड्किलो

निर्वाचनका कारण सामान्य सिद्धान्तनिष्ठ कार्यकर्ताहरु निर्वाचनदेखि पर भाग्न बाध्य बनेका छन् । गत निर्वाचनताका नेताहरूले व्यक्त गरेका अभिव्यक्तिले पनि स्पष्ट पार्छ ।

"यो निर्वाचन लोकतन्त्र विरूद्धको करोडतन्त्रको रिहर्सल नै बन्यो, लोकतन्त्र हाऱ्यो करोडतन्त्रले जित्यो की ?"
- माओवादी नेता खिमलाल देवकोटा
"न पैसानै छ न ठेकेदारनै छन् कसरी चुनाव लडने" - एमाले नेता युवराज ज्ञवाली
"पैसा भएन त्यसैले चुनाव लडिएन"- माओवादी केन्द्रका नेता गोपाल किराती

निर्वाचन धनपति र व्यापारिक केन्द्रहरूका लागि लगानीको अवसर भएको छ । सके आँफै नभए नजिकका उमेद्वारमा आफ्नो लगानी लगाउने प्रवृत्तिले निर्वाचनलाई खर्चिलो बनाएको छ । निर्वाचन पर्यवेक्षण समिति (ईओसी) नेपालले गरेको अनुसन्धानमा स्थानीय तहको निर्वाचनमा उमेद्वार र निर्वाचन आयोगको खर्च जोडदा ७० अर्ब पुगेको पाइएको छ । जस मध्ये ६२% अर्थात् ४२ अर्ब रूपैयाँ उमेदवारहरूले मात्र खर्च गरेका छन् अर्थात् लगानी गरेका छन् । एउटा उमेद्वारले करोडौं करोडौं खर्च गरेर चुनाव लडछ भने यस्तो खर्चले अन्ततः विकास निर्माणका बजेटमा भ्रष्टाचारलाई निम्तो दिन्छ । भ्रष्टाचार अपराध हो र अपराधिक प्रवृत्तिले लोकतन्त्रको प्राप्त उपलब्धिलाई खतरामा पुऱ्याउँछ भन्ने अनुभूति विगतमा गरिएको कुरा हो ।

त्यसैगरी सरकारी क्षेत्रवाट भएको निर्वाचन खर्च पनि डरलाग्दो चुनौतीका रूपमा रहेको छ । २०४८/०५१/०५६ सालको निर्वाचन क्रमशः ११ करोड २४ करोड र ३६ करोड खर्चमा सम्पन्न भएको थियो भने आमनिर्वाचन २०७४ को स्थानीय तहको निर्वाचनमा निर्वाचन आयोगले २० अर्ब खर्च गरेको छ । ११ करोड त गाडी किन्न तथा मर्मत र सम्भारमा मात्र खर्च गरेको छ । स्थानीय तहको निर्वाचनमा १७ प्रतिशत मत बदर भएको छ । बदर मतको खर्च जोड्दा उमेद्वार र आयोगले गरेको खर्च ११८० करोड हुन आउँछ । निर्वाचन आयोगले मतदाता शिक्षामा गरेको खर्च रू. २०० करोड जोडदा त वदर मतको खर्च कहाली लाग्दो देखिन्छ ।

उमेद्वारहरूको खर्चमा वृद्धि हुनु अस्वस्थ प्रतिस्पर्धा मात्र नभई आयोगको लाचार प्रवृत्ति हो भने आचारसंहिताको प्रभावकारी कार्यान्वयन हुन नसक्नु हो । दलहरूको अवैधानिक गतिविधिहरूलाई आयोगले लाचार भएर टुलुटुलु हेरि बस्नु हुँदैनथ्यो । आयोगका पदाधिकारीहरु दलगत प्रभावबाट मुक्त नहुनुका कारण उमेद्वार र दलहरु विच अस्वस्थ र अराजक प्रतिस्पर्धाका कारण आचारसंहिता र नियम कानूनको धज्जी उडाउने प्रवृत्ति हावी भएको छ ।

जसरी भएपनि निर्वाचन समयमा सम्पन्न गर्ने नाममा ठूला दलहरूलाई रिझाउन निर्वाचन आयोगले नियम, कानून र आचारसंहिता मिच्ने गतिविधिप्रति आँखा चिम्लने प्रवृत्तिले दलहरूले खुलेआम रूपमा कानुनको दुरूपयोग गर्न छुट पाए । निर्वाचन आयोगलाई राज्य र ठूला दलकै तहमा मनपरी ढंगवाट राज्यकोषको दुरूपयोग गर्ने अवसर प्राप्त भयो । यी दुवै प्रवृत्तिले अन्ततः दलहरूमा अराजकता बढने र दण्डहिनताले प्रसय पाउने वातावरणको विकास भएको सर्वत्र अनुभूति हुन थालेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थायित्व र संस्थागत विकासका लागि सबै क्षेत्रमा लोकतान्त्रिकरणको अभ्यास हुन आवश्यक छ । जनतालाई सुशासनको अनुभूति दिलाउनका लागि पनि लोकतान्त्रिक संस्कृति अपरिहार्य छ । प्रथमत् लोकतान्त्रिक संस्कृती र मूल्य मान्यताबाट राजनैतिक दलहरु लैस हुन आवश्यक छ साथै दलहरूको आन्तरिक लोकतान्त्रिक अभ्यासमा देखिएको दरिद्र मानसिकताको अन्त्य हुन जरूरी छ । त्यसका साथै राज्यका सम्पूर्ण अंगहरु विशेष गरेर संवैधानिक अंगहरूको गठन र कार्यान्वयनमा लोकतान्त्रिक अभ्यास, पारदर्शिता र निष्पक्षताको आवश्यकता सर्वत्र महशुस गरिएको विषय हो ।

निर्वाचनको सन्दर्भमा निर्वाचन आयोग जस्तो संवैधानिक अंगको गठन, व्यवस्थापन र कार्यान्वयनमा निष्पक्षता र पारदर्शिताको अति नै महत्व हुन्छ । निर्वाचन आयोगलाई जति अधिकार सम्पन्न, सशक्त निष्पक्ष, प्रभावकारी र पारदर्शि बनाउन सकिन्छ त्यतिनै निर्वाचनको महत्व एवम् अपनत्व राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा बढदै जान्छ । अधिकार सम्पन्न निर्वाचन आयोगले मात्र मतदाताको अधिकार र उमेदवारको अधिकारको रक्षा गर्न सक्दछ ।

प्रदीप पोखरेल
अध्यक्ष
निर्वाचन पर्यवेक्षण समिति (इओसी) नेपाल

# कार्यकारी शारांस

यो वर्ष निर्वाचनको वर्ष रह्यो । यतिबेला स्थानीय तथा प्रतिनिधि एवम् प्रदेशसभा निर्वाचन सम्पन्न भई मुलुकले जनप्रतिनिधि पाएको अवस्था छ । २० वर्षपछि स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ भने यसैवर्ष पहिलो पटक संघीय संरचना अन्तर्गत प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन समेत सम्पन्न भएको छ । २० वर्षको बीचमा स्थानीय तहको निर्वाचन गराउने प्रयास पटक पटक गरिएपनि सम्भव नभएकोमा यसैवर्ष वैशाख ३१, असार १४ र असोज २ गते गरी तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ भने प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनका लागि मंसिर १० र २१ गते दुई चरणमा निर्वाचन सम्पन्न भएको छ । यी सबै निर्वाचनमा इओसी नेपालले पर्यवेक्षण गरेको छ । निर्वाचन स्वच्छ, स्वतन्त्र एवम् भयरहित वातावरणमा सम्पन्न गर्न र निर्वाचनको विश्वसनीयतामा सहयोग पुऱ्याउन निर्वाचन पर्यवेक्षण समिति(इओसी) नेपालले तीनै निर्वाचनमा पर्यवेक्षण गरेको हो ।

विभिन्न क्षेत्रमा कार्यरत व्यक्तिहरूको संलग्नतामा गठन भएको संस्था हो, निर्वाचन पर्यवेक्षण समिति (इओसी), नेपाल । संविधानसभा दोस्रो निर्वाचनका अवसरमा गठन भएको यस संस्थाले यहि वर्ष सम्पन्न भएका स्थानीय तह (तीनै चरणको पर्यवेक्षण) का साथै प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको पर्यवेक्षण गरेको छ । इओसीले निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचनपश्चातको समयमा भएका निर्वाचन गतिविधिहरूको पर्यवेक्षण गर्ने र अभिलेख राख्ने गरेको छ । राजनीतिक दल, सरकारी निकाय, संघ संस्थालगायत सम्पूर्ण सरोकारवालाहरूबाट निर्वाचन आचार संहिताको पूर्ण पालन भए नभएको अवलोकन गरेको छ । पर्यवेक्षकहरूको उपस्थितिले निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र धाँधलिरहित हुनलाई विश्वासको वातावरण बनाउन टेवा पुग्छ भन्ने कुरा जनमानसमा पुऱ्याउन र जनताहरूमा मतदाता शिक्षालाई प्रभावकारी ढंगबाट पुऱ्याउन तथा सरोकारवालाई सजग गराउन पनि इओसीले भूमिका खेलेको छ । आम मतदाताहरूमा भयरहित वातावरणमा मतदान गर्ने अवस्था सृजना गर्न सुरक्षा निकायहरूलाई अनुरोध गर्नुका साथै निर्वाचनलाई सफल पार्न र निर्वाचनमा भएका कमी कमजोरीहरूलाई केलाएर सम्बन्धीत निकायहरूलाई सुझाव दिने कार्य गर्दै आएको छ ।

पर्यवेक्षकको छनौट गर्दा मानव अधिकारकर्मी, नागरिक समाजका स्वतन्त्र व्यक्तित्व, सञ्चारकर्मीहरूबाट समावेशी सिद्धान्तको आधारमा र भौगोलिक विविधतालाई समेत विचार गरी निर्वाचन आयोगको नीति नियमको परिधिमा रहि गरिएको थियो । निर्वाचन आयोगबाट प्रकाशित मतदाता शिक्षासम्बन्धी प्रकाशनको आधारमा मतदाता शिक्षाको प्रचार प्रसार साथै स्वच्छ निर्वाचनको लागि नागरिक अभियान नामक सञ्जालमा रहेर इओसी नेपालले स्थानीय तहको निर्वाचनमा भूमिका खेलेको थियो ।

स्थानीय तह निर्वाचनमा स्वच्छ निर्वाचनको लागि नागरिक अभियानसँग सम्बद्ध सात वटा संस्थाहरूको सहकार्य र संयोजनमा पर्यवेक्षक परिचालन साथै निर्वाचन आयोग र राष्ट्रिय मानव अधिकार आयोगसँग सहकार्य र संयोजनको सहमति भएको थियो । त्यसैगरी स्थानीय नागरिक समाजका स्वतन्त्र व्यक्तिहरु र संचारकर्मीहरूसँगको पनि सूचना समन्वय मिलाइएको थियो ।

पहिलो चरणको स्थानीय तह निर्वाचन अत्यन्त सफलतापूर्वक सम्पन्न भएको र मतदाताको उत्साहजनक सहभागिता रहेको पाइयो । रक्तपात र हिंसाका घटना हुनसक्ने अनुमानका बीच निर्वाचन सम्पन्न हुनुलाई ठूलो सफलता मान्न सकिन्छ । दोलखाको मेलुङ गाउँपालिका वडा नम्बर १ मेलुङस्थित सत्यश्वर मावि मतदान केन्द्रमा एक समूहले मतपेटिका लुट्ने क्रममा सुरक्षाकर्मीको गोलि प्रहारबाट नकुल भुजेलको मृत्यु भएको थियो । त्यसैगरी नरहरीनाथ गाउँपालिका वार्ड नं ६ का राप्रपा वार्ड अध्यक्षका उम्मेदार समेत रहेका ४५ बर्षिय धनरूप बटालाको प्रहरीले चलाएको गोली लागेर मृत्यु भएको थियो । भरतपुर महानगरपालिकाको वडा नं १९ को मतगणना जारी रहँदा मतपत्र च्यातिए पछि उक्त वडा र मतगणना गर्न बाँकी रहेको वडा नं २० को मतगणनासमेत स्थगित गरिएको थियो । वडा नं १९ मा साउन २० गते पुनः मतदान भएको थियो । यस निर्वाचनमा इओसी नेपालका १३२ पर्यवेक्षकले पर्यवेक्षण गरेका थिए ।

दोस्रो चरणको निर्वाचन अर्न्तगत प्रदेश नं. १, ५ र ७ गरी जिल्लाका ३३४ स्थानीय तहका कुल ८३६४ मतदान कार्य पनि शान्तिपूर्ण रूपमा सम्पन्न भयो । मतदान उत्साहजनक र मतदाताको व्यापक सहभागितामा सम्पन्न भएको

पाइयो । प्रादेशिक प्रतिशतको आधारमा प्रदेश न. १ मा, प्रदेश न. ५ मा र प्रदेश नं ७ मा क्रमशः ७२.४९, ७५.३४, र ७३.०५ प्रतिशत मत खस्नुले पनि यो निर्वाचन सफल मान्न सकिन्छ । इओसीका १२९ जना पर्यवेक्षकले पर्यवेक्षण गरेका थिए ।

तेस्रो चरणमा प्रदेश नं दुईका आठ जिल्लामा २०७४ असोज २ गते स्थानीय तहको निर्वाचन निकै संयमित रूपमा सम्पन्न भएको पाइयो । संवेदनशिल मानिएको २ न. प्रदेशको ८ जिल्लाका १३६ स्थानीय तहका लागि भएको निर्वाचन शान्तिपूर्ण तबरले सम्पन्न हुनुलाई ठूलो सफलता मानिएको छ । खुल्ला सिमाना, भूमिगत संगठन, विप्लव माओवादी र सीके राउतका गतिविधि तथा दलहरूका शक्ति प्रदर्शनलाई सुरक्षाका प्रमुख चुनौती मानिएको थियो । सुरक्षाका दृष्टिले धनुषामा ३२७, महोत्तरीमा १३५, सिरहामा १०९, सप्तरीमा २०७ वटा मतदान स्थल अति संवेदनशील समूहमा राखिएको बताइए पनि निर्वाचनको दिन शान्तिपूर्ण रह्यो । सप्तरी र सिरहामा सामान्य विवाद भए पनि अन्य जिल्लामा शान्ति पूर्णरूपले मतदान सम्पन्न भएको थियो । इओसीका ११६ ले प्रदेश नं २ को स्थानीय तह निर्वाचनको पर्यवेक्षण गरेका थिए ।

त्यसैगरी प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचन दुई चरणमा सँगसँगै सम्पन्न भएको छ । मंसिर १० र मंसिर २१ गते गरी दुई चरणमा भएको निर्वाचन पनि मतदाताको अत्यन्त उत्साहपूर्ण सहभागिताका साथ सम्पन्न भएको छ । प्रतिनिधि सभा र प्रदेशसभाको निर्वाचन एकै चरणमा असम्भव छ भन्ने अनुमान विपरित सफलतापूर्वक सम्पन्न भएको छ ।

तीनै तहका निर्वाचनमा आम जनताहरु विशेष गरी महिला र युवा समूहको उत्साहप्रद् सहभागिता रहेको पाइयो । निर्वाचन स्थलमा खटिएका निर्वाचन आयोगका कर्मचारीहरु, सुरक्षा निकायका कर्मचारीहको भूमिका सहृदयी र सहयोगी भएको आम मतदाताहरूले अनुभूति गरेको पाईयो । देशका केही स्थानमा भएका बम विस्फोटका घटना तथा निर्वाचनमा भाग लिने दलहरूबीच भएका झडपको घटनाले विगतका निर्वाचनहरूकै निरन्तरताको महशुस पनि गरियो । जसलाई सामान्य घटनाको रूपमा वा पाठ सिकाइको रूपमा लिन सकिन्छ । शान्ति शुरक्षाको व्यवस्था तथा निर्वाचनको तयारी र व्यवस्थापन सन्तोषजनक रहेको पाइयो । प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा प्राय सबै मतदान केन्द्रमा क्रमसंख्या नमिल्दा कर्मचारी/राजनीतिक दल तथा मतदान अधिकृतसमेत अलमल परेको पाइयो । स्थानीय तहकै मतदाता नामावलीमा पछि नाम थपिँदा स्थानीय तहमा मतदाता परिचयपत्र लिनेहरूको क्रम संख्या नमिलेको देखियो । पछि मतदाताको सूचि थपिएको अवस्थामा निर्वाचन आयोगले नयाँ क्रमसंख्याका साथै कोष्ठमा पुरानो क्रमसंख्या पनि उल्लेख गरिएको भए त्यो अलमल रहँदैनथ्यो । त्यस्तै मतदान केन्द्र बनाउँदा कतिपय अत्यन्त खुल्ला र कतै साँघुरो हुँदा गोप्यनियता कायम गर्न गाह्रो देखिन्थ्यो । साँघुरो मतदान बनाइएका ठाउँमा सडकलाई समेत घेरिएको हुँदा खासगरी अनुगमनका क्रममा सवारीसाधन आवातजावत गर्न गाह्रो परेको थियो ।

स्थानीय तह निर्वाचन तीन चरणमा र त्यसैलगत्तै प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन सम्पन्न भएर देश संविधान कार्यान्वयनका चरणमा अघि बढेको छ । नेपालको इतिहासमा संघीय संरचना अन्तर्गत भएको यो निर्वाचनपछि गणतन्त्रात्मक नेपालको कार्यान्वयनको दिशातर्फ देश अघि बढेको छ । यतिबेला स्थानीय तहको निर्वाचन र प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचन सम्पन्न भई प्रदेशहरूले आ-आफ्नो प्रदेशमा मुख्य मन्त्री पाइसकेका छन् भने साना आकारका मन्त्रीमण्डल समेत गठन हुने क्रममा छन् । त्यसैगरी राष्ट्रियसभा गठन कार्यले समेत पूर्णता पाएको अवस्था छ । यद्यपी निर्वाचनमा उठाइएका उम्मेदवारहरु, समानुपातिकका दलहरूले ल्याएका मान्छेहरु र विज्ञ समूह रहने राष्ट्रिय सभामा लगिएका व्यक्तित्वहरु बारे टिकाटिप्पणी भएका छन् । तथापी यतिबेला देश एउटा नयाँ गतिमा अघि बढेको अवस्था छ ।

दलहरूले उम्मेदवार बनाएकाहरूलाई हामीले नै मत दिएर जिताइ सकेका छौँ, त्यसैले टिकाटिप्पणीमै समय बर्बाद् गर्नु भन्दा जनप्रतिनिधिहरूलाई खबरदारी गर्नु हामी जनताको पनि कर्तव्य हो । आफ्नो प्रदेश भित्रका स्रोतसाधनको पहिचान र परिचालन गरी आफ्नो क्षेत्रलाई अब्बल बनाउने अवसर पनि हो । हामी जनताको क्रियाशिलता र अग्रसरताले पनि प्रतिनिधिहरूलाई जनताका काम गर्न बाध्य पार्ने हुँदा आ-आफ्नो ठाउँबाट सक्रिय रहन चुक्न हुँदैन । देश बनाउने जिम्मा जनप्रतिनिधि र हामी जनताको बराबर हो । त्यसैले सबै काम अरू कसैले गरिदिओस् भन्दा पनि सहकार्य र समन्वय गर्दै देश निर्माणमा हामी सबै आ-आफ्नो ठाउँबाट जुट्न जरूरी छ ।

# निर्वाचन र नियति



बद्रीप्रसाद सिवाकोटी
के.स. इओसी नेपाल

नेपालमा निर्वाचन आयोगको स्थापनादेखि नै निर्वाचनका विभिन्न विधि र प्रणालीको प्रयोग हुँदै आएको छ । त्यसैले आयोगलाई निर्वाचन गर्नमा अनुभवको कमी छ भन्न सकिन्न । संस्थागत रूपमा आन्तरिक संयन्त्रको व्यवस्थापन मिलाउन त्यति कठीन भएन । कर्मचारीको खटनपटन गर्न र सरकारको सहयोग जुटाउने सवालमा बेलाबखत विवादका समाचार आउनु स्वभाविक ठानियो । खास गरेर आयुक्तहरूको नियुक्तीमा राजनीनिक भाग बण्डा र कर्मचारी युनियनको बैचारिक झमेलाको कारण आयोग विवादमा पर्ने खतरा जहाँसुकै रहन्छ । स्वच्छ, निश्पक्ष र भयरहित स्वतन्त्र निर्वाचन गराउने संवैधानिक अंगको सबैले विस्वास गर्न लायक हुनुपर्छ भन्ने सर्वमान्य सिद्धान्त हो । नेपालमा नयाँ संविधान २०७२ को कार्यान्वयनको प्रमुख विषय मानिएको संघीय निर्वाचन सम्पन्न भइसकेको छ । स्थानीय तह, प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन र नियतिलाई नजिकबाट विश्लेषण गर्न थालिएको छ ।

स्थानीय तहको निर्वाचनको तुलनामा प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचनमा केहि सुधारका लक्षण देखिएका हुन् । स्थानीय तहमा दोलखामा एकजना भिडन्तको क्रममा अर्का एक जना प्रहरीको गोलीबाट मारिएका थिए । तर प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा त्यस्ता खालका घटनाहरु भएनन । बम आतंकका बीचमा पनि निर्वाचन सम्पन्न भयो । बृहद् जनसहभागितामा शान्तिपूर्ण सम्पन्न भएको समाचार पढ्न पाइएकै हो । एकै वर्षमा स्थानीय, प्रदेश, प्रतिनिधि र राष्ट्रियसभाको चुनाव गर्न सफल निर्वाचन आयोगको कामलाई प्रशंसा गर्नुपर्छ ।

चुनावलाई प्रभाव पार्न विप्लव समूहका तर्फबाट बम विस्फोट गराउने जस्ता घटनाहरु भए । तीन चरणको निर्वाचनलाई नजिकबाट हेर्दा बढी घटना काठमाडौँमा नै भए । काठमाडौँमा टाँसेका जस्ता चुनावी पोष्टर बाहिर जिल्लाहरूमा कम देखिए । मतदातालाई प्रभावित पार्ने त्यस्ता हर्कत पनि बाहिर भए । निर्वाचनमा धेरै गाडीको प्रयोग गर्ने, भोज खुवाएर मतदाता आफ्नो पक्षमा पार्नेजस्ता काम पनि भए । राज्यले चुनावको घोषणा गर्न ढिलो गरेकोमा सर्वत्र आलोचना पनि भयो । प्रचारका क्रममा विभिन्न बहानामा भोजहरु लगाइएका थिए । कसैको श्राद्ध, कसैको जन्म वा उत्सवको बहानामा भोजभतेरमा खर्च गरी मतदाता आफ्नो पक्षमा पार्ने नियति नै बन्यो । युवाहरु पुरानो पार्टीमा भन्दा नयाँ पार्टीमा आकर्षित हुँदै गएका छन् । मौन अवधीलाई 'मनी अवधी' बनाउने काम भयो । पैसा र सामानमा मत खरिद गर्ने तथा शहरबाट बस रिजर्भ गरेर मतदाता ओसार्ने काममा ठूलो धनरासी खर्च गर्ने प्रवृतिको प्रतिस्पर्धा भयो ।

राजनीतिक दलहरूका यस्ता क्रियाकलापलाई निर्वाचन आयोगले कडाईका साथ रोक्न सकेन । पूर्णरूपमा आचारसंहिता पालना भएन । चाहिने भन्दा बढि तडकभडकका साथ धेरै महँगो खालको चुनाव भयो । निर्वाचन आयोगले दिएको भनिएको मतदाता शिक्षामा ठूलो कमीकमजोरी देखियो । मतदानको समयमा मत कता खसाल्ने भनेर मतदाता अलमलमा परेको देखियो । चुनाव प्रचार शैलीमा डिजे राख्ने चलन चल्यो, यो अत्यन्त महँगो थियो । किनभने आचारसंहिता छल्ने र कानुनमा छिद्र खोजि बच्ने नियतले एक दिनको एक कार्यक्रमको रू. ८ लाखसम्मको नगदमा डिजेहरु ल्याई

नाचगान गराउने चलन निर्वाचन प्रचारको लागि आवश्यक थिएन । यसलाई फेशनको रूपमा चुनावमा प्रयोग गरिनाले चुनावको प्रचारशैली आमरूपमा फैलिने र खर्च बढाउने खतरा रहन्छ । डिजे कार्यक्रममा टाँगेको तोरणको कपडा र गरिबले लगाउन नपाएको अवस्था हेर्दा लाखौँ मिटर कपडाको दुरूपयोग देखेर खुशी हुनुपर्ने ठाउँ थिएन । यसलाई राजनीतिक दल वा उम्मेदवारले आचारसंहिता विपरितको विषय हो भनेर स्वीकारेको पाइएन । सांसद वा सभासद् भएपछि मन्त्री होइन्छ, मन्त्री भएपछि कालो सेतो कमिशन खान पाइन्छ, आफन्तलाई वा तस्करलाई ठेक्का पार्न सकिन्छ अनि त्यसबाट चुनावको खर्च उठाइन्छ भन्ने आशामा र भरोसामा कालो-सेतो धनको लगानी गरी चुनाव जित्ने र पछि मन्त्री बनेर भष्ट्रचार गरी धन कमाउने नियति बन्यो भने देश र जनताले पाउने के हो ? आमरूपमा उठाइने सवाल भनेको यहि हो । यसलाई सम्बोधन गर्न सक्नु अबको चुनौती हो ।

## समावेशी सिद्धान्तः पहुँच र प्रतिनिधित्व

उमेरको हिसाबले समूहगत रूपमा २५ देखि ४० बर्ष समूहका १८.७९ प्रतिशत, ४१ देखि ६० बर्ष समूहका ६९.०९ प्रतिशत र ६१ बर्षमाथि १२.१२ प्रतिशतको सहभागिता छ । लैगिक हिसाबले प्रतिनिधि सभा सदस्यमा महिलाको संख्या ६ जना मात्र छ भने प्रदेशसभा सदस्यमा १७ जना विजयी भए । १६५ जनाको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा पुरूषको संख्या ९६.४ प्रतिशत र महिलाको संख्या ३.६ प्रतिशत देखियो । ३३० जनाको प्रदेशसभा सदस्यमा पुरूषको संख्या ८४.८५ प्रतिशत र महिला ५.१५ प्रतिशत हुँदा प्रतिनिधिसभा सदस्यमा युवाको उपस्थिति ८.४८ र प्रदेशसभा सदस्यमा १८.७९ प्रतिशत युवाको उपस्थिति हुने भयो ।

मंसिर १० गते पहिलो चरणमा भएको निर्वाचनको लागि उम्मेदवारी दिएका ८ सय २ जना उम्मेदवारमा ४२ जना मात्र महिला थिए । प्रतिनिधि सभा सदस्यका ३७ सिटमा १८ जना महिलाको उम्मेदवारी परेकोमा नेपाली काँग्रेस २ र नेकपा माओवादी केन्द्रले १ जना मात्र उम्मेदवार उठाएका थिए । अर्को ठूला दल एमालेले एउटापनि महिला उम्मेदवार उठाएको थिएन । प्रदेशसभा सदस्यको ७४ सिटका लागि २४ महिला उम्मेदवार रहेकोमा नेपाली काँग्रेस र एमालेबाट दुई दुई जना र नेकपा माओवादी केन्द्रबाट ३ जना महिला उम्मेदवार उठाएका थिए । यसले महिला प्रतिनिधित्वको सवालमा प्रमुख दलहरू नै अनुदार रहेको देखाउँछ ।

कुल जनसंख्याको ५१ प्रतिशत महिला र ४१ प्रतिशत युवा रहेको मुलुकमा निर्णायक तहमा महिला र युवाको उपस्थिति न्यून छ । यो उपस्थिति अत्यन्त निराशाजनक हो । जुन वर्गको संख्या धेरै छ, त्यही वर्गको प्रतितिधित्व कम हुनु भनेको दुःखदायी विषय हो । नातावाद, पैसावाद, र डनवादको पहुँचले समावेशी सिद्धान्तको अवधारणालाई उपेक्षा गरिएको छ । यसको लागि अब नीतिमै सुधार गर्नु पर्छ ।

आगामी दिनमा जानीजानी आचरसंहिता विपरित काम गर्ने पार्टी र उम्मेदवारलाई निर्वाचित भएपछि पनि निर्वाचन बदर हुने गरी कडा कानुनी व्यवस्था गरिनु जरूरी छ । 'राजनीतिमा पनि महात्मा गान्धीको जस्तो रोलमोडेल भएर काम गर्ने नेताको कदर र सम्मानको व्यवस्था आवश्यक छ' पनि भनेका छन् । कतिपय भने यस्ता गतिविधि रोक्न राज्यले नै सुधार गर्ने, स्थानीय तहमा चेतना अभिबृद्धि, नागरिक समाजमा जागरण ल्याउने काममा आफ्नो भूमिका देखाउन आवश्यक छ । निर्वाचनका खराब पक्षहरूलाई रोक्न नीतिमा सुधार गर्दै जानु पर्छ । मतदानको मुखैमा आएर मतदाता शिक्षा दिएर हुँदैन । मतदाता शिक्षा निर्वाचनपछि निरन्तर प्रक्रियामा हुनुपर्छ । निर्वाचनसम्बन्धी नाागरिक शिक्षा आवश्यक छ । मतदाता शिक्षा र नागरिक शिक्षा पाठ्यक्रममा राखिनु पर्छ । मतदाता नामावली अपडेट गरेझैँ मतदाता शिक्षा पनि सधैँभरि अपडेट गरिराख्नु पर्छ । निर्वाचन आयोगलेनै निर्वाचनको घोषणा गर्नुपर्छ । निर्वाचन आयोगलाई शक्ति सम्पन्न बनाइनु पर्छ । आयोगलाई दल वा पार्टीको छाँयामा पर्न दिनु हुँदैन ।

अस्तु

# परिच्छेद - १
# स्थानीय तह निर्वाचन २०७४

### १.१ स्थानीय तह निर्वाचनको पृष्ठभूमि

२०७४ अगाडि २०५४ साल जेठ ४ र १३ गते दुई चरणमा स्थानीय निकायको निर्वाचन भएको थियो। जसको अवधि ५ वर्ष तोकिएको थियो। त्यसबेला ५८ नगरपालिका, ७५ जिल्ला विकास समिति र ३ हजार ९ सय १५ गाउँ विकास समितिमा निर्वाचनमार्फत जनप्रतिनिधि छानिएका थिए। २०५४ मा चुनिएका स्थानीय जनप्रतिनिधिको पदावधि २०५९ असार मसान्तमा सकिएपछि स्थानीय निकाय कर्मचारीको भरमा चल्दै आएका थिए। नगरपालिका कार्यकारी प्रमुख र गाविस सचिवको भरमा चलेका थिए।

२०६० मा निर्वाचन हुनु पर्ने भएपनि आन्तरिक गृहयुद्धका कारण सो समयमा निर्वाचन हुन सकेन। निर्वाचन मिति सर्दै आयो। तत्कालिन सूर्यबहादुर थापा नेतृत्वको सरकारले जिविसमा सभापति र उपसभापति एवम् नगरपालिकामा मेयर र उपमेयरसहितको संगठन संरचना तयार गरी पदाधिकारी मनोनीत गरी सञ्चालन प्रयास गरेको थियो। तर यसले पनि काम नगरेपछि तत्कालीन राजा ज्ञानेन्द्र शाहले २०६२ मंसिर २८ गते नगरपालिकाको निर्वाचन गराएका थिए। तर प्रमुख राजनैतिक दलहरूद्वारा निर्वाचन बहिष्कार गरेका कारण निर्वाचनमा जनताको झिनो उपस्थितिका साथै न्यून मतदान भयो। सो निर्वाचनमा कांग्रेस, एमाले लगायत प्रमुख दल सहभागी नभएकाले हैसियतविहीन बन्यो।

त्यसयता हरेक वर्ष सरकारले निर्वाचन गर्ने उद्घोष गरे पनि मिति भने घोषणा हुन सकेको थिएन। स्थानीय निकाय जनप्रतिनिधिविहीन हुँदा व्यापक भ्रष्टाचार बढेको र तल्लो तहको विकास निर्माणसमेत ठप्प हुँदै आएको थियो। लामो समय निर्वाचन नहुँदा तल्लो तहका जनताले स्थानीय जनप्रतिनिधि छान्ने अवसरको उपभोग गर्न पाएका थिएनन्।

नेपालको संविधान २०७२ लागू भएपछि राष्ट्रिय स्तरीय, प्रदेश स्तरीय र स्थानीय गरी ३ स्तरीय शासन प्रणालीको आरम्भ गरिएको हो। संविधान अनुरुप स्थानीय तह कार्यान्वयन गर्नका निमित्त नेपाल सरकारले बालानन्द पौडेलको अध्यक्षतामा स्थानीय निकाय पुनर्संरचना आयोगको गठन गरेको थियो। सो आयोगले ७१९ वटा स्थानीय तहको अवधारणा सरकारसमक्ष प्रस्तुत गरेको थियो जसलाई पछि सरकारले थपेर गरेर ७५३ बनायो।

नेपालको संविधानको धारा ५६ (१) ले संघ, प्रदेश र स्थानीय तह गरी ३ तहको राज्यको मूल संरचना रहने व्यवस्था गरी सोही धाराको उपधारा (४) र (५) ले स्थानीय तहतर्फ गाउँपालिका र नगरपालिका रहने व्यवस्था गरेको छ। विसं २०७३ सालमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह लागू गरेको थियो। तर, यसमा राजनीतिक दलहरू बीच सहमति हुन नसकेपछि सरकारले २०७४ जेष्ठ १२ गते तराईका १६ जिल्लामा स्थानीय तहको संख्या र सीमा हेरफेर तथा स्तरोन्नति गरी स्थानीय तहको संख्या ७ सय ४४ बाट बढाएर ७ सय ६६ पुऱ्याएको थियो। स्थानीय तहको संख्या बढाइएको निर्णयमाथि अधिवक्ता धनबहादुर श्रेष्ठ र कृष्णचन्द झाले स्थानीय तहको संख्या बढाउन नपाउने भन्दै सर्वोच्च अदालतमा दायर गरेको रिट हाले। सर्वोच्चका न्यायधीश ईश्वरप्रसाद खतिवडा र सपना प्रधान मल्लको संयुक्त इजलासले स्थानीय तहको संख्या नथप्न अन्तरिम आदेश जारी गरेको थियो। विसं २०७४ साउन २६ गते सर्वोच्चका प्रधान न्यायाधीश गोपाल पराजुली र न्यायाधीश पुरुषोत्तम भण्डारीको इजलासले स्थानीय तहको संख्या हेरफेर गर्न नपाउने निर्णयलाई उल्टाएको थियो। जसको फलस्वरूप सरकारले वि.सं २०७४ साउन २८ गते स्थानीय तहको संख्या ७५३ कायम गऱ्यो।

स्थानीय तहको संख्या पटक पटक हेरफेर हुँदै स्थानीय तह ७ सय ५३ कायम गरियो। यससँगै ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २ सय ७६ नगरपालिका र ४ सय ६० गाउँपालिका कायम भएसँगै देशभरको स्थानीय तहको संख्या ३७ हजार २० रहेका छन्। ७५३ स्थानीय तहका लागि २०७४ साल भित्रै तीन चरणमा (वैशाख ३१, असार १४

र २ असोज) मा निर्वाचन सम्पन्न भएको छ। निर्वाचनकै तयारीकै क्रममा नवलपरासी र रुकुम जिल्ला टुक्रयाएर ७७ जिल्ला बनाइएको थियो। संविधानमा व्यवस्था भए अनुसार ३७ हजार २० प्रतिनिधि निर्वाचित हुनुपर्नेमा कतिपय ठाउँमा राजनीतिक दलहरूले उम्मेदवार नउठाउँदा निर्वाचन परिणाम अनुसार तीन चरणमा गरेर देशभर जम्मा ३५ हजार ४१ जनप्रतिनिधि चुनिएका छन्। संविधानले प्रत्येक वडा सदस्यमा दलित महिला अनिवार्य गरेको भएपनि कतिपय वडामा उक्त पद रिक्त रहेको छ। त्यसैगरी सोलुखुम्बुको नेचा सल्यान गाउँपालिकाको वडा नम्बर ६ तिङ्लाका स्थानीयले स्थानीय तह विभाजनमा असन्तुष्टि जनाउँदै जनताले निर्वाचन बहिष्कार गरेका कारण उक्त वडामा मतदान हुन सकेन।

लोकतन्त्रको जग मानिने स्थानीय शासन सञ्चालनका लागि झन्डै दुई दशकपछि स्थानीय जनप्रतिनिधि चुन्न चुनाव भएको हो। संविधान कार्यान्वयनका लागि २०७४ माघ ७ भित्र तीनवटै चरणको निर्वाचन गराइसक्नुपर्ने संवैधानिक बाध्यताका कारण दलहरू बीच सहमति जुटेको हो। प्रमुख राजनीतिक दलमा समझदारीपछि फागुन ८ गते साँझ तेस्रोपटक बसेको मन्त्रिपरिषद् बैठकले स्थानीय तहको निर्वाचन मिति तोकेको हो। निर्वाचन घोषणाअघि सरकारले प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवसहित निर्वाचन आयोगका पदाधिकारीसँग परामर्श गरेको थियो। निर्वाचन घोषणाका लागि एकैदिन तीनपटक मन्त्रिपरिषद्को बैठक बसेको थियो।

नयाँ संविधान अनुसार स्थानीय निकाय नभई स्थानीय तहको निर्वाचन गर्नुपर्ने प्रावधान रहेको थियो। यसअघि निर्वाचन आयोगले २०७४ जेठ १ र २१ गते गरी दुई चरणमा निर्वाचन गर्न प्रस्ताव गरेको थियो तर सत्तारुढ दल नेपाली कांग्रेसले अस्वीकार गरेको थियो। एकै चरणमा चुनाव हुनुपर्ने कांग्रेस अडानपछि वैशाख ३१ लाई समझदारी जुटेको थियो। सो बैठकले निर्वाचन तयारीका लागि निर्वाचन आयोगलाई तत्काल १० अर्ब २८ करोड ६३ लाख ६७ हजार ७ सय ७५ रुपैयाँ उपलब्ध गराउने निर्णयसमेत लिएको थियो।

संविधानमा असन्तुष्ट संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले भने आफ्ना माग पूरा नगरी चुनाव हुन नदिने बताउँदै आएको थियो। उसले परिमार्जनसहितको संविधान संशोधन विधेयक पारित नगरी चुनाव हुन नदिने भन्दै आन्दोलनका कार्यक्रमसमेत सार्वजनिक गरेको थियो। नेताहरू राजधानी बसेर स्थानीय निर्वाचनप्रति असहमति जनाउँदै गर्दा जनता भने मतदानका लागि आतुर थिए। निर्वाचन अपेक्षा गरिए भन्दा शान्तिपूर्ण हुनु र तराईका जिल्लामा ७७ प्रतिशत मतदान हुनुले पनि जनता नेताहरूको बहकाउमा होइन जनप्रतिनिधि चुन्न आतुर रहेको देखिन्थ्यो।

अन्यौल र आशंकाका बीच पनि निर्वाचन सम्पन्न भएको थियो। स्थानीय तहको निर्वाच सम्पन्न भएसँगै जनताले सिंहदरबारमा केन्द्रीत अधिकारहरू आफ्नो गाउँठाउँमै पाएका छन्। आफ्नो क्षेत्रलाई अब्बल बनाउने अवसर पाएका छन्।

## १.२ स्थानीय तह निर्वाचनको घोषणा सन्दर्भ :

नेपालमा २० वर्षपछि २०७४ वैशाख ३१ का लागि नयाँ संविधानअनुसार स्थानीय तहको निर्वाचनको मिति घोषणा भयो। मिति घोषणा भएपछि पनि मधेशवादी दल तथा केही अन्य दलहरू निर्वाचनमा सहभागी नहुने भएपछि सरकारले उनीहरूलाई वार्ताको माध्यमबाट निर्वाचनमा ल्याउन चरण चरणमा निर्वाचन गर्ने घोषणा गर्‍यो। वैशाख ३१ मा ३ प्रदेशको र ४ प्रदेशको लागि जेठ ३१ गतेलाई मिति तोकियो तर मुस्लिस समुदायको रमजान पर्व परेकाले पुन: मिति सारेर असार १४ का लागि मिति तोक्यो। सरकारको मधेसवादी दलहरूसँगको वार्ताबाट समस्याको समाधान हुन नसकेपछि सरकारले दोस्रोचरणको निर्वाचनमा ३ प्रदेशको मात्र गर्ने र प्रदेश नं २ को निर्वाचन भने असोज २ मा गर्न मिति तोकियो।

स्थानीय तहको तीन चरणको निर्वाचन दुई प्रधानमन्त्रीबाट भएको छ। पहिलो चरणको निर्वाचन गराउने बेला नेकपा(माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री थिए। दोस्रो र तेस्रो चरणको निर्वाचन नेपाली कांग्रेसका सभापति तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा भएको छ। कांग्रेस-माओवादीको सत्तासाझेदारीको सहमतिअनुसार पहिलो चरणको निर्वाचन सम्पन्न गराएर दाहालले करिब १० महिनापछि जेठ १० गते राजीनामा दिएका थिए। सोही गठबन्धनबाट देउवा जेठ २३ गते प्रधानमन्त्री भएका हुन्। तीनै चरणका निर्वाचनहरू शान्तिपूर्ण र व्यापक जनसहभागितामा सम्पन्न भएको छ। तेस्रो चरणको निर्वाचनसम्पन्न भएसँगै स्थानीय तहमा जनप्रतिनिधिहरू निर्वाचित भएका छन्।

नेपालीका लागि आसन्न स्थानीय निर्वाचन लोकतन्त्र बहालीपछिको पहिलो हो भने २०४७ सालको संविधानअन्तर्गत यसअघि २०४९ सालमा र २०५४ सालमा सम्पन्न भएको समेत गर्दा यसपटकको निर्वाचन तेस्रो पटक हो। देशमा

लोकतन्त्र बहाली भएको १० वर्ष पुग्दैछ। यसरी २० वर्षमा हुन गइरहेको कारणबाट मात्र नभएर संघीय संरचनाअन्तर्गत कोरिएको खाकाअनुरूप तय भएका संघ, प्रान्त र संसद्का लागि पनि स्थानीय तह निर्वाचन अपरिहार्य सँगै चुनौती पनि उत्तिकै रहेको थियो।

निर्वाचनको मिति घोषणा भएपनि संक्रमणपूर्ण राजनीतिक अवस्थाका कारण निर्वाचन हुन्छ भन्नेमा कोही विश्वस्त हुन सकेको अवस्था थिएन। राजनीतिक वृत्तमा यो निर्वाचन हुने हो होइन भन्ने आशंका प्रवल थियो। दलहरूले आ-आफ्नो उम्मेदवारी चयन गरिसक्दा पनि निर्वाचन हुन्छ भन्नेमा विश्वस्त हुन सक्ने स्थिति थिएन। यसैबीच वैशाखको पछिल्लो साता पछिबाट भने जनता विश्वस्त हुँदै गए। जब दलहरू प्रचारप्रसारमा निस्किए तब मात्र जनतामा निर्वाचन हुन सक्दैन भन्ने आशंका कम भएको थियो। निर्वाचनको घोषणासँगै राजनीतिक दल तथा जनतामा आशंका र उत्साह दुवै देखियो।

पहिलो चरण अन्तर्गत ३ प्रदेशको ३४ जिल्लाका २८३ स्थानमा निर्वाचन भएको थियो। ३२ जिल्ला, ४ महानगर, १ उपमहानगर, ९३ नगरपालिका, १८४ गाउँपालिका र २६०६ वडाबाट १३ हजार ११४ प्रतिनिधि चयन भएका थिए।

दोस्रो चरणमा प्रदेश नं. १, ५ र ७ को ३५ जिल्लाका, ३३४ स्थानीय तहमा ३६४ मतदान केन्द्रमा निर्वाचन सम्पन्न भएको थियो। १ महानगरपालिका, ७ उपमहानगरपालिका, १११ नगरपालिका, २१५ गाउँपालिका गरी १५ हजार ३८ जनप्रतिनिधिका लागि निर्वाचन भएको थियो। यसका लागि ६२ हजार ४ सय ८ जना प्रतिस्पर्धी थिए। त्यसमा यसअघि नै ४१ जनप्रतिनिधि निर्विरोध भैसकेका थिए।

तेस्रो चरणमा प्रदेश नं २ मा एक महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिकाका लागि निर्वाचन भएको थियो। १ सय ३६ वटा स्थानीय तहका ६ हजार ६ सय २७ पदका लागि निर्वाचन भएको थियो। २६ लाख ६४ हजार ९५० मतदाता रहेको उक्त प्रदेशमा २१६६ मतदान स्थल रहेको थियो भने मतदान केन्द्र ३५७८ रहेको थियो।

निर्वाचनका दृष्टिले प्रदेश नं २ लाई सबैले कौतुलकताका साथ हेरेको अवस्था थियो। तराईका धेरै क्षेत्र भारतीय सीमासँग जोडिएका हुँदा निर्वाचन नहुने र भए पनि रक्तपातपूर्ण हुने आशंका गरिएका थिए। तराईमा पटकपटक हिंसाका घटनाहरू भएका कारण र कतिपय मधेसवादी दलहरूले निर्वाचनलाई स्वीकार नगरिरहेको अवस्था र धेरै जसो नेपाली सीमा भारतसँग जोडिएको हुँदा निर्वाचन हुन्छ र शान्तिपूर्ण रुपमा सम्पन्न हुन्छ भन्ने धेरैको आशंका थियो। त्यसैले सुरक्षा संवेदनशिलता हेरेर सुरक्षा व्यवस्था पनि कडा पारिएको थियो।

२९५ वटा मतदान स्थल मध्ये सुरक्षाका दृष्टिले २ सय ७ मतदानस्थल अति संवेदनशिल क्षेत्रमा परेका थिए। भारतीय सीमा क्षेत्रसँग जोडिएका र केही नगरपालिकाका केही मतदान स्थललाई अति संवेदनशिल क्षेत्रभित्र राखिएको थियो।

सप्तरीका प्रमुख जिल्ला अधिकारी भागिरथ पाण्डेका अनुसार भारत तथा नेपालका सीमा सुरक्षा पदाधिकारीहरूको बैठकले नेपाल-भारत सिमा नाका ७२ घण्टा बन्द गरिएको थियो। उक्त अवधिमा सवारी साधन र पैदल यात्रुहरूलाई आवातजावतमा रोक लगाइएको थियो। आशंका र शंसयका बीच २ नं प्रदेशको निर्वाचन भव्य रुपमा सफल भएको छ। २ नं प्रदेशमा खसेको मत हेर्दा पहिलो र दोस्रो चरणको निर्वाचनको तुलनामा अत्यन्त सफल रहेको मान्न सकिन्छ।

## १.३ स्थानीय तह निर्वाचन प्रणाली

स्थानीय तह निर्वाचन, २०७४ मा नेपालका ४ महानगरपालिका, १३ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकामा तीन चरणमा मिति २०७४ बैशाख ३१, २०७४ असार १४ र २०७४ असोज २ मा भएको हो। नेपालको संविधान २०७२ लागू भएपश्चात सम्पन्न भएको यो पहिलो स्थानीय तहको निर्वाचन थियो। संविधान कार्यान्वयनका क्रममा पहिलो चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भयो।

स्थानीय निकायमा एउटा अध्यक्ष वा मेयर र एउटा उपाध्यक्ष वा उपमेयर रहने व्यवस्था गरिएको थियो। यस बाहेक स्थानीय निकायलाई वडामा विभाजन गरिएको थियो जसमा एउटा वडा अध्यक्ष र ४ सदस्य रहने व्यवस्था गरिएको थियो। सम्पूर्ण पदहरूको अवधि ५ वर्षको लागि तोकिएको थियो। प्रत्यक्ष रुपमा निर्वाचन व्यवस्था भएको हुनाले सबैभन्दा

बढी मत प्राप्त गर्ने उम्मेदवार विजय घोषित गरिने व्यवस्था रहेको थियो।

| | | |
|---|---|---|
| महानगरपालिका | - | एक मेयर, एक उपमेयर, एक वडा अध्यक्ष र ४ वडा सदस्य |
| उप महानगरपालिका | - | एक मेयर, एक उपमेयर, एक वडा अध्यक्ष र ४ वडा सदस्य |
| नगरपालिका | - | एक मेयर, एक उपमेयर, एक वडा अध्यक्ष र ४ वडा सदस्य |
| गाउँपालिका | - | एक अध्यक्ष, एक उपाध्यक्ष, एक वडा अध्यक्ष र ४ वडा सदस्य |

वडा संख्या भने जनसंख्या र भूगोलका आधारमा तय गरिएको थियो।

## १.४ स्थानीय तह निर्वाचनमा महिला सम्बन्धी व्यवस्था

नेपालको संविधान २०७२ को धारा ३८(४) ले राज्यका सबै तहमा महिलाको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेको छ। निर्वाचन आयोगले मनोनयन गरिएका सिटमध्ये ४०.४५ महिलाको लागि छुट्याउनुपर्ने व्यवस्था गरेको थियो। प्रमुख/उपप्रमुख वा अध्यक्ष/उपाध्यक्ष दुवै पदमा उम्मेदवारी दिने राजनीतिक दलले तीमध्ये एक पदमा अनिवार्य महिलालाई उम्मेदवार बनाउनुपर्ने कानुनी प्रावधान भएका कारण स्थानीय तह निर्वाचनमा १३ हजार ३ सय ६० महिला निर्वाचत हुने निर्वाचन आयोगले जनाएको थियो। स्थानीय तह निर्वाचन ऐन २०७३ ले पनि राजनीतिक दलहरूले उम्मेदवारी मनोनयन गराउँदा नगरप्रमुख वा अध्यक्ष, उपप्रमुख वा उपाध्यक्षमध्ये ५० प्रतिशत महिला उम्मेदवार हुनुपर्ने व्यवस्था गरेको थियो। त्यस्तै, वडा सदस्य पदका लागि ४० प्रतिशत महिला उम्मेदवार हुनैपर्ने व्यवस्था गरेको थियो। ४ सदस्यहरू मध्ये अनिवार्य रुपमा २ महिला हुनुपर्ने र एकजना दलित महिला हुनुपर्ने व्यवस्थाबाट उक्त अपेक्षा गरिएको थियो तर कतिपय ठाउँमा दलित महिला उम्मेदवार नहुँदा अपेक्षा गरिए अनुसारको संख्यामा कमि आएको छ। कुल १४,३५२ महिलाहरू स्थानीय तहमा निर्वाचित भएका छन्। महिलाहरूले मेयर र अध्यक्षको सट्टा उपमेयर र उपाध्यक्षको सिट जितेका छन्।

## १.५ निर्वाचन खर्च र निर्वाचन आचारसंहिता

निर्वाचनका बेला उम्मेदवारलाई निर्वाचन आयोग ऐन २०७३ को दफा २४ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ ले निर्वाचन खर्चको सीमा निर्धारण गरेको छ। त्यसलाई व्यवस्थित र पारदर्शी बनाउन निर्वाचन आचारसंहिता, २०७२ मा निर्वाचन खर्चसम्बन्धी आचारको व्यवस्था गरिएको थियो। महानगरपालिका प्रमुख र उपप्रमुखले बढीमा ७ लाख ५० हजार रुपियाँसम्म खर्च गर्न पाउँछन्। त्यस्तै महानगरपालिकाका वडा अध्यक्ष, सदस्य, महिला र दलित वा अल्पसंख्यक सदस्यले ३ लाख रुपियाँ खर्च गर्न सक्ने हद तोकिएको थियो।

त्यस्तै उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखका उम्मेदवारले ५ लाख ५० हजार, वडा सदस्य, महिला, दलित वा अल्पसंख्यक सदस्यका उम्मेदवारले २ लाख ५० हजार खर्च गर्न पाउने व्यवस्था थियो।

नगरपालिका प्रमुख र उपप्रमुखका उम्मेदवारले ४ लाख ५० हजार, वडा अध्यक्ष, सदस्य, महिला र दलित वा अल्पसंख्यक सदस्यले २ लाखसम्म र गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षका उम्मेदवारले निर्वाचनमा ३ लाख ५० हजार र वडा अध्यक्ष, वडा सदस्य महिला र दलित वा अल्पसंख्यक सदस्यले १ लाख ५० हजार खर्च गर्न सक्ने व्यवस्था थियो। स्थानीय निकायको निर्वाचन गर्नका लागि मन्त्रिपरिषदले निर्वाचन आयोगलाई १० अर्ब २८ करोड ६३ लाख ७६ हजार ७७५ रुपैयाँ छुट्याएको थियो। निर्वाचन आयोगले आचारसंहितामै सीमा तोकेको भए पनि सीमा भन्दा बढी खर्च नगर्ने उम्मेदवार शायदै थिएनन्। निर्वाचनका क्रममा उम्मेदवारले देखिनेभन्दा नदेखिने गरी खर्च गरेको देखिन्छ। निर्वाचन आचारसंहिता अनुसार निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने दायित्व भएको राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र आयोगले तोकेको ढाँचामा खर्चको बिल भर्पाईसहित आयोगले तोकेको कार्यालयमा निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने व्यवस्था रहको छ।

## १.६ स्थानीय तह निर्वाचनका महत्वपूर्ण तथ्यहरू

**स्थानीय तह निर्वाचन (पहिलो चरण) :**

प्रदेश नं ३, ४ र ६ अन्तर्गतका ३४ जिल्लाका २८३ स्थानीय तहमा पहिलो चरणमा वैशाख ३१ गते निर्वाचन सम्पन्न भएको हो। १३ हजार ५५६ जनप्रतिनिधि छनौटका लागि झण्डै ५० हजार उम्मेदवार चुनावी मैदानमा थिए। निर्वाचनमा नेपाली सेनासहित ८५ हजार सुरक्षाकर्मी खटिएका थिए। नेपाली सेना ३१ हजार, नेपाल प्रहरी २२ हजार

६९५, सशस्त्र प्रहरी १७ हजार ३५६, राष्ट्रिय अनुसन्धान विभागका ३८३ र म्यादी प्रहरी २४ हजार ७७७ जना निर्वाचनका लागि परिचालन भएका थिए। पहिलो चरणमा ७१ प्रतिशत मतदान भएको निर्वाचन आयोगले जनाएको छ।

**दोस्रो चरणको निर्वाचन**

दोस्रो चरणमा ७३.६९ प्रतिशत मत खसेको आयोगले जानकारी दिएको थियो। प्रदेश नम्बर १, ५ र ७ का ३ सय ३४ गाउँपालिका/नगरपालिकाको नेतृत्व चयनका लागि असार १४ गते निर्वाचन सम्पन्न भएको थियो। तीन प्रदेशका ३५ जिल्लाका १ महानगरपालिका, ७ उपमहानगर, १ सय ११ नगरपालिका र २ सय १५ गाउँपालिकामा निर्वाचन भएको थियो। उक्त निर्वाचनका लागि ६४ लाख ३२ हजार ७ सय ६५ मतदाताका लागि ८ हजार ३ सय ६४ मतदान केन्द्र निर्धारण गरिएको थियो। उक्त तीन प्रदेशमा ६४ लाख ३२ हजार सात सय ६५ मतदाता रहेका थिए। १५ हजार ३८ पदका लागि ६२ हजार ४ सय ८ जना चुनावी प्रतिस्पर्धामा थिए।

**तेस्रो चरणको निर्वाचन**

प्रदेश २ मा १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी १३६ स्थानीय तहका लागि असोज २ मा निर्वाचन भएको थियो। जसमा ७७ प्रतिशत मतदान भएको छ। निर्वाचनबाट ६ हजार ६ सय २७ जना प्रतिनिधि निर्वाचित भएका थिए। चुनावमा ६६ सय २७ पदका लागि ३७ हजार २ सय ३६ उम्मेदवार प्रतिस्पर्धामा रहेका थिए। उक्त क्षेत्रमा कुल मतदाता २६, ६४, ९५० रहेका थिए। निर्वाचन गराउन २ हजार १ सय ६६ मतदानस्थल र ३ हजार ५ सय ७८ मतदान केन्द्र तोकिएका थिए भने मतदान कार्यमा सुरक्षाकर्मीबाहेक ३१ हजार ५ सय कर्मचारी परिचालित गरिएको थियो।

**मत सर्वेक्षण**

स्थानीय तह निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी(एमाले) पहिलो स्थानमा, दोस्रो स्थानमा नेपाली कांग्रेस र तेस्रो स्थानमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) रहेको छ। समग्रमा ७१ प्रतिशत मत खसेको छ भने निर्वाचनप्रति असहमति जनाउँदै आएका मधेस केन्द्रीत दलहरूलाई चुनौती दिँदै २ नम्बर प्रदेशका जनता सबै भन्दा बढी सहभागी भएका थिए। मधेसमा ७३ प्रतिशत मत खसेको थियो।

स्थानीय तहको पहिलो चरणको निर्वाचन गराउने बेला माओवादी (केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री हुनुहुन्थ्यो। सरकार बनाउँदा सत्ताधारी दल बीच भएको सहमति अनुसार प्रधानमन्त्री दाहालले २०७४ जेठ १० गते राजीनामा दिएपछि देउवा जेठ २३ गते प्रधानमन्त्री नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा सरकार बनेको थियो। दोस्रो चरण र तेस्रो चरणको निर्वाचन प्रधानमन्त्री देउवाको नेतृत्वमा सफलतापूर्वक सम्पन्न भएको छ। निर्वाचन सम्पन्न गर्ने कुरामा दलहरू सकारात्मक भएपछि स्थानीय तहको निर्वाचन अपेक्षित रुपमा शान्तिपूर्ण र सफलतापूर्वक सम्पन्न भयो। स्थानीय तहको निर्वाचन भएसँगै जनताले जनप्रतिनिधिहरूलाई आफ्नै गाउँठाउँमा पाएका छन्। संघीय राज्य संरचना अन्तर्गत भएको निर्वाचनले स्थानीय तहलाई सिंहदरबारकै अधिकार दिएको हुँदा निर्वाचन सम्पन्न भएसँगै जनताले आफ्नै क्षेत्रमा सरकार पाएका छन् भने आफ्नो गाउँ आफै बनाउने पहिलो अवसर जनताले पाएका छन्।

**स्थानीय तह निर्वाचनबाट अस्तित्वमा आएका दलहरू**

तीन चरणमा सम्पन्न स्थानीय तहको निर्वाचनमा नेकपा एमाले पहिलो पार्टी बनेको छ। २०७० को चुनावमा दोस्रो बनेको एमाले यसपटक पहिलो बनेको हो। संविधानसभा २०७० को निर्वाचनबाट पहिलो बनेको नेपाली कांग्रेस २०७४ को स्थानीय चुनावबाट दोस्रो बनेको छ। माओवादी केन्द्रले कम सिट पाएपनि आफ्नो तेस्रो स्थान कायमै राखेको छ। २०७० मा चौथो शक्ति बनेको राप्रपा नेपाल पार्टी एकीकरणबाट राप्रपा बनेर चुनावमा गएपछि सातौं स्थानमा पुगेको छ।

चौंथो स्थानमा संघीय समाजवादी फोरम पुगेको छ भने पाँचौ स्थानमा राजपा पुगेको छ। विजय गच्छदार नेतृत्वको लोकतान्त्रिक फोरम छैटौं स्थानमा रहेको छ। आठौं स्थानमा राष्ट्रिय जनमोर्चा रहेको छ भने नवौं स्थानमा नेपाली जनता दल, दशौंमा नेपाल मजदुर किसान पार्टी र एघारौं स्थानमा नेपाल मजदूर किसान पार्टी रहेको छ।

## १.७ स्थानीय तह निर्वाचनः मुख्य ठहर तथा निष्कर्ष

निर्वाचन आयोगले स्थानीय तह निर्वाचन २०७४ सफलतापूर्वक सम्पन्न गरेको छ। स्थानीय तह निर्वाचन पहिलो र दोस्रो चरणको तुलनामा निर्वाचन शान्तिपूर्ण रहेको पाईयो। सुरक्षा निकायको उपस्थिति र सकृय परिचालनले निर्वाचन प्रक्रियालाई व्यवस्थित र शान्ति सुरक्षा कायम गर्न सहयोगी भएको पाईयो। यस निर्वाचनमा मुलतः पुरुषको भन्दा महिला मतदाताको  सचेतता र सहभागिता उत्साहजनक पाइयो। निर्वाचन आचारसंहिताको उल्लंघन राजनीतिक दल, उमेदवार र सरकारी पक्षबाट भएको गुनासाहरू सुनिए पनि सरकारी पक्षबाट निर्वाचन आचारसंहिता पालन गर्न उत्साह नरहेको देखियो। निर्वाचन आचार संहिता लागु भई सकेपछि पनि सरकार फेरबदल, कर्मचारीहरूको सरुवा र सरकारी साधनस्रोतको दुरुपयोगलाई सरकारी पक्षबाट पालना नगरिएको देखियो। मतदाता शिक्षाको लागि निर्वाचन आयोगबाट प्रचार प्रसार र स्वयम सेविकाहरू परिचालन गरेको भएतापनि अत्यधिक ठूलो संख्यामा भएको बदर मत परिणाम लाई हेर्दा उक्त कार्यक्रम सफल भएको देखिएन।

## १.८ स्थानीय तह निर्वाचनका क्रममा इओसी नेपालले प्रक्षेपण गरेका सुझावहरू

- पर्यवेक्षक जुनसुकै संस्थाको भएपनि आपसमा समन्वय, सहकार्य र समझदारी हुन आवश्यक छ। निर्वाचन आयोगका कमि कमजोरीहरू समीक्षा गर्न आवश्यक छ। स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि र धाँधली गर्ने प्रवृतिलाई निरुत्साहीत गर्न सकिन्छ।
- मतदाता नामावलीमा प्राविधिक त्रुटी हुन दिनु भएन। नाम छ, फोटो छैन। फोटो छ नम्बर छैन। फोटो एउटाको थियो भने नाम अर्काको। कसैको त मतदाता नामावलीमा दर्ता गरेर पनि नाम नभेटिएको पाइयो। कसैको दुईवटा परिचय पत्र पनि। यसमा विशेष विचार गर्न जरुरी छ। मतदाता परिचय पत्र चुस्त र दुरुस्त समयमा नै वितरण गर्नुपर्छ।
- मतपत्रलाई सानो पार्ने र सजिलो बनाउन आवश्यक छ। यसको लागि वैज्ञानिक ढङ्गले विकल्प खोज्नु जरुरी छ। मतपत्रका लागि प्रयोग गरिएको कागजको गुणस्तर कमजोर देखिएकाले सुधार गर्नुपर्ने, मतपत्र ठूलो र भद्धा हुनु नहुने, चिन्हहरू थोरै हुनुपर्ने, स्थानीय स्तरमा मतपत्र छपाउँदा समस्याको समाधान खोज्न सकिन्छ।
- मतदान स्थलमा मतदाताको लागि अस्थायी शौचालय बनाउन आवश्यक छ। मतदान केन्द्रमा बर्षादको पानीबाट मतदातालाई ओतको व्यवस्था हुनुपर्छ। मतदान केन्द्र मतदाताको सुविधा र पायक पर्ने ठाउँमा राखिनु पर्छ। मतदान केन्द्र जेष्ठ नागरिक तथा अपाङ्गता मैत्री बनाउन जरुरी छ।
- असक्त विरामीहरूका लागि विश्राम स्थलको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
- मतदाता शिक्षालाई प्रभावकारी रुपमा चलाउनु पर्छ। मतदाता शिक्षा निर्वाचन समयमा मात्र नभई अन्तरालमा नियमित सञ्चालन गर्नु पर्ने। खास गरी काठमाडौ, विराटनगरजस्ता ठूला शहरमा मतदाता शिक्षामा कमि देखियो। शहरमै बढी किन म त बदर भए? यो अनुसन्धानको विषय बनेको छ।
- निर्वाचनमा राजनैतिक दलहरूले आचार सहिता पालना गर्नुपर्छ। निर्वाचन आयोगले तोकिदिएको सिमाभन्दा बढी खर्च गर्नेलाई कारवाही गर्नुपर्छ। निर्वाचनको चिन्ह भएको झण्डा, व्यानर स्टिकर, क्याप, टि-सर्ट जस्ता महगा र भड्किला प्रचारमा कडा रोक लगाउन जरुरी छ। जाँडरक्सि खाएर एक अर्कामा झैझगडा गर्नेहरूलाई निरुत्साहित गर्नुपर्छ।
- निर्वाचन आयोगका नीति नियम छिनछिनमा परिवर्तन हुन हुँदैन। कर्मचारीको सरुवा, बढुवा र विदेश भ्रमण रोक्नुपर्छ।
- निर्वाचन कार्यक्रम घोषणा भएपछि सशक्त मतदाता शिक्षा कार्यक्रम संचालन गरिनु पर्दछ र यसको लागि राजनीतिक दल र स्थानीय संघसंस्थाहरू समेत परिचालित गरिनु राम्रो हुने देखिन्छ। महिला स्वयमसेवीमार्फत गृहणी महिला मतदाता शिक्षाको कार्यक्रमलाई जोड दिन आवश्यक छ।
- मतदाता नामावली संकलनलाई निरन्तरता दिनुपर्छ। मतदाता परिचयपत्रमा हुने भाषिक शुद्धता र दोहोरिने जस्ता समस्या आउन दिनु हुँदैन।

# परिच्छेद -२
# प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन, २०७४

## २.१ प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको पृष्ठभूमि

नेपालको संविधानले नेपाली जनताको लोकतान्त्रिक हक र अधिकारको पूर्ण प्रत्याभूति गर्नुका साथै २०७४ माघ ७ गते भित्र संघीय संरचना अन्तर्गतका सबै तहका निर्वाचन सम्पन्न गर्नुपर्ने व्यवस्था गरेको छ। यसैले पनि सरकारलाई जसरी पनि समयमै निर्वाचन गर्नुपर्ने बाध्यता थियो।

निर्वाचन आयोगका पदाधिकारीको उपस्थितिमा २०७४ भदौ १ मा प्रधानमन्त्री शेरबहादुर देउवासहित प्रमुख तीन दलका शीर्ष नेताको बैठकले मंसिर ४ र २१ गते दुई चरणमा चुनाव गर्ने सहमति गर्‍यो। शीर्ष नेताको यो सहमतिविपरीत भदौ ५ गते सरकारले आफ्नो अघिल्लो निर्णय उल्ट्याउँदै प्रदेशसभा र प्रतिनिधि सभाको निर्वाचन मंसिर १० र २१ गते दुई चरणमा गर्ने निर्णय गरेको थियो। निर्वाचन आयोगका पदाधिकारीको उपस्थितिमा भदौ १ मा प्रधानमन्त्री शेरबहादुर देउवासहित प्रमुख तीन दलका शीर्ष नेताको बैठकले मंसिर ४ र २१ गते दुई चरणमा चुनाव गर्ने सहमति गरेको थियो। आयोगले प्रमुख तीन दलका शीर्ष नेतासँग आयोगले दुई चरणमा गर्नुपर्ने, मंसिर ४ मा उच्च हिमाली क्षेत्रसहित ३१ जिल्लामा र बाँकी ४६ जिल्लामा दोस्रो चरणमा निर्वाचन गर्नुपर्ने सुझाब दिएको थियो। आयोगको सुझावका आधारमा निर्वाचन क्षेत्र निर्धारण आयोगले प्रतिवेदन बुझाउनु अघि नै मन्त्रिपरिषद्को बैठकले मङ्सिर १० गते आइतवार र मङ्सिर २१ गते बिहीवारका दिन बिहान ७ बजेदेखि ५ बजेसम्म मतदानको समय निर्धारण गर्ने निर्णय गरेको थियो।

## २.२ प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन घोषणाको सन्दर्भ

२०७४ माघ ७ सम्ममा स्थानीय तहका साथै प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन हुनुपर्ने संवैधानिक व्यवस्था रहेको थियो। यहि व्यवस्था अनुसार स्थानीय तहको निर्वाचन सम्पन्न भएसँगै प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचन सम्पन्न गर्नुपर्ने बाध्यता सरकारको रह्यो। तर यहि बीचमा राजनीतिमा आएको उतारचढाबले निर्वाचन हुन्छ की हुँदैन भन्ने शंसय आमरुपमा देखियो। यहि शंसयका बीच प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचन एकै साथ गर्ने र निर्वाचन दुई चरणमा गर्ने निर्णय भयो।

प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचन मिति घोषणा भएसँगै नेपाली राजनीति फरक कोणबाट तात्यो। नेकपा एमाले तथा सरकारमै रहेको नेकपा (माओवादी केन्द्र) बीच निर्वाचन पछि पार्टी एकीकरण गर्ने गरी तत्काल चुनावी तालमेल गरी जाने गरी वाम गठबन्धन बन्यो। यो गठबन्धनले नेपाली राजनीतिक वृत्तमा निकै चर्चा र टिप्पणीको विषय बन्यो। सरकारमा रहँदा रहँदै विपक्षी दलसँग साँगगाँठ गर्‍यो भन्दै प्रधानमन्त्री शेरबहादुर देउवाले माओवादी केन्द्रका सबै मन्त्रीहरूलाई पदीय जिम्मेवारीबाट मुक्त गरे भने माओवादी केन्द्रका मन्त्रीहरू भने सरकारले निर्वाचन नगराउने सक्ने सम्भावना भन्दै विनाविभागीय बने पनि सरकार छाडेनन्। कांग्रेस सरकार चुनाव गराउन चाहँदैन भन्दै माओवादी केन्द्रले सरकारलाई खबरदारी गर्न आफूहरूले सरकार नछाड्ने स्पष्टीकरण दिँदै आयो। प्रधानमन्त्रीले सरकारलाई धोका दिएको भन्ने आरोप लगाइरहँदा माओवादी केन्द्रले भने आफूहरूले सरकारलाई दिएको समर्थन फिर्ता नलिएको बताउँदै आयो। सरकारइतरमा रहेर प्रतिपक्षी दलसँग हातेमालो गर्ने भन्दै आरोप लगाइरहँदा सत्तारुढ दल नेपाली कांग्रेस स्वयम्ले पनि राप्रपा लगायतका दलहरूसँग लोकतान्त्रिक गठबन्धन बनायो। बाम गठबन्धन बनेसँगै दलहरूमा बढेको आरोपप्रत्यारोप र आशंकाका बीच अन्ततः निर्वाचन सम्पन्न भई परिणामसमेत आएको छ।

नेपाली जनताको लामो, कठोर र अनवरत संघर्षको फलस्वरुप: जननिर्वाचित संविधानसभाद्वारा निर्मित नेपालको संविधान जारी भएपश्चात मुलुकमा दुई चरणमा प्रतिनिधि सभा तथा प्रदेशसभाको निर्वाचन सम्पन्न

भएको छ। २०७४ मंसिर १० र २१ गते प्रतिनिधि सभा र प्रदेशसभाको निर्वाचन जनताको उत्साहपूर्ण सहभागितामा शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ। सरकारले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन मिति घोषणा गरेको दिन अर्थात् २०७४ भदौ ५ गतेसम्म १८ वर्ष उमेर पुगेका र फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराएका मतदाताहरूको नाम निर्वाचन आयोगले मतदाता नामावलीमा समावेश गरेको थियो।

प्रतिनिधि सभा तथा प्रदेशसभाको निर्वाचन नेपालको संविधान कार्यान्वयनका लागि अत्यन्तै महत्वपूर्ण र ऐतिहासिक रहेको तथा उक्त निर्वाचनपछि मुलुकले राजनीतिक स्थायित्व प्राप्त गरी संवैधानिक प्रावधान बमोजिम सामाजिक न्याय र समानतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको दिशामा अघि बढ्नेछ भन्ने विश्वास नेपाली जनताले राखेका छन्।

## २.३ प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन सम्बन्धी निर्वाचन प्रणाली र कार्यतालिका

प्रतिनिधि सभाका २७५ सदस्यहरूको चयन दुई तरिकाले गरिने व्यवस्था गरिएको थियो। १६५ सदस्यको चयन एकल(मतदान निर्वाचन क्षेत्रबाट पहिलो मतदान गरेर र बाँकी ११० सदस्यको चयन एक राष्ट्रव्यापी निर्वाचन क्षेत्रबाट बन्द सूचीको सामानुपातिक प्रतिनिधित्वद्वारा गरिने व्यवस्था गरिएको थियो। प्रत्येक मतदाताले दुईवटा विधिहरूको लागि छुट्टाछुट्टै मतपत्र पाउने व्यवस्था थियो।

नेपालको सात वटै प्रदेशको प्रदेशसभाको लागि तय गरिएको ५५० सिटमध्ये (प्रत्यक्ष निर्वाचन प्रणालीबाट ३३० र सामानुपातिक निर्वाचन प्रणालीबाट २२०) का लागि निर्वाचन सम्पन्न गरिएको हो।

मिति २०७४ साल मंसिर १० र २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि आयोगबाट मिति २०७४।०५।२२ मा स्वीकृत भई २०७४।०५।२८ मा संशोधित पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको पहिलो र दोस्रो चरणको निर्वाचन कार्यक्रम देहाय अनुसारको रहेको सम्बन्धित सबैको जानकारीको यो सूचना प्रकाशित गरिएको छ।

(प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित)

प्रतिनिधि सभा/प्रदेश सभा सदस्य निर्वाचन, २०७४

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत पहिलो चरणमा सम्पन्न हुने निर्वाचनको संशोधित निर्वाचन कार्यक्रम

| क.सं | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।७।५ | २०७४।७।५ | १०.०० | १७.०० | मुख्य निर्वाचन अधिकृतको कार्यालय | |
| २. | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने | २०७४।७।५ | २०७४।७।५ | १७.०० | १८.०० | ऐ. ऐ. | |
| ३. | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७४।७।६ | २०७४।७।६ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ४. | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७४।७।७ | २०७४।७।७ | १०.०० | १५.०० | ऐ. ऐ. | |
| ५. | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।७।७ | २०७४।७।७ | १५.०० | १७.०० | ऐ. ऐ. | |
| ६. | उम्मेदवारको नाम फिर्ता लिने | २०७४।७।८ | २०७४।७।८ | १०.०० | १३.०० | ऐ. ऐ. | |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७४।७।८ | २०७४।७।८ | १३.०० | १५.०० | ऐ. ऐ. | |
| ८. | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७४।७।८ | २०७४।७।८ | १५.०० | १८.०० | ऐ. ऐ. | |
| ९. | मतदान गर्ने | २०७४।८।१० | २०७४।८।१० | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

द्रष्टव्य :

१. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरी २०७४।८।२१ गते अपराह्न ५.०० बजेपछि मतगणना कार्य शुरू गरिनेछ। मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ,

२. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतगणना सम्पन्न गरी परिणाम घोषणापछि मात्र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना कार्य प्रारम्भ हुनेछ।

३. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति पहिलो हुने निर्वाचित हुने

(प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित)

प्रतिनिधि सभा/प्रदेश सभा सदस्य निर्वाचन, २०७४

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत दोस्रो चरणमा सम्पन्न हुने निर्वाचनको संशोधित निर्वाचन कार्यक्रम

| क.सं | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।७।१६ | २०७४।७।१६ | १०.०० | १७.०० | मुख्य/निर्वाचन अधिकृतको कार्यालय | |
| २. | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने | २०७४।७।१६ | २०७४।७।१६ | १७.०० | १८.०० | ऐ. ऐ. | |
| ३. | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७४।७।१७ | २०७४।७।१७ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ४. | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७४।७।१८ | २०७४।७।१८ | १०.०० | १५.०० | ऐ. ऐ. | |
| ५. | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।७।१८ | २०७४।७।१८ | १५.०० | १७.०० | ऐ. ऐ. | |
| ६. | उम्मेदवारको नाम फिर्ता लिने | २०७४।७।१९ | २०७४।७।१९ | १०.०० | १३.०० | ऐ. ऐ. | |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७४।७।१९ | २०७४।७।१९ | १३.०० | १५.०० | ऐ. ऐ. | |
| ८. | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७४।७।१९ | २०७४।७।१९ | १५.०० | १८.०० | ऐ. ऐ. | |
| ९. | मतदान गर्ने | २०७४।८।२१ | २०७४।८।२१ | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

द्रष्टव्य :

१. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गर्नेछ र मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ।

२. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतगणना सम्पन्न गरी परिणाम घोषणापछि मात्र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना कार्य प्रारम्भ हुनेछ,

३. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवार हुन पाउने छैन।

सामानुपातिक तर्फ कुनै पनि एक पार्टी वा निर्वाचन गठबन्धनले एउटा सिट पाउन समग्रमा वैध मतदानको ३ प्रतिशत मत पाउनु पर्ने व्यवस्था गरेको थियो।

वि.सं २०७४ भदौ १५ गते मन्त्रिपरिषद्को बैठकले निर्वाचन आयोगबाट प्राप्त सुझावका आधारमा प्रदेशसभा र प्रतिनिधि सभाको निर्वाचन २०७४ मङ्सिर १० र मङ्सिर २१ गते हुने गरी दुई चरणमा गर्ने निर्णय गरेको थियो। पहिलो चरण अन्तर्गत ३२ हिमाली जिल्लामा र दोस्रो चरणमा ४५ जिल्लामा निर्वाचन सम्पन्न गरिने निर्णय आयोगले गरेको थियो।

**मंसिर १० गते पहिलो चरणमा निर्वाचन सम्पन्न भएका ३२ जिल्लाहरू :**

प्रदेश नं १ : सोलुखुम्बु, संखुवासभा, भोजपुर, ओखलढुङ्गा, ताप्लेजुङ, पाँचथर र खोटाङ।
प्रदेश नं ३ : नुवाकोट, रसुवा, धादिङ, सिन्धुपाल्चोक, दोलखा र रामेछाप।
प्रदेश नं ४ : मुस्ताङ, म्याग्दी, बाग्लुङ, मनाङ, लमजुङ र गोरखा।
प्रदेश नं ५ : रूकुम (पूर्वी भाग) र रोल्पा।
प्रदेश नं ६ : रुकुम (पश्चिम भाग), जाजरकोट, हुम्ला, मुगु, जुम्ला, कालिकोट र डोल्पा।
प्रदेश नं. ७ : दार्चुला, बझाङ, बाजुरा र बैतडी।

**मंसिर २१ गते दोस्रो चरणमा निर्वाचन सम्पन्न भएका ४५ जिल्लाहरू :**

प्रदेश नं १ : इलाम, तेह्रथुम, धनकुटा, उदयपुर, झापा, मोरङ र सुनसरी।
प्रदेश नं २ : सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहट।
प्रदेश नं ३ : सिन्धुली, मकवानपुर, चितवन, काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर र भक्तपुर।
प्रदेश नं ४ : नवलपरासी (बर्दघाट सुस्ता पूर्व) तनहुँ, कास्की, स्याङ्जा र पर्वत।
प्रदेश नं ५ : नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा, अर्घाखाँची, गुल्मी, रूपन्देही, कपिलवस्तु, दाङ, प्यूठान बाँके र बर्दिया।
प्रदेश नं ६ : सल्यान, सुर्खेत र दैलेख।
प्रदेश नं ७ : कैलाली, कन्चनपुर, डडेल्धुरा, अछाम र डोटी।

**प्रतिनिधि तथा प्रदेशसभा मतदाता संख्या**

निर्वाचन आयोगले मङ्सिर १० र २१ को प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तयार गरिएको सातवटै प्रदेशको निर्वाचन क्षेत्रगत रुपमा स्वीकृत गरेको थियो। स्वीकृत मतदाता नामावली अनुसार, प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि कूल मतदाता संख्या १ करोड ५४ लाख २७ हजार ७३१ कायम थियो। जसमा पुरुष मतदाताको संख्या ७७ लाख ७६ हजार ४९६, महिला ७६ लाख ५१ हजार ६५ र तेस्रो लिङ्गी मतदाता १७० जना रहेका थिए।

प्रदेश अनुसार स्वीकृत मतदाता नामावली :

| | |
|---|---|
| प्रदेश १ | २८ लाख ९३ हजार ६६९ |
| प्रदेश २ | २७ लाख ६७ हजार ३६९ |
| प्रदेश ३ | ३० लाख ७४ हजार ४१२ |
| प्रदेश ४ | १५ लाख ६८ हजार ८२९ |
| प्रदेश ५ | २७ लाख ४० हजार ८४८ |
| प्रदेश ६ | ८ लाख ४६ हजार ९३३ |
| प्रदेश ७ | १४ लाख ३५ हजार ६७१ मतदाता रहेका थिए। |

## २.४ प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन र महिला सहभागिता :

पहिलो चरणमा मंसिर १० गते ३२ जिल्लामा भएको प्रतिनिधि सभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि ४१ जना महिलाले उम्मेदवारी दिएका थिए। यसमध्ये प्रतिनिधि सभामा १८ र प्रदेशसभाका लागि २३ जना महिला उम्मेदवार रहेका थिए।

कूल ३२३ ले प्रतिनिधि सभा र ४८४ जनाले प्रदेशसभा सदस्यका लागि उम्मेदवारको मनोनयन गराएका थिए।

नेपाली काँग्रेसले १०३, नेकपा (एमाले) ले ६२ र नेकपा (माओवादी केन्द्र)ले ४९ जना उम्मेदवार उठाएको थियो। यसैगरी, नयाँ शक्ति पार्टी नेपालले ८१, संघीय समाजवादी फोरम नेपालले ५५, राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)ले ४३, जन समाजवादी पार्टी नेपाल २४, एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) र मंगोलियन नेशनल अर्गनाइजेशनले ३८ जना उम्मेदवारलाई प्रतिनिधि सभा तथा प्रदेशसभा सदस्यमा उम्मेदवार बनाएका थिए। प्रतिनिधि सभातर्फ ३७ निर्वाचन क्षेत्र र प्रदेशसभातर्फ ७४ वटा निर्वाचन क्षेत्रका लागि हुने निर्वाचनमा आठवटा राजनीतिक दलले एक/एक स्थानमा उम्मेदवारी दिएका थिए। हुनत मनोनयन दर्ता गराउने स्वतन्त्र उम्मेदवारको संख्या ११२ रहेको थियो।

## २.५ निर्वाचन खर्चको सीमा

निर्वाचन आयोगले असोज २७ गते प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा उम्मेदवार र राजनीतिक दलले गर्न पाउने खर्चको अधिकतम सीमा तोकेको जानकारी वक्तव्यमार्फत गराएको थियो। पहिलो हुने निर्वाचित हुने निर्वाचन निर्वाचनमा उम्मेदवारले बढीमा २५ लाख र प्रदेशसभा निर्वाचनमा बढीमा १५ लाख खर्च गर्न पाउने गरी खर्चको सीमा निर्धारण गरेको थियो। यस अन्तर्गत उम्मेदवारले सवारीसाधन प्रयोग गर्नका लागि ५ लाख, प्रचारप्रसार सामग्रीको लागि १ लाख, ढुवानीका लागि ७५ हजार, गोष्ठी तथा अन्तरक्रियाका लागि ८ लाख, अन्य प्रचार प्रसारर छापा तथा विद्युतीय माध्यमको लागि १ लाख, कार्यालय सञ्चालनका लागि ५ लाख, प्रतिनिधि परिचालनका लागि २ लाख तथा विविध खर्चका लागि १ लाख २२ हजार तोकेको थियो।

यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभा सदस्यको निर्वाच्नमा राजनीतिक दलले पेश गरेको बन्दसूचीमा उम्मेदवारको संख्याअनुसार प्रति उम्मेदवार रु २ लाखसम्म खर्च गर्न पाउने व्यवस्था गरिएका थियो। आयोगका अनुसार, प्रदेशसभा सदस्य निर्वाचनमा राजनीतिक दलले पेश गरेको बन्दसूचीमा उम्मेदवारको संख्या अनुसार प्रति उम्मेदवार रु एक लाख ५० हजारसम्म खर्च गर्न सक्ने व्यवस्था थियो।

# परिच्छेद ३ – निर्वाचन पर्यवेक्षण समिति(इओसी), नेपाल र निर्वाचन पर्यवेक्षण

## ३.१ इओसी नेपालको पर्यवेक्षण

संक्रमणकालको अन्त्य गरी संविधानको पूर्ण कार्यान्वयनको कडी संघीय संसद्, प्रदेश संसद् र स्थानीय सभाको निर्वाचन २०७४ माघ ७ गतेभित्रै सम्पन्न गर्नुपर्ने सरकारको संवैधानिक एवम् अदालती बाध्यता रहेको थियो । सो समयसिमा भित्र निर्वाचन हुन नसके संक्रमणकाल झन बढ्ने र संविधाननै खारेज हुन सक्ने अवस्थाका कारण पनि माघ ७ अगाडि नै तीनै तहको निर्वाचन अनिवार्य बाध्यता थियो । यो बाध्यतालाई मनन गरी राजनीतिक दलहरुले सहमतिमा निर्वाचन मिति तोक्नुका साथै निर्वाचन कार्यमा सहयोग गरेकै कारण आज देश संक्रमणकालको अन्त भई संविधान कार्यन्वयनको चरणमा प्रवेश गरेको छ। स्थानीय तहको निर्वाचन सम्पन्न भएलगत्तै पुरानो राज्य संरचनालाई संघीयताका लागि ७ प्रदेशमा मिश्रित निर्वाचन प्रणालीबाट प्रत्यक्ष र समावेशी सिद्धान्तको आधारमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न गरिएको छ ।

नेपालको इतिहासमा पहिलो पटक संघीय राज्यको चुनाव भएको छ । लामो समय राजनीतिक अधिकार प्राप्तिको लागि बिताएको अनुभवले परिपक्क नेपाली राजनीतिका शिखर नेताहरूले अबको बाटो सामाजिक सुरक्षा र मुलुकको आर्थिक सम्बृद्धि तर्फनै केन्द्रित गर्नेछन् भन्ने अपेक्षा गर्न सकिन्छ । यसका लागि स्थिर सरकार नै पहिलो सर्त हुन सक्छ। यस निर्वाचनमार्फत नेपाली जनताले दिएको मत लोकतन्त्रको संस्थागत विकास र नयाँ संविधानको कार्यान्वयनको लागि अति महत्व छ। यो अवसरलाई कुनैपनि चुनौतिले प्रभावित पार्न नसक्ने निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल)को ठहर छ ।

निर्वाचनको स्तन्त्रता, निष्पक्षता, निर्वाचन अवधि र समय निर्धारण, विश्वसनीय निर्वाचन पद्धती र निर्वाचनसम्बन्धी कानून तथा नियमहरूको नजिकबाट अध्ययन गर्दै रहेको यस निर्वाचन पर्यवेक्षण समिति(इओसी) नेपालले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि विभिन्न जिल्लाहरूमा ३१५ जना पर्यवेक्षकहरू परिचालन गरेको थियो ।

३२ जिल्लाहरूमा पहिलो चरणको निर्वाचन मंसिर १० गते सम्पन्न भएको थियो । निर्वाचन आयोगले प्रतिनिधसभा सदस्य निर्वाचनका लागि ३७ निर्वाचन क्षेत्र तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि ७४ निर्वाचन क्षेत्रमा मतदान गर्ने व्यवस्था मिलाइएको थियो । त्यसैगरी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनकालागि ४५ जिल्लाहरूमा दोस्रो चरणको निर्वाचन मंसिर २१ गते सम्पन्न भयो । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि १२८ र प्रदेशसभा निर्वाचनका लागि २५६ निर्वाचन क्षेत्रमा मतदान गर्ने व्यवस्था मिलाएको थियो ।

निर्वाचन आयोगका अनुसार पहिलो चरणको निर्वाचनमा २ हजार ९ सय १७ मतदानस्थलका ४ हजार ४ सय ६५ मतदान केन्द्रमा ३१ लाख ९१ हजार ९ सय ४५ .मतदाता थिए, जसमा महिलाको संख्या ९ लाख ८६ हजार ५ सय ६३ र पुरुषको संख्या ९ लाख ४२ हजार ६ सय ५२ ले मत खसाले भने दोस्रो चरणको निर्वाचनमा ७ हजार ७५२ मतदानस्थलका १५ हजार ३ सय ४४ मतदान केन्द्रमा १ करोड २२ लाख ३५ हजार ९ सय ९३ मतदाता थिए ।

## ३.२. पर्यवेक्षणका उद्देश्यहरू:

- निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचनपश्चातको समयमा भएका निर्वाचन गतिविधिहरूको पर्यवेक्षण गर्ने र अभिलेख राख्ने ।
- राजनीतिक दल, सरकारी निकाय, संघसंस्था लगायत सम्पूर्ण सरोकारवालाहरूबाट निर्वाचन आचारसंहिताको पूर्ण पालन भए नभएको अवलोकन गर्ने ।
- पर्यवेक्षकहरूको उपस्थितिले निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र धाँधलिरहित हुनलाई विश्वासको वातावरण बनाउन टेवा पुग्छ भन्ने कुरा जनमानसमा पुऱ्याउने ।
- जनताहरूमा मतदाता शिक्षालाई प्रभावकारी ढंगबाट पुऱ्याउन सरोकारवालाई सजग गराउने ।
- आम मतदाताहरूमा भयरहित वातावरण सृजना गर्न सुरक्षा निकायलहरूलाई अनुरोध गर्ने ।
- निर्वाचनलाई सफल पार्न र निर्वाचनमा भएका कमी कमजोरीहरूलाई केलाएर सम्बन्धीत निकायहरूलाई सुझाव दिने तथा सहजिकरण गर्ने ।

## ३.३ पर्यवेक्षणको महत्व/प्रभावकारिता

पर्यवेक्षण गर्नाले राजनीतिक दल, उम्मेदवार, राजनीतिक दलका भातृसंगठन, सरकारी कार्यालय, संघसंस्था, संचारकर्मीलगायत सरोकारवालाहरूलाई निर्वाचन आचारसंहिता पालना गर्न गराउनसजक बनाउँछ। पर्यवेक्षकको उपस्थितिले निर्वाचनमा मतदाताहरूलाई भयरहित भएर मतदान गर्न उत्प्रेरित गर्दछ । निर्वाचन गतिविधिमा पर्यवेक्षण कार्यले आम जनमानसमा निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र धाँदलिरहित हुन सघाउँछ भन्ने कुराको विश्वस्त गराउँछ । पर्यवेक्षण कार्यले निर्वाचन अवधिमा हुने हिंसात्मक घट्नाहरूमा कमी गराउन सहयोग पुग्दछ। मतदाता शिक्षालाईसमेत प्रभावकारी गराउन मदत पुऱ्याउन सक्छ ।

## ३.४ पर्यवेक्षण तयारीः

यहि मंसिर १० र २१ गते भएको पहिलो र दोश्रो चरणमा सम्पन्न भएको सातवटै प्रदेशका निर्वाचन क्षेत्रहरूमा निर्वाचन पर्यवेक्षण समिति (इओसी) नेपालले पर्यवेक्षण गर्ने काम सम्पन्न गरेको छ। प्रदेशसभा र प्रतिनिधि सभा सदस्यको दुवै चरणको निर्वाचनलाई पर्यवेक्षण गर्न ३ जना विशेष पर्यवेक्षकहरूसहित २० जना लामो अवधिका पर्यवेक्षकहरू पनि अवलोकन कार्यमा परिचालन गरिएका थिए। ३१५ जना खटाइएका पर्यवेक्षकहरूमध्ये देशभित्रका विभिन्न जिल्लाहरूबाट छनौट गरिएका थिए। ३१५ जना पर्यवेक्षकहरू मध्ये ३८ जना आदिवासी जनजाति, २० जना दलित समुदायबाट, २०६ जना खस/आर्य समुदायबाट, ४० जना मधेसी समूदायबाट, १ जना मुस्लिम समूदायबाट ८ जना थारु समुदायबाट सहभागी थिए । पहिलो चरणमा ५१ पुरुष र १५ जना महिला थिए भने दोश्रो चरणमा १५५ पुरुष र ८४ जना महिलाले पर्यवेक्षण गरेका थिए।

**– सचिवालय व्यवस्थापन**

काठमाण्डौको बुद्धनगरस्थित निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल) को कार्यालय दोश्रो संविधानसभाको निर्वाचनको पर्यवेक्षण देखि, स्थानीय तहको निर्वाचन पर्यवेक्षण गरे सँगसँगै निरन्तर रुपमा प्रतिनिधिसभा तथाप्रदेशसभा सदस्यको दुई चरणको निर्वाचनको व्यवस्थापकिय कार्यले निरन्तरता पायो ।

**– पर्यवेक्षकको छनौट**

मानव अधिकारकर्मी, नागरिक समाजका स्वतन्त्र व्यक्तित्व, सञ्चारकर्मीहरूबाट समावेशी सिद्धान्तको आधारमा, भौगोलिक विविधतालाई समेत विचार गरी निर्वाचन आयोगको नीति नियमको परिधिमा रहि पर्यवेक्षकको छनौट गरिएको थियो। अधिकांश पर्यवेक्षकहरू कुनै न कुनै सामाजिक संस्थासँग आबद्ध रहेका छन्। पहिलो चरणमा ६६ जना र दोस्रो चरणमा २४८ जना पर्यवेक्षक परिचालित थिए।

**– पर्यवेक्षकको लागि प्रशिक्षण**

निर्वाचन आयोगको संयोजनमा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्वाचनको अनुभव लिइसकेका व्यक्तीहरूबाट बिराटनगर, बुटवल, नेपालगञ्ज र काठमाडौ गरी ४ स्थानमा पर्यवेक्षक प्रशिक्षक तालिम प्रदान गरिएको थियो ।

**– पर्यवेक्षण सामाग्री उत्पादन र वितरण**

निर्वाचन आयोगबाट प्रकाशित पर्यवेक्षक आचारसंहिता, निर्वाचन पर्यवेक्षण श्रोत पुस्तिका, पर्यवेक्षकको काम कर्तव्य र अधिकार सहितको हाते पुस्तिका तथा इ.ओ.सि. नेपालको लोगो अंकित ज्याकेट र परिचय पत्रवाहक पर्यवेक्षकहरूलाई वितरण गरिएको थियो ।

**– सूचना संयन्त्रको व्यवस्थापन**

मानव अधिकार आयोग र इओसी सचिवालयमा सूचना डेक्स राख्ने व्यवस्था गरिनुका साथसाथै निर्वाचन आयोगले टोल फ्री नं र अन्य संघसस्थासँग सूचना संयोजन मिलाइएको थियो ।

**– अन्तरसंस्था समन्वय**

निर्वाचन आयोगबाट स्वीकृति प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूसँग समन्वय गर्दै निर्वाचन आयोग र राष्ट्रिय मानवअधिकार आयोगसँग सहकार्य र संयोजनको सहमति भएको। त्यसै गरी स्थानीय नागरिक समाजका स्वतन्त्र व्यक्तिहरू र संचारकर्मीहरूसँगको पनि सूचना समन्वय मिलाइएको थियो।

## ३.५. पर्यवेक्षण गरिएका क्षेत्रको भौगोलिक अवस्थाः

**मंसिर १० गते :**

प्रदेश न. १ सोलुखुम्बु, संखुवासभा, भोजपुर, ओखलढुंगा, पांचथर, ताप्लेजुङ्ग, पाँचथर, खोटाङ्ग
प्रदेश न. ३ नुवाकोट, रसुवा,धादिङ,सिन्धुपाल्चोक, दोलखा
प्रदेश न. ४ बाग्लुंग, लमजुङ्ग, गोरखा
प्रदेश न. ५ रुकुम (पूर्वी भाग ), रोल्पा
प्रदेश न. ६ जाजरकोट, जुम्ला, कालिकोट,
प्रदेश न. ७ बझाङ्ग, बाजुरा, बैतडी

**मंसिर २१ गते :**

प्रदेश न. १ इलाम, तेह्रथुम, धनकुटा, उदयपुर, झापा, मोरंग, सुनसरी
प्रदेश न. २ सप्तरी, सिराहा, बारा, पर्सा, रौतहट
प्रदेश न. ३ सिन्धुली, मकवानपुर, काभ्रे, काठमाडौँ, ललितपुर, भक्तपुर
प्रदेश न. ४ नवलपरासी (बर्दघाट सुस्तापूर्व), कास्की, स्याङ्जा, पर्वत
प्रदेश न. ५ नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा, अर्घाखाँची, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया।
प्रदेश न. ६ सल्यान, सुर्खेत, दैलेख
प्रदेश न. ७ कैलाली, कंचनपुर, डडेल्धुरा, अछाम र डोटी

## ३.६ इओसी नेपाल पर्यवेक्षण कार्ययोजना

निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल) को पर्यवेक्षण कार्ययोजना सबैखाले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित बनाउन सहयोगी भूमिका खेल्ने उद्देश्यले स्थापित एक गैरसरकारी, गैरराजनीतिक र गैरलाभ लिने संस्था हो। यस संस्थाका तर्फबाट निर्वाचन पर्यवेक्षण कार्यमा सरिक हुने सबै व्यक्तिहरूलाई पर्यवेक्षण कार्यमा संलग्न रहँदाको अवधिभरका लागि लागू हुनेगरी संस्थाको कार्ययोजना तर्जुमा निम्नानुसार गरिएको छ।

- पर्यवेक्षणको क्रममा हिमाल, पहाड, तराई मधेशका सुगम तथा दुर्गम क्षेत्रलाई समेटेर मुलुकको सातै प्रदेशहरूमा पर्यवेक्षकहरू खटाइने छ।
- निर्वाचन क्षेत्रहरूमा समावेशीको आधारमा महिला, दलित, सिमान्तकृत, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका साथै तेस्रो लिङ्गी व्यक्तिहरूलाई समेटेर पर्यवेक्षकहरू नियुक्त गरिने छ।
- निर्वाचन पर्यवेक्षकको छनोट गर्दा लोकतान्त्रिक शासन व्यवस्थामा विश्वास गर्ने नैतिक चरित्र भएको व्यक्तिलाई संलग्न गरिने छ।
- निर्वाचन आयोगले तोकेको मापदण्ड र आचारसहिंता अनुरुप पर्यवेक्षकहरूको छनोट गरिने छ।
- पर्यवेक्षण अवधिभरि निर्वाचन पर्यवेक्षकलाई कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा लाग्न निरुत्साहित गरिने छ।
- कुनैपनि राजनीतिक वा धार्मिक बहस वा छलफलमा निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसि नेपाल) का सदस्य वा पर्यवेक्षकहरूले आफ्नो संलग्नता जनाउने छैनन्।
- इओसि नेपालले अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय पर्यवेक्षण संघसंस्था, सम्बन्धीत व्यक्ति वा संस्था, निर्वाचन आयोग र स्थानीय प्रशासनसँग समन्वय र सद्भाव राखि पर्यवेक्षण गर्नेछन्।
- संस्थाको उद्देश्य अनुरुप निर्वाचन क्षेत्रमा मतदाता शिक्षा, नागरिक शिक्षा, तथा लोकतान्त्रिक प्रणालीको सहजिकरण जस्ता कार्यक्रम संचालन गरिने छ।
- स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्नको लागि आवश्यक कार्यक्रमहरू विभिन्न क्षेत्रमा संचालन गरिने छ।
- विशेष, मध्य अवधि, छोटो अवधि र लामो अवधिमा पर्यवेक्षण गर्ने गरी पर्यवेक्षकको टोली निर्माण गर्ने र सोही अनुसारको प्रशिक्षण तथा सहजीकरण गरी पर्यवेक्षणलाई विश्वासीलो, भरपर्दो तथा प्रभावकारी बनाइने छ।
- निर्वाचन आयोगसँग नियमित सम्पर्क समन्वय र सहयोग आदन प्रदान गरिने छ।

## ३.६ निर्वाचन पर्यवक्षण समिति नेपालको संरचना र प्रशासनिक व्यवस्था

संस्था दर्ता ऐन २०३४ को दफा ४ अनुसार काठमाडौ जिल्ला प्रशासन कार्यालयमा दर्ता भइ समाज कल्याण परिषदको आबद्धता लिएर निर्वाचन पर्यवेक्षण गर्न निर्वाचन आयोगबाट स्वीकृति प्राप्त गरेको छ। १५ जना कार्यसमिति, ६ जना सल्लाहकारसहितको निर्वाचन पर्यवेक्षण समिति, नेपाल काठमाडौको बुद्धनगरमा रहेको छ। निर्वाचनका बेला पर्यवेक्षण कार्य सम्पन्न गर्न व्यवस्थापक, प्रशासन तथा लेखा अधिकृत, पर्यवेक्षक संयोजक, कार्यालय सहायक र स्वयमंसेवकहरूको समेतको सहभागितामा विधिसंगत प्रशासनिक व्यवस्था मिलाइएको थियो। प्रत्येक जिल्लामा पर्यवेक्षक परिचालित हुँदा एकजनाले समूहको अगुवाइ गर्ने व्यवस्था मिलाइएको थियो।

## ३.७ इओसी नेपालको निर्वाचन पर्यवेक्षण र पाइएका तथ्यहरू

**– मतदान पूर्व**

राज्यले चुनावको घोषणा गर्न ढिला गर्‍यो। शान्ति सुरक्षालाई सुव्यवस्था गर्न नसक्दा निर्वाचनका मुखमा आएर ठाउँठाउँमा बम आतंक भए। निर्वाचन आयोगको भूमिका पनि धेरै कमी कमजोरी पाईयो। कर्मचारीको सरुवालाई कडाई गर्न नसक्दा सरकारमा फेरबदल हुने क्रम रोकिएन। आचारसंहिता पालना गर्नुपर्ने पर्ने कुनै पनि निकायले पालना नगरे को पाइयो। तडक भडकले निर्वाचनलाई महँगो बनायो।

स्थानीय तहको निर्वाचनको तुलना गर्दा यसपटक मानवीय क्षति भएन। स्थानीय तहको निर्वाचनमा दोलखामा एकजना भिडन्तको क्रममा अर्का एक जना प्रहरीको गोलीबाट मारिएका थिए। प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा त्यस्ता खालका घटनाहरू भएनन्। चुनावलाई प्रभाव पार्ने विप्लव समूहका तर्फबाट बम विस्फोट गराउने जस्ता घटनाहरू भए। बढी घटना काठमाडौंमा नै भएको पाईयो। काठमाडौंमा टाँसेका जस्ता पोष्टर बाहिर जिल्लाहरूमा कम देखिए। मतदातालाई प्रभावित पार्ने काम त्यस्ता हर्कत बाहिर पनि भए। धैरे गाडीको प्रयोग गर्ने, खुवाएर मतदाता आफ्नो पक्षमा पार्नेजस्ता काम पनि भए। विस्तारै सुधार हुँदै जानेछ भन्ने हाम्रो अपेक्षा हो। विभिन्न बहानामा भोजहरू लगाईएको, कसैको श्राद्ध, कसैको जन्म वा उत्सवको बहानामा भोज भतेर भएको पाइयो। कतै मासु, चामल, कतै नगद, कतै लुगाफाटो घरघरमा पठाउने काम पनि भयो। यसले मतदातालाई खरिद गर्न खोजेको अर्थ लाग्छ। मतदाता शिक्षामा कमजोरी देखियो। मतदाता कता मत खसाल्ने भन्ने अलमलमा देखिए।

**– मतदानका दिन**

मतदान केन्द्र व्यवस्थित र सुरक्षित गरिएको पाइयो। मतदान केन्द्रमा मतदान सामाग्री पर्याप्त मात्रामा पुर्‍याइएको थियो। मतदान केन्द्रमा सुरक्षाको प्रबन्ध राम्रो मिलाइएको थियो। आवश्यक मात्रामा कर्मचारी र स्वयमसेवकहरूको व्यवस्था मिलाइएको थियो। मतपत्र ठूलो हुँदा मतदान गर्न गएका मानिसहरूको लागि मतपत्रका चुनाव चिन्ह पत्ता लगाउन कठिन भएको देखियो। निर्वाचनका क्रममा केहि हिंसात्मक घटना र केहि ठाउँमा मतदान स्थगितको घटना बाहेकका स्थानहरू लगायत समग्रमा निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको पाइयो। अधिकांश मतदानस्थल अव्यवस्थित र अपाङ्ग, जेष्ठ नागरिक, असक्त बिरामी मैत्री नभएको पाइयो। कतै मतदाता परिचय पत्र भएको मतदाता नामवलिमा नाम नभएका त कतै मतदाता नामावलीमा नाम भएको तर परिचयपत्र नभएको गुनासा सुन्न र हेर्न पाईयो। कसैको मतदाता नामावलीमा नाम नभएको तर हातमा मतदाता परिचय पत्र बोकेर आएपनि मतदान गर्न नपाएको पाइयो।तीन वटा मतपत्रमा कता के गर्ने? कता के गर्ने? मतदाता रनभुल्लमा परेको पनि देखियो। धेरै मत पत्र बदर भएको तथ्यले पनि यो पुष्टि गरेको छ। मत पेटिका खोल्दा र बन्द गर्दाका आवश्यक प्रक्रियाहरूको खासै कमी कमजोरी देखिएन।

**– मतदान पश्चात**

मतपेटिका ओसारपसार र सुरक्षाको स्थिति मजबुत देखियो। मतदानस्थल र मतगणनाको सुरक्षा र प्रक्रिया सन्तोषजनक थियो। मतगणना स्थलमा उम्मेदवारका प्रतिनिधि भए पनि पर्यवेक्षणमा खटिएका पर्यवेक्षकले बाहिर बस्नु परेको अवस्थालाई नकार्न सकिन्न। मत ओसार्न हेलिकप्टरको प्रयोग गरिएको पाइयो। ज्यादै थोरै मतदाता भएको स्थलमा महँगो हेलिकप्टर चढेर मतपेटिका ओसार्नु पर्ने हुनाले यो अति महँगो भयो। यसको विकल्प खोज्न जरुरी छ। अझै पनि चुनाव प्रचार गर्दाका पोष्टर नउठाएका केही ठाउँहरू छन्। निर्वाचन आयोगमा खर्च विवरण बुझाउनतिर सिमित उम्मेदवारहरूको मात्र ध्यान गएको छ। जित्नेहरूले महँगो भोज भतेर गरेका सूचनाहरू प्राप्त भए।

# परिच्छेद -४ प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन पर्यवेक्षण विश्लेषण

## ४.१ पर्यवेक्षणको प्रक्रिया/विधि :

- निर्वाचन क्षेत्रको प्रत्यक्ष अवलोकन
- उमेद्वार र मतदाताहरूसँग प्रश्नोत्तर
- चेकलिष्ट रुजु
- स्थानीय स्वयम सेवकहरूसँग टेलीफोन सम्पर्क तथा समन्वयबाट सूचना संकलन।
  स्थानीय संचार माध्यमहरूसँग समन्वय तथा सम्पर्क।
- निर्वाचन कार्यालय, प्रहरी प्रशासनसँग समन्वय तथा सम्पर्क।
  अन्य स्वदेशी पर्यवेक्षण संस्था नियोक, जियोक, इन्सेक, लगायतक पर्यवेक्षकहरूसँग समन्वय र सम्पर्क।
- सम्बन्धीत निर्वाचन अधिकारीहरूसँग सम्पर्क

## ४.२ तथ्याङ्कको प्रकृति :

पर्यवेक्षक, संचार, प्रेस, राजनीतिक दलका प्रतिनिधि, स्वतन्त्र बुद्धिजीवीहरूबाट प्राप्त निर्वाचन प्रक्रियाका सवल तथा दुर्वल पक्षको समीक्षात्मक विवरण।

## ४.३ तथ्याङ्कको विश्लेषण विधिः

- निर्वाचनमा नागरिकको मौलिक अधिकारको हनन, मानव अधिकारको हनन, निर्वाचन आचारसंहिताको उल्लंघन तथा निर्वाचन प्रक्रियालाई केन्द्रमा राखेर गरिने विधि हो।
- तथ्याङ्क विश्लेषण विधि तथा प्रस्तुतीकरण
- राष्ट्रिय निर्वाचन पर्यवेक्षणका लागि अनुमति प्राप्त संस्थाहरूबाट प्राप्त सूचनाहरू,
- पर्यवेक्षणबाट प्राप्त तथ्य, तथ्याङ्क, र अभिमतहरू
- इओसीका केन्द्रिय समितिका सदस्यहरूको भ्रमणबाट प्राप्त सूचना,
- नागरिक समाजका स्वतन्त्र व्यक्तिहरूको सुझावहरू
- स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिका तथा अन्य संचार माध्यमले प्रसारण गरेका खबरहरू।

## ४.४ तथ्याङ्कको प्रमुख खोज

**क) निर्वाचनको स्वतन्त्र अनुभूति** : व्यक्तिको विचार, न्यायपालिका, संगठन, सभा सम्मेलन, अभिव्यक्ति र सूचना, निर्वाचनको आधारको स्वतन्त्रता माथिको अध्ययन र भेदभाव, मतपत्रसहितको गोप्य मतदान प्रक्रियालाई जनताले वा मतदाताले गर्ने मूल्यांकन हो।

**ख) निस्पक्ष निर्वाचनः** कानुनी तथा प्राविधिक क्षमता, विभेदको अन्त्य गर्ने उपायको अवलम्बन, बालिक मताधिकार र समानता, एक मत एकव्यक्तिको अवधारणालाई बुझ्नु पर्छ।

**ग) निर्वाचन अवधि र समय निर्धारणः** चुनावको कार्यक्रम घोषणा, निर्वाचनको स्थगन, चुनाव अवधि निधारण भन्ने बुझ्नु पर्छ।

**घ) विश्वसनीय निर्वाचन पद्धती** : निष्पक्ष कार्यविधिको माध्यमबाट सुरक्षाकर्मीहरूको भूमिका, कर्मचारीको कार्यकुशलता, कानुनी तथा प्राविधिक सवालहरू, सरकारी सेवामा समान पहुँच र उपयुक्त छनौट।

**ङ) निर्वाचन सम्बन्धी कानून तथा नियमहरू** : संचारमाध्यम, अपराध दण्ड र शान्ति सुरक्षा, मानवअधिकारको सम्मान, उजुरी, निवेदन र पुनरावेदन, निर्वाचन क्षेत्रको निर्धारण, कानुनी राज्यको संरचना, निर्वाचन पर्यवेक्षण, सूचनाको हक र मतदाता परीक्षण, निर्वाचन प्रशासन मतदान र परिणाम, राजनीतिक दल र उम्मेदवारको छनोट, फोटो सहितको मतदाता दर्ता र सूची।

**च) अन्य महत्वपूर्ण सवालहरू** : निर्वाचन अभियान, सरकारी स्रोत तथा साधनको सदुपयोग, खर्चको सीमा, स्रोत तथा विवरण, खुल्ला तथा अनिन्त्रित सीमानाकोप्रभाव निर्वाचन आचारसंहिताको पालना, कर्मचारी नियुक्ति, सरुवा र बढुवामा रोक, समग्र राजनीतिक वातावरण र सुरक्षाको व्यवस्था, निर्वाचन पद्धति अनुसार जनसहभागिता आदि।

**छ) मतदानको स्थिति र मूल्याङ्कन** : निर्वाचन प्रक्रिया, मतदान रहने स्थानहरू, मतदानको समय, मतदान केन्द्र सुरक्षा व्यवस्था,

संचार अनुगमन प्रणाली, हिंसात्मक क्रियाकलाप मतदानमा प्रयोग हुने सामाग्रीहरूको पर्याप्तता, मतदान संचालन प्रक्रिया, मतदान समाप्त भएपछिका प्रकृयाहरू र ढुवानी व्यवस्था।

**ज) मतदान पछिको स्थिति मूल्याङ्कन :** मतगणनासम्बन्धी व्यवस्था, निर्वाचन परिणाम, परिणाम पछिको व्यवस्थापन, निर्वाचन परिणामका सम्बन्धमा गरिने उजुरी, ग्रहण र तिनलाई समाधान गर्न वैधानिक उपायहरू, उपयुक्त तथा निश्पक्ष छन् कि छैनन् भन्ने विषयको वास्तविकता।

## ४.५ निर्वाचनका सबल र कमजोर पक्षहरुः

के मतदाता नामावली संकलनमा कमीकमजोरी थियो? किन मदाता नामावलीमा नाम छुटेको भन्नेहरू भेटिए? गाउँमा भन्दा शहरमा धेरै मत पत्र बदर हुनुको कारण के हो? मतदान केन्द्र मतदाताको पहुँचमा थियोकि थिएन? निर्वाचनको प्रचारप्रसारको क्रममा राजनीतिक दलका कार्यकर्ता किन हिंसामा संलग्न? मानिसको सुरक्षा पहिचान, र सहभागिताको सम्मान, संरक्षणमा र परिपुरणको अनुभूति सहितको स्वतन्त्र, स्वस्थ, प्रतिस्पर्धा हुन सकेन? साम, दाम र दण्डभेदको कुसंस्कार किन परिवर्तन आउन सकेन? निर्वाचनमा दल र उम्मेदवारको खर्चको सिलिङ्ग नाघेको, अत्याधिक खर्च गर्ने र पारदर्शीताको विषयमा गम्भीर विश्लेषण हुनुपर्छ।

निर्वाचन आयोगले सार्वजनिक गरेको डाटामा पनि आशंका उब्जाउने ठाउँ देखियो। जस्तो निर्वाचन आयोगको २०७४ कार्तिक ८ गते जारी गरेको प्रेस विज्ञप्तिका अनुसार दोस्रो चरणमा १ करोड २१ लाख ९८ हजार ८५२ मतदाताले मतदान गर्ने छन् भन्ने उल्लेख गरेको थियो। निर्वाचन आयोगको २०७४ मंसिर २१ गते दिउँसो १ बजे जारी गरेको प्रेस विज्ञप्तिमा दोस्रो चरणको निर्वाचनमा कुल १ करोड २२ लाख ३५ हजार ९९३ मतदातालाई आफ्नो मताधिकार प्रयोग गर्ने अधिकार रहेको उल्लेख गरिएको थियो।

निर्वाचन आयोगका प्रमूख आयुक्त डा. अयोधिप्रसाद यादवले मिडिया सेन्टरमा मंसिर २१ गते साँझ आयोजित विशेष पत्रकार संम्मेलनमा दिनुभएको वक्तव्यमा १ करोड २२ लाख ३५ हजार ९९३ मतदाताले आफ्ना मतदान अधिकार प्रयोग गर्नुभएको बताउनु भएको थियो। यसरी आयोगको दुई खाले तथ्याङ्कले ३७ हजार १४१ मतदाताको संख्यामा फरक देखिनुले आयोग माथि प्राविधिक त्रुटी भएको मान्ने की शंकाको ठाउँ दिने भन्ने प्रश्न उठेको छ। निर्वाचन सम्बन्धी आधिकारीक संस्थाले तथ्याङ्क यथार्थ दिनसक्दैन भने यसमा जनता प्रश्न उठाउने अवस्था रहन्छ।

**सबल पक्षहरू**

राजनीतिमा सहिष्णुता बढेको छ। असल राजनीतिक संस्कारको सुरुवात भएको छ। दलहरूमा आचारसंहिताको परिपालना गर्नुपर्छ भन्ने थोरै भएपनि चेतनामा बृद्धि भएको छ। कार्यकर्ताको बीचमा हुने विवादमा कमी आएको छ। सदाचारी नेतालाई उम्मेदवार बनाउँदा सकारात्मक सन्देश जाने रहेछ भन्ने चेतना आएको छ। निर्वाचनमा हुने खर्चमा कमी ल्याउनु पर्छ भन्ने सवालमा अधिकांश पार्टीको एक मत भएको छ। निर्वाचन आयोगलाई सबल बनाउनु पर्छ भन्ने सवालमा पार्टीहरूको एकै मत रहेको पाइन्छ। निर्वाचनका हरेक पक्षमा ढिलै र थोरै भएपनि सुधारका संकेतहरू देखिएका छन्।

**कमजोर पक्षहरुः**

निर्वाचन स्थलमा मतदाता एकरुपताको अभाव देखिए। कतिपय ठाउँमा मोवाईल स्विच अफ गरेर बोक्न पाउने व्यवस्था थियो भने कतिपय स्थानहरूमा मोबाईलसहित प्रवेश निषेध गरिएको थियो। निर्वाचनमा दल तथा उम्मेदवारहरूले अत्याधिक खर्च गरेको, चुनाव प्रचार सामाग्री र भोज भतेर, जलपान, यातायातमा अनियन्त्रित खर्च गरेको पाइयो।

## ४.६ तथ्यगत विश्लेषण तथा समीक्षात्मक विकल्पहरूः

१. **मतदाता शिक्षामा प्रभावकारी भएन :** मतदाता शिक्षाका लागि खटाइने कार्यकर्तामा व्यक्तिको योग्यता, सीप र निश्पक्षतामा संका गर्नुपर्ने अवस्था रह्यो। मतदाता शिक्षामा भएको ठूलो धनरासीको उचित प्रयोग नभएको पाइयो। निर्वाचन आयोगले यसको विकल्प खोज्नु पर्छ।

**विकल्पः** मतदाता शिक्षा स्थनीय तहबाटै हुने गरी संयन्त्र बनाइनु पर्छ। सामुदायिक माविका सामाजिक विषय पढाउने शिक्षकलाई खटाइयो भने मतदाता शिक्षा प्रभावकारी हुनसक्छ। मतदाता शिक्षा स्थानीय युवा क्लबलाई दिने र स्थानीय सरकारको अनुगमनमा आर्थिक लगानी गर्ने हो भने बढि प्रभावकारी हुन सक्ने देखिन्छ। सामाजिक संस्था र निर्वाचनसँग सम्बन्धीत काम गर्ने संस्थाहरूमार्फत पनि मतदाता शिक्षा दिन सकिने व्यवस्था गरियो भने अझ राम्रो उपलब्धि हुन्छ। मतदाता शिक्षा स्थानीय भाषामा हुनुपर्छ।

२. **महिलालाई उम्मेदवार बनाउँदाको संकिर्ण चिन्तन :** महिलालाई उम्मेदवार बनाउँदा संविधानको आसय विपरित बनाएको पाइयो। स्थानीय तहमा धेरै महिला उपप्रमुख र उपाध्यक्ष पदको लागि उठाइयो। यो सोच संविधानसंगत छैन। कानुनले दुई

पद मध्ये एक पदमा महिला हुनुपर्छ भन्ने व्यवस्था गर्नु आवश्यक छ। राजनीतिक दलहरुले प्रतिनिधि सभा र प्रदेशसभाको निर्वाचनमा महिलालाई प्रत्यक्ष तर्फ जनसंख्याको आधारमा समावेशी हुने मौका दिएनन्। टिकट दिइएका महिलालाई पनि नजित्ने वा अर्को दलको बलियो उम्मेदवारसँग लडाएर हार्ने वा ब्यालेन्स मिलाउने नियतले कमजोर ठाउँमा मात्र उठाइएको पाइयो।

**विकल्पः** महिलाको प्रतिनिधित्व प्रतिनिधि सभा तथा प्रदेशसभामा प्रत्यक्षतर्फ पनि पुरुष सरह हुने कानुनी रुपमा बाध्यकारी व्यवस्था बनाउनु पर्छ। यसका लागि निर्वाचन आयोगको भूमिका विशेष रहनुपर्छ।

३. **निर्वाचनको लागि चन्दा लिने प्रक्रिया अपारदर्शीः** उद्योगी तथा व्यापारीसँग निर्वाचन प्रयोजनका लागि पार्टी प्रमुखले चन्दा लिने गर्दछन्। यसको कुनै पारदर्शिता छैन, लेखाजोखा पाइएन। चन्दा रकमको नेपाल सरकारको निकायद्वारा लेखापरिक्षण गर्नेगरी बैंकमार्फत मात्र रकम लिने दिने व्यवस्था कागजमा मात्र सिमित भयो। रकम लिने पार्टी प्रमुख र सोही पार्टीको सामान्य कार्यकर्ता बीचमा समेत पारदर्शीता देखिएन।

**विकल्पः** राजनीतिक पार्टीको चन्दा र हिसाबकिताब सरकारी हिसाब सरह खुला र सरकारी लेखापरिक्षणद्वारा आन्तरिक र अन्तिम लेखापरिक्षणको व्यवस्था गरिनु पर्छ। हरेक पार्टीहरूमा आर्थिक मामलामा नेता प्रधान नभएर प्रणालीगत रुपमा पारदर्शी हुने कानुनी व्यवस्था हुनु आवश्यक छ।

४. **निर्वाचन आचारसंहिता उल्लंघनमा प्रतिस्पर्धाः** निर्वाचनका सबै पक्ष, खास गरेर राजनीतिक पार्टीका उम्मेदवार तथा कार्यकर्ता निर्वाचन आचारसंहिता उल्लंघन गर्न मै माहिर देखिए। निर्वाचन आयोगले तोकेको सीमाभित्र रहेर निर्वाचन आचार संहिता पालना गर्नु पर्ने विषयले प्रथमिकता पाएन। निर्वाचन आयोग र आयोगबाट खटिएका अनुगमन टोलीले स्पष्टिकरण सोध्ने, चेतावनी दिने, र तर्साउने कामबाहेक अन्य कडा कारबाही गर्ने काममा अगाडि बढेको पाइएन्।

**विकल्पः** निर्वाचन आयोग निरिह बन्नु हुँदैन। ठाउँको ठाउँ कारबाही गर्न सक्नु पर्छ। आफ्नो अधिकार क्षेत्रभित्रका काम गर्न आयोगले हिचकिचावट गर्नुहुँदैन।

५. **धन र बलको चुनावले लोकतन्त्र संस्थागत नहुनेः** प्रतिनिधिसभाको निर्वाचनमा राजनीतिक पार्टीले टिकट दिएका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवार धन र बलको आधारमा चुनाव लडे-लडाएको पाइयो। सदाचारीले टिकट नपाएको गुनासो सुनियो। चुनाव खर्च बेहोर्न सक्ने व्यक्तिलाई मात्र पार्टीले उम्मेदवार छान्ने प्रक्रिया देखियो। यो क्रमबद्धतालाई भंग गर्न नसके खतरनाक राजनीतिक संस्कार बन्न सक्छ। तस्कर र धनाड्यको चंगुलमा निर्वाचन भयो भने समग्र लोकतन्त्रमाथि नै प्रभाव पर्न सक्छ।

**विकल्पः** यसलाई रोक्न सदाचारी, मानिसको उम्मेदवारी रहन सक्ने वातावरण बन्न चाहिने नीतिगत सुधार आवश्यक छ। धन, डन र गनको आधारमा भन्दा सदाचारी उम्मेदवारलाई सहभागि गराउन सक्नु पर्छ। यसको लागि सम्बन्धीत पक्षहरूको ध्यान जानु पर्छ।

५. **निर्वाचनमा प्रचार शैली भडकिलो खर्चिलोः** चुनावको प्रचार सैली डिजे ल्याएर साँस्कृतिक कार्यक्रम गर्ने र यसको लागि एक दिनकै ८ लाखसम्म खर्च गर्ने प्रवृत्ती देखियो। धेरै मिटरको तोरण टाँग्ने र त्यस कपडामा चुनाव प्रचार गर्ने चतुर विधाले आचारसंहिता छल्न खोजेको छ। निर्वाचन आचार संहिताको उल्लंघन गरेको छ। खर्च बढाएको छ।

**विकल्पः** डि.जे कार्यक्रम (नाचगान) रोक्ने र तोरण टाँग्न नपाइने नीतिगत व्यवस्था गरिनु पर्छ। निर्वाचन पछि पनि उम्मेदवारलाई नै बदर गरिदिने खालको कानुन जरुरी छ।

६. **निर्वाचनमा धन, डन र गन प्रवृत्तिः** सांसद र सभासद भएपछि मन्त्री होइन्छ, मन्त्री भएपछि कालो सेतो भ्रष्टाचार वा कमिशन खान पाइन्छ, आफन्तलाई वा तस्करलाई ठेक्का पार्न सकिन्छ, अनि त्यसबाट चुनाव खर्च उठाइन्छ, भन्ने आशा-भरोसामा कालो सेतो धनको लगानी गरी चुनाव जित्ने र चुनाव जितिसकेपछि मन्त्री भई भ्रष्टचार गरेर धन कमाउने संस्कार बढेने खतरा।

**विकल्पः** सांसद र सभासद्ले मन्त्री नै हुन नपाउने र मन्त्री हुनलाई साँसद र सभासद नै हुनु नपर्ने तर मन्त्री हुन विज्ञहरू मात्र हुने व्यवस्थाका लागि संविधानमा परिवर्तन गर्न जरुरी छ। राजनीतिमा सेवाको भाव र इमान्दारहरूको प्रवेश गराउन सक्नु पर्छ। गान्धी रोल मोडल नेताको सम्मान र कदरको व्यवस्था हुनुपर्छ।

७. **राजनीतिमा रिटायर्डमेन्टः** एक व्यक्ति कतिपटक पार्टीको सभापति वा अध्यक्ष हुने ? कतिपटक राष्ट्रपति हुने ? कतिपटक प्रधानमन्त्री हुने ? उमेरको अन्तिम हद कति हुने ? यो नैतिक बलले मात्र नहुने रहेछ।

**विकल्पः** संविधानमा वा ऐनले यसको मापदण्ड तोक्नु पर्छ।

८. **राजनीतिमा लागेका कर्मचारीले गरेको चुनाव :** निजामति कर्मचारीहरू, सरकारी विद्यालयका शिक्षकहरू, सरकारको स्वामित्व भएका संघ संस्थाका कर्मचारीहरू कुनैनकुनै राजनीतिक दलका सदस्य वा पहिचान बोकेका छन्। कर्मचारी ट्रेडयुनियनमार्फत दलीय विभाजन गरिएका छन्। त्यति मात्र हैन बहालवाला कर्मचारी पार्टीको केन्द्रिय समितिमा सम्म

रहेका छन्। यस्ता कर्मचारीले सम्पन्न गरेको निर्वाचन कसरी स्वतन्त्र, निस्पक्ष र धाँधलिरहित हुन सक्छ? कर्मचारी हो, ऊ कसरी राजनीति गर्न सक्छ?

**विकल्पः** कर्मचारीलाई राजनीतिबाट अलग राखिनु पर्छ राजनीति गर्ने कर्मचारी हुन नसक्ने कानुनी व्यवस्था हुनुपर्छ।

९. **मिडिया कर्मीको संगठन राजनीतिक पार्टीका अंगहरूः** आफू आबद्ध पार्टीको बिरुद्धमा सोही पार्टीको आस्थावान संगठनको लेभल लागेको कलम र बोलीको विश्वास कतिको निश्पक्ष रुपमा चल्छ? यो त संचारका श्रोताहरूले चाल पाइसकेका छन्।

**विकल्पः** निर्वाचनमा मिडियाको रोल र निश्पक्षता सम्बन्धी अलग नियम बनाउनुपर्छ। राजनीतिक संगठनमा आबद्ध मिडियाकर्मीलाई निर्वाचनसम्बन्धी प्रसारणमा रोक लगाउनु पर्छ।

१०.**अधिकारकर्मी वा पर्यवेक्षक पनि राजनीतिक पार्टी नजिकः** मानव अधिकारवादी वा निर्वाचनको पर्यवेक्षण गर्ने उद्देश्यले खोलिएका संस्था र त्यसैमा संम्लग्न व्यक्तिप्रति पनि राजनीतिक आस्थाको कारण विवादमा पर्ने गरेको पाइन्छ।

**विकल्पः** विश्वासिलो, भरपर्दो बनाउन सरल तथा प्रभावकारी स्थायी पर्यवेक्षण संयन्त्र निमार्ण र विकास गर्ने।

## ४.७ सारांश/निष्कर्ष

२०७४ मंसिर १० र २१ गते बुधबार विहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म सम्पन्न भएको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको पहिलो र दोस्रो चरणको निर्वाचन शान्तिपूर्ण रह्यो। दुवै चरणको मतदान उत्साहजनक र मतदाताको व्यापक सहभागितामा सम्पन्न भएको पाइयो।

निर्वाचन आयोगको कार्यतालिका बमोजिम भएको दोस्रो चरणको निर्वाचनमा आयोगको तयारी, मतदान अधिकृतहरूको व्यवस्थापन र मतदान सामाग्रीहरूको ढुवानी र मतदान पश्चात मतपेटिकाको सुरक्षा व्यवस्था सन्तोषजनक देखियो। मतदाताहरू बिहानैदेखि लाइनबद्ध भएर मतदानका लागि उत्साहित देखिन्थे। निर्वाचन अघि मतदातामा त्रास उत्पन्न गर्ने हिसाबले केही हिंसाका घटनाहरू भए पनि मतदानस्थलमा सुरक्षा व्यवस्था राम्रो हुँदा मतदाताहरू निर्भयतापूर्वक मतदान गर्न स्थलमा उपस्थित देखिन्थे। निर्वाचन प्रचारप्रसार पहिलाका निर्वाचनको तुलनामा सभ्य देखिन्थ्यो, तर 'ठेकेदार' हरू लाखौं लाखमा मतदाताहरूलाई किनबेच गरेको सुन्न पाइन्थ्यो। निर्वाचनमा सहभागी भएका दल तथा उम्मेदवारहरूले आफ्नो प्रचारप्रसार तथा सभा सम्मेलनमा बाधा अवरोध देखिएन।

मतदान केन्द्रहरूमा निर्वाचन आयोगका कर्मचारीहरू, राजनीतिक पार्टीका प्रतिनिधि, स्वयंसेवक, बिभिन्न संस्थाबाट खटिएका पर्यवेक्षकहरू, पत्रकारहरू, अन्तर्राष्ट्रिय पर्यबेक्षकहरूको चासो र सक्रियता प्रभावकारी देखियो। मतदान गर्न जाने बृद्धाबृद्धा र अपाङ्गता भएकाहरूलाई स्वयंसेबकहरूले सजिलै मतदान गर्न सहयोग गरेका थिए। सामान्यतया सबै स्थानमा विहान ७ बजेदेखि ८.१५ बजे भित्र मतदान प्रक्रिया सुरु भएको थियो। कतिपय ठाउँमा बिहान चिसो भएका कारण निर्वाचन समयमै सुरु हुन नसकेको देखियो।

केही मतदान केन्द्रहरू मतदान स्थल बनाउन उपयुक्त नरहेको देखिन्थ्यो भने केही मतदान स्थलहरू धेरै खुल्ला हुँदा मतदातालाई गोप्य मतदानमा असहज भएको देखिन्थ्यो। केही मतदान केन्द्रमा धेरै बुथ राखिँदा अनावश्यक भिडभाड देखिन्थ्यो भने यसले जनमानसमा त्रास देखिन्थ्यो। सप्तरीको राजविराज स्थित आधारभूत विद्यालयमा रहेको मतदान, भरतपुर महानगरपालिका नं ५ वडा वडा कार्यालय केन्द्र निकै साँघुरो भएका कारण मतदान गर्न जानेहरू र निर्वाचन आयोगका कर्मचारीहरूलाई निकै अफठ्यारो भएको थियो।

चितवनको मेलौलि स्थित श्री जानकी सेकेण्डरी स्कुलमा ५ वटा मतदान केन्द्र र राष्ट्रिय मा.वि. चितवन र ठूलो बालकुमारी मा.वि.मा एउटै स्थलमा सातवटा मतदान केन्द्र भएकोले धेरै भिडभाड हुन पुगेको र मतदातालाई गोपनीयता कायम समेत गाह्रो भएको देखिन्थ्यो।

निर्वाचनमा आम जनताहरू विशेष गरी महिला र यूवा जमातको उत्साहप्रद सहभागिता रह्यो। निर्वाचन स्थलमा खटिएका निर्वाचन आयोगका कर्मचारीहरू, सुरक्षा निकायका कर्मचारीहरूको भूमिका सहृदयी र सहयोगी भएको आममतदाताहरूले अनुभुति गरे। देशका केही स्थानमा भएका बम विस्फोटका घटना तथा निर्वाचनमा भाग लिने दलहरूबीच भएका झडपको घटनाले विगतका निर्वाचनहरूकै निरन्तरता महशुस गरियो, जसलाई सामान्य घटनाको रुपमा लिन सकिन्छ। शान्ति सुरक्षाको व्यवस्था तथा निर्वाचनको तयारी र व्यवस्थापन सन्तोषजनक रहेको पाइयो। निर्वाचनको सुरक्षाका लागि अधिकांश स्थानमा तीन घेरामा म्यादी तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको राम्रो व्यवस्थापन देखियो। निर्वाचन प्रक्रियालाई प्रभाव पार्ने गरी केही स्थानमा वम राखिएको कारण केही मतदान केन्द्रमा न्यून मतदाताले मात्र मतदान गरेको देखियो।

मतदाताको लाइनमा पुरुष भन्दा महिला धेरै देखिन्थे। बिहान पुरुषको संख्या बढी देखिन्थ्यो भने दिउँसो महिलाको उपस्थिति धेरै थियो। यो निर्वाचनमा स्थानीय तहको निर्वाचनमा खसेको मतको तुलनामा कम प्रतिशत मत खसेको भएता पनि मतदानमा सहभागी जनताको उत्साहमा कुनै कमी आएको पाइएन। फोटोसहितको मतदाता परिचय पत्रका कारण मतदान कार्य सहज भएपनि विभिन्न त्रुटिहरु पनि भेट्टिए। मतदाता शिक्षामा निर्वाचन भनेको के हो? निर्वाचन किन गरिन्छ

? यसको आवश्यकता र महत्व, कति छ ? भन्नेबारे दलहरूले मतदातासँग कुनै कार्यक्रम गरेको पाइएन । मतदाता शिक्षामा केही सुधार देखिए पनि समानुपातिक तर्फको मतपत्र ठूलो हुनु, धेरै दल हुनु तथा एउटै मतपत्रमा तल र माथि दुई ठाउँमा मतदान गर्नुपर्ने हुँदा केही मतदाता अलमल परेको देखिन्थ्यो तर प्रत्यक्षतर्फ प्रतिनिधि तथा प्रदेशसभाको मतपत्रमा मतदाताहरू त्यक्ति झुक्किएको देखिँदैनथ्यो । निर्वाचन आयोगले केवल पोष्टर टाँसे पनि मतदान गर्न घरदैलोमा मतदाता शिक्षा चलाएको पाइएन । ठूलो धनरासी खर्च भएको मतदाता शिक्षा कार्यक्रम सफल हुन नसकेको पाइयो ।

निर्वाचन आयोगले दाबा गरे अनुसार मतदाता शिक्षा सबै नागरिकसम्म पुगेको देखिएन । देशका सम्पूर्ण मतदान केन्द्रमा बदर मतको संख्या उल्लेखनीय नै देखियो । मत बदर हुनुमा सर्वोच्च आयोगको फैसला पनि एउटा कारण देखियो । निर्वाचन आयोगले प्रत्यक्षतर्फ पहिलो निर्वाचन हुने निर्वाचन र प्रदेशसभा निर्वाचनका लागि एउटै मत्रपत्र प्रकाशित गरेर मतदाता शिक्षा सुरु गर्‍यो तर पछि निर्वाचन आयोगले छुट्टाछुट्टै मतपत्र छाप्नु पर्ने आदेश दिएपछि मत्रपत्र नै ३ वटा बन्न पुग्दा मतदातामा अन्यौलता देखियो । अर्को दलहरूबीच भएको गठबन्धनबाट पनि मतदाता अन्यौल रहेको देखियो । यस्तो अन्यौलता विशेष गरी समानुपातिक मतपत्रमा बढी देखियो । त्यसैगरी समानुपातिक मत्रपत्र भद्धा र निर्वाचन चिन्हहरू धेरै हुँदा पनि मतदातालाई मतदान गर्न तथा पट्याएर बाकसमा खसाल्न समस्या देखियो । स्थानीय निर्वाचनमा धेरै ठाउँमा मतदान गरेका मतदाताले नबुझेर सातै ठाउँमा मतदान गरेको भन्ने पनि सुनियो ।

कतिपय निर्वाचन स्थलको सुरक्षाको नेतृत्व समेत महिलाले हेरेको देखिथ्यो । तर महिलाहरू स्वइच्छाले कसलाई मतदान दिने भन्ने कुरामा स्वतन्त्र देखिँदैन्थे । मतदाता शिक्षाको कुरा गर्दा थाहा छ, घरमा श्रीमानले यो चिन्हमा यसरी भोट हाल्न भन्नु भएको छ, यस्तै खालका प्रतिक्रिया सुनिन्थ्यो ।

बृद्धबृद्धा, असक्त तथा बच्चासहितका आमाहरूलाई स्वयम् सेवकहरूले हात समातेर सिधै मतदान स्थलमा लगेको देखिन्थ्यो । मतदान गर्न सक्ने हुँदा हुँदै पनि सहयोगी भएर गएको पनि देखिन्थ्यो । महिला मतदाताहरूको उपस्थिति उल्लेख्य देखिन्थ्यो । बिहान पुरुषको भिड देखिन्थ्यो भने दिउँसो महिलाहरूको सहभागिता राम्रो देखिन्थ्यो । अपाङ्गताको छुट्टै लाइन देखिन्थ्यो, तर अपाङ्ग मतदाताहरूको सहभागिता मतदानस्थलमा खासै देखिदैनथ्यो । केही मतदानस्थलमा प्राथमिक उपचारका लागि स्वयम् सेवकहरू देखिन्थे । मतदाताहरू खानेपानीको व्यवस्था नभएको भन्दै आक्रोस व्यक्त गरिरहेका थिए ।

निर्वाचन आचार संहिताको परिपालना, राजनीतिक दलहरूको परम्परागत सस्कार, निर्वाचन आयोगका प्राविधिक त्रुटी र महँगो चुनाव भनेर सबैले भनिराख्दा निर्वाचन प्रणाली र त्यस सम्बन्धी ऐन कानुनमा क्रमिक सुधार गर्नु पर्ने विषय छैनन भन्न सकिन्न । लोकतन्त्रको अभ्यास र संविधानको कार्यान्वयनसँगै निर्वाचनका कमजोर पक्षहरू आगामी दिनमा सबल बन्दै जाने छन् भन्ने इओसी नेपालको विश्वास छ ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको पहिलो र दोस्रो चरणको निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा राजनीतिक दलहरू, नेपाल सरकार, निर्वाचन आयोग, संचारजगत, शान्ति सुरक्षामा खटिएका चारै निकायका सुरक्षाकर्मीहरू, नागरिक समाज, निर्वाचनको पर्यवेक्षणमा संलग्न भएका पर्यवेक्षकहरू तथा आम मतदाताहरूको भूमिकाहरू प्रसंशनीय छन् ।

## ४.८ सुझावहरू

१. **मतदाता शिक्षा** : चौतर्फी मतदाता शिक्षा नपुगेको गुनासो छ । निर्वाचन आयोगले मतदाता शिक्षालाई सकेसम्म स्थानीय भाषामा निरन्तरता दिइरहनु पर्छ । मतदाता शिक्षाको प्रभावकारीता बढाउन जरुरी छ ।

२. **मतदाता परिचय पत्रः** मतदाता परिचय पत्रको विषयलाई लिएर धेरै मतदान केन्द्रमा विवाद भएको पाइयो । मतदाता परिचय पत्र छ, तर मतदाता नामावलीमा नाम छैन, मतदाता परिचय पत्रमा क्र.सं छैन, मतदान केन्द्र एक ठाउँमा मतदाता नामावली अर्को ठाउँमा जस्ता देखिएका प्रविधिक त्रुटीहरू हुन नदिने ।

३. **मतदाता नामावलीः** मतदाता नामावलीलाई नियमित गर्न जरुरी छ । मृत्यु, बसाईसराई, बैदेशिक भ्रमण, विवाह जस्ता घटनाको नियमित अनुगमन र डेटा सुनिश्चित गर्नुपर्छ ।

४. **मतदानस्थलः** मतदानस्थल सुरक्षित तथा सबैलाई पायक पर्ने हुनुपर्छ । मतदाताको बसाई, उमेर, र शारीरिक अवस्थालाई विचार गरेर मतदान स्थलको छनोट गर्नुपर्छ ।

५. **मतदाता मैत्री मतदान केन्द्रः** जेष्ठ नागरिक तथा अपाङ्गताको पहुँच पुग्ने सुविधायुक्त मतदान केन्द्र हुनुपर्दछ । मतदान केन्द्रमा कर्मचारीको व्यवहार मतदाता मैत्री हुनुपर्छ ।

६. **मतपत्रः** मतपत्रको गुणस्तर राम्रो हुनुपर्छ । मतपत्रमा लगाइएको स्वस्तिक छाप पछाडिबाट देखिनु हुन्न ।

७. **निर्वाचनको आचार संहिताः** निर्वाचनमा उम्मेदवार वा दलले लुगा कपडा वितरण गर्ने, चुरा धागो, धोती पछ्यौरा, विच्छि जस्ता गहना (नगद वा जिन्सि) वितरण गर्ने, पैसा बाँडेर आफ्नो पक्षमा मतदातालाई प्रभावित पार्ने जस्ता निर्वाचन आचार संहिता उल्लंघनका घटनाहरूलाई निरुत्साही गर्ने तथा कारवाही चलाउनु पर्छ । महँगा ठूलाठूला होडिङ्ग बोर्ड

राख्ने, सार्वजनिक स्थलमा पोष्टर पम्लेट टाँसेर फोहर बनाउने, चुनाव प्रचारको लागि डिजे कार्यक्रम गर्ने जस्ताकाम रोक्नु पर्छ ।

८. **बालबालिकाको प्रयोगः** निर्वाचनमा बालबालिको प्रयोग गर्ने उम्मेदवार वा राजनीतिक दललाई कानुनी कारबाहीको व्यवस्था हुनुपर्छ ।

९. **पर्यवेक्षकलाई दुर्व्यवहारः** निर्वाचन आयोगले अनुमति दिएको संस्थाले प्रशिक्षण दिएर निर्वाचन पर्यवेक्षणको लागि खटाईएको पर्यवेक्षकलाई मतदान स्थलको अवलोकन गर्न दिनु पर्छ। पर्यवेक्षकलाई मतदान अधिकृत र सुरक्षा कर्मीले दुर्व्यवहार गर्न नहने तथा कुनै पर्यवेक्षकबाट अनियमित गरे सम्बन्धीत संस्थामा खबर गर्ने कानुनी व्यवस्था हुनुपर्छ।.

१०. **गाडीको प्रयोगः** निर्वाचनको दिन आयोगले पास नदिएका गाडि चलाउनेलाई कारवाहीको व्यवस्था गर्नुपर्छ। आयोगको नियम कार्यान्वयन गर्दा एकरुपता देखिनु पर्छ। सकेसम्म निर्वाचनको दिनमा यातायातलाई बन्द गरिनु हुँदैन।

११. **थोरै मत पत्र ओर्सान हेलिकप्टरको प्रयोगः** यसको विकल्प खोजिनु पर्छ। थोरै मतपत्र ओसार्न हेलिकप्टरको प्रयोग गर्नु निर्वाचनलाई महगो बनाउनु हो।

१२. **अशक्तको नाममा मतदानः** अशक्त भन्दै सहयोगी बनेर एउटै मानिसले धेरै पटक मतदान गर्नु नहुने व्यवस्था हुनुपर्छ। असक्त हो वा होइन चिकित्सकको परामर्श लिनुपर्छ।

१३. **कर्मचारीको व्यवहारमा एकरुपताः** निर्वाचनमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीको निर्वाचनको काम कारवाही सम्बन्धी बुझाई र व्यवहारमा सबै क्षेत्रमा एक रुपता हुनुपर्छ। निर्वाचन आयोगको एउटै नीति नियम केन्द्रै पिच्छे फरकफरक व्याख्या र व्यवहार हुनुहुन्न।

१४. **कर्मचारी र मजदुर मतदाताः** निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा आफ्नो स्थायी बसोबासभन्दा टाढा ज्याला मजदुरी गर्न गएका मतदाताहरूले मतदान गर्न सहज ढंगले पाउने नीतिगत व्यवस्था हुनुपर्छ।

१५. **नो भोट** : मतदातालाई दल र उम्मेदवारलाई अस्वीकार गर्ने अधिकारको सुनिश्चितता गरिएको हुनुपर्छ।

१६. **निर्वाचन सुरक्षाः** निर्वाचनको सुरक्षाको भरपर्दो सुनिश्चितता उच्च सुरक्षा बलको विकल्पमा संविधान र राजनीतिक प्रक्रियाको आम स्वीकार्यतालाई सम्बोधन गर्नुपर्छ।

१७. **एकै चरणको निर्वाचनः** आगामी चुनाव एकै चरणमा गरिनु पर्छ साथै मौसमअनुकुल हुनुपर्दछ।

१८. **निर्वाचन प्रचारको समय** : पर्याप्त समय हुने गरी निर्वाचन कार्यतालिका बनाइनु पर्छ।

१९. **कानुनी संरचनामा फेरबदलः** निर्वाचन घोषणा भइसकेपछि नियम र कानुनी संरचनामा फेरबदल गरिरहने प्रवृतिले मतदाता र उम्मेदवारलाई अन्योलता बनाइनु हुन्न।

२०. **अन्यः** आवधिक निर्वाचनको घोषणा सरकारबाट हैन, निर्वाचन आयोगले गर्नु पर्छ। निर्वाचन आयोग शसक्त र कतैबाट प्रभावित हुन नसक्ने बनाइनु पर्छ। निर्वाचन खर्चलाई न्यूनिकरण गर्ने नीति बनाइनु पर्छ विदेशमा रहेका नेपालीहरूलाई मतदान गर्ने व्यवस्था सम्बन्धी कानुन बनाउनु पर्छ। त्यसको लागि आवश्यक संयन्त्र पनि आवश्यक छ। निर्वाचनसम्बन्धी कानुनहरूमा व्यापक छलफल गरी परिमार्जन गर्न जरुरी छ।

पहिलो चरणको निर्वाचनको ८७ दिन अघि मात्र सरकारले निर्वाचनको मिति घोषणा गरेपनि निर्वाचन आयोग निर्वाचन गराउन सफल भएको छ। थोरै समयमा निर्वाचन गराउनु पर्ने बाध्यता र आवश्यक कानुन निर्माणमा भएको ढिलाइ, जटिल भौगोलिक अवस्था र केही राजनीतिक दलहरूको चेतावनी आयोगका लागि चुनौती थियो।

# परिच्छेद - ५ संस्थाका गतिविधिहरू

## ५.१ पर्यवेक्षकहरूलाई तालिम

निर्वाचन पर्यवेक्षण समिति (इओसी), नेपालले प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन २०७४ मा पर्यवेक्षणपूर्व मध्यम अवधिका पर्यवेक्षकहरूलाई देशका ४ स्थानमा विशेष प्रशिक्षणको आयोजना गरेको थियो । विराटनगर, बुटवल, नेपालगञ्ज र काठमाडौंमा आयोजना गरिएका प्रशिक्षण कार्यक्रममा पर्यवेक्षकहरूलाई संस्थाको बारेमा जानकारी गराउँदै निर्वाचनमा पर्यवेक्षणको महत्व, पर्यवेक्षण विधि, निर्वाचन कानून, निर्वाचन आयोगले जारी गरेको आचारसहिंता, मतदान प्रक्रियामा देखिने विवाद र त्यसका समाधान तथा पर्यवेक्षकहरूले गर्नुपने जिम्मेवारीका साथै प्रतिवेदन लेखन सम्बन्धी प्रशिक्षण प्रदान गरिएको थियो । काठमाडौंको प्रशिक्षण कार्यक्रममा मूख्य अतिथि पूर्वनिर्वाचन आयुक्त डा. विरेन्द्र मिश्र हुनुहुन्थ्यो ।

काठमाडौं बाहिर आयोजना गरिएका प्रशिक्षण कार्यक्रमहरू विराटनगरमा क्षेत्रीय निर्वाचन प्रमुख प्रेमप्रसाद संजेल, बटवलमा मूख्य निर्वाचन अधिकृत नेपालगञ्जमा क्षेत्रीय निर्वाचन प्रमुख बसन्तराज अधिकारीको प्रमुख आतिथ्यतामा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो । प्रशिक्षण पश्चात पर्यवेक्षकहरूलाई प्रमाण-पत्र, ज्याकेट, निर्वाचन आयोगले जारी गरेको आचारसहिंता, इओसी-नेपालको पर्यवेक्षण निर्देशिका तथा परिचयपत्र सहित अन्य प्रशिक्षण सामाग्रीहरू उपलब्ध गराइएको थियो । पर्यवेक्षकहरूले निर्वाचनपूर्व, निर्वाचनको दिनमा तथा निर्वाचनपश्चात १० दिन पर्यवेक्षण गरेका थिए ।








### ५.२ निर्वाचन सम्पन्नपश्चातका अन्तरक्रिया कार्यक्रमहरू :



प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७४ को निर्वाचनको परिणाम घोषणा भएपश्चात ७ वटै प्रदेशमा इओसी नेपालद्वारा "निर्वाचन सम्बन्धी अनुभव र आगामी कार्यदिशा" विषयमा विभिन्न स्थानमा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रमहरू **२०७४ पौष २ गते प्रदेश नं. १** को विराटनगरमा प्रेम सञ्जेल, (क्षेत्रीय प्रमुख निर्वाचन आयोग), **पौष ४ गते प्रदेश नं. २** को जनकपुरमा परमेश्वर शाह (सांसद प्रदेशसभा), **पौष ९ गते प्रदेश नं. ४** को पोखरामा गंगालाल सुवेदी (क्षेत्रीय प्रमुख निर्वाचन आयोग), **पौष १९ गते प्रदेश नं. ५** को नेपालगञ्जमा वसन्तराज अधिकारी (क्षेत्रीय प्रमुख निर्वाचन आयोग), **पौष २० गते प्रदेश नं. ६** को जाजरकोटमा करवीर सिंह शाही (सांसद प्रदेशसभा) र **पौष २३ गते प्रदेश नं. ७** को महेन्द्रनगरमा शुसिलाचन्द सिंह (उपप्रमुख भिमदत्त नगरपालिका)को प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

६ वटा प्रदेशमा सम्पन्न भएका कार्यक्रमहरूमा विभिन्न क्षेत्रबाट निर्वाचनमा प्रत्यक्ष संलग्न सरोकारवालाहरू, राजनितिक दल, निर्वाचन आयोग, पत्रकार, नागरिक समाज, निर्वाचन पर्यवेक्षण गर्ने अन्य संघसंस्थाका प्रतिनिधिहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू, स्थानीय बुद्धिजीवि, प्राध्यापक लगायतका व्यक्तित्वहरूले सक्रिय सहभागिता जनाउनुभएको थियो । निर्वाचनपश्चात भएका उक्त अन्तरक्रिया कार्यक्रमहरू धेरै नै फलदायी भए, स्थान अनुसारका विभिन्न निर्वाचन सम्बन्धी समस्याहरू, निर्वाचनमा भए गरेका राम्रा नराम्रा कुराहरू, निर्वाचन विभिन्न निकायहरूको भूमिका, निर्वाचनमा धनको प्रभाव लगायत अब हुने निर्वाचनमा सुधारका उपायहरू रचनात्मक ढंगले व्यक्त गरिएका थिए । व्यक्त गरिएका विभिन्न रचनात्मक सल्लाह सुझावहरूलाई लिपिबद्ध गरि निर्वाचन आयोग, सरकार तथा अन्य सरोकारवाला निकायमा पेश गर्ने कार्यक्रम रहेको छ ।

### ५.३ राजधानीमा विशिष अन्तरक्रिया कार्यक्रम

इओसी नेपालले प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन तथा राष्ट्रिय सभा निर्वाचन, २०७४ को नतिजा सार्वजनिक भएपश्चात राजधानीमा हालै सम्पन्न निर्वाचन (स्थानीय तह, प्रदेशसभा, प्रतिनिधिसभा



र राष्ट्रियसभा) मा प्रतिनिधित्व र पहुँचको सवाल एक समिक्षा विषयक गोलमेच छलफल कार्यक्रमको आयोजना गरेको थियो ।

पहिलो छलफल कार्यक्रम **माघ २८ गते** राष्ट्रिय

मानवअधिकार आयोगका माननीय सदस्य श्री गोविन्द शर्मा पौड्यालको प्रमुख आतिथ्यतामा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मुस्लिम आयोग, आदिवासि जनजाति उत्थान प्रतिष्ठान, थारू कल्याणकारी सभा, मधेशी नागरिक समाज, राष्ट्रिय अपाङ्ग महासंघ, पिछडा वर्ग महासंघ, नेपाल पत्रकार महासंघ, नेपाल बार एसोसिएसन, र, महिला मानव अधिकार रक्षक सञ्जाल, निलहिरा समाज, गैसस महासंघका प्रतिनिधिहरु बिच सम्पन्न भएको थियो ।

यसैगरि **फागुन ३ गते** प्रमुख राजनितिक दलहरूका प्रतिनिधि, नागरिक समाज तथा पर्यवेक्षक संस्थाहरूका प्रतिनिधिहरु बिच गोलमेच छलफल कार्यक्रम सम्पन्न भएको थियो । उक्त गोलमेच छलफलहरूमा विभिन्न सहभागी संघ संस्थाका प्रतिनिधिहरूले हालै सम्पन्न भएका निर्वाचनहरूमा टिकट वितरण देखि समानुपातिक उम्मेदवारहरूको छनोट सम्मका गतिविधिहरूलाई विभिन्न कोणबाट विश्लेषण गरिएको थियो । साथै अब आउने निर्वाचनहरूमा समावेशी प्रतिनिधित्व अझै कसरी प्रभावकारी बनाउन सकिन्छ र उम्मेदवारीमा सबैको पहुँच कसरी गराउन सकिन्छ भन्ने बारे छलफलहरु भएका थिए ।

### ३.३ निर्वाचन सम्बन्धी छायाँचित्र निर्माण

निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी-नेपाल) ले प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७४ मा सम्पन्न गरेको पर्यवेक्षणको आधारमा प्रभावकारी पर्यवेक्षणको झझल्को आउने एउटा छायाँचित्र (Documentary) को निर्माण गरेको छ । उक्त छायाँचित्रमा निर्वाचनको घोषणाभएपश्चात निर्वाचन सम्पन्न हुँदा सम्मको सबै क्रियाकलापका दृश्यहरूलाई कैद गरिएको छ । आगामी दिनमा सम्पन्न गरिने निर्वाचनहरु सहभागितामूलक, समावेशी र पारदर्शी बनाउन, निर्वाचनको निष्पक्षता, तटस्थता र स्वीकार्यताका लागि सम्बोधन गरिन पर्ने विषयहरूलाई समेत उक्त छायाँचित्रमा उजागर गरिएको छ । उक्त छायाँचित्रले आगामी पुस्ताहरूलाई विगतमा सम्पन्न भएका ऐतिहासिक निर्वाचन सम्बन्धी विषयमा भविष्यमा जानकारी गराउने विश्वास लिइएको छ । उक्त भिडियो यो लिंकमार्फत युट्युबमा (https://www.youtube.com/watch?v=_BSZtJclXws&t=32s) पनि हेर्न सकिन्छ ।




### ३.४ अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्थाहरूसँग भेटघाट

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यनिर्वाचन, २०७४ मा पर्यवेक्षण गर्न आएका अन्तर्राष्ट्रिय संस्थाहरु एनफ्रेल (Anfrel) र युरोपिएन युनिएन पर्यवेक्षण मिसनका प्रतिनिधिहरु बिच विभिन्न चरणमा इओसि नेपालको सचिवालयमा औपचारिक भेटघाट भएको थियो । उक्त भेटघाट कार्यक्रमहरूमा निर्वाचन सम्बन्धी अनुभवहरु आदान प्रदान गरिएको थियो । पर्यवेक्षण सहकार्यका साथै इओसी नेपालले सार्वजनिक गरेको स्थानीय तह निर्वाचन खर्च विषय अध्ययन बारे पनि छलफलहरु भएका थिए ।




### ३.५ निर्वाचन अभियानमा हुने खर्चहरु सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक

**२०७४ मंसिर** १ गते निर्वाचन पर्यवेक्षण समिति नेपालले काठमाडौंको होटल अन्नपूर्णमा आयोजना गरेको स्थानीय तह निर्वाचन अभियानमा हुने खर्च सम्बन्धी अध्ययन, अनुसन्धान प्रतिवेदन सार्वजनिक गऱ्यो । कार्यक्रममा प्रमुख अतिथि रहनुभएका प्रमुख निर्वाचन आयुक्त माननिय श्री अयोधिप्रसाद यादवद्वारा प्रतिवेदनको सार्वजनिक गरिएको थियो । उक्त प्रतिवेदनमा समग्र देशमा निर्वाचनको शिलशिलामा हुने राष्ट्रिय खर्चको तथ्याङ्क प्रस्तुत गरिएको



छ । उक्त प्रतिवेदनमा उल्लेख भएको निर्वाचन अभियानमा खर्च सम्बन्धी अध्ययन नेपाली निर्वाचनको सारभूत अध्ययन हो भनेर भन्न नसकिए तापनि राज्यले निर्वाचनको लागि गरेको खर्चको वास्तविक खर्चको अनुमान गर्नको लागि निकटतम पर्याप्त आधार भने प्रदान गरेको छ । उक्त कार्यक्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्याय, विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाका एवम् दातृ निकायका प्रतिनिधिहरु, नागरिक समाज तथा पत्रकारहरूको उपस्थिति थियो ।




इओसीको अध्ययन अनुसार स्थानीय निर्वाचनमा जम्मा ६९ अर्ब ४२ करोड रूपैयाँ खर्च भएको छ । निर्वाचनमा एउटा भोट बराबर करिब ५ हजार रूपैयाँ खर्च भएको देखिन्छ । त्यसमध्ये करिब तीन हजार छ सय १३ रूपैया उम्मेदवार र उनका समर्थकले खर्च गरेका छन् भने प्रतिभोट १ हजार ३ सय ९ रूपैयाँ सरकारी ढुकुटीबाट खर्च भएको छ । निर्वाचन पर्यवेक्षण समितिका तर्फबाट विज्ञ समूहले करिब ६ महिना लगाएर काठमाडौं, मोरङ, दाङ र जाजरकोट जिल्लालाई नमुनाको रूपमा लिइ अध्ययन गरेको थियो ।

तीन चरणमा भएको स्थानीय निर्वाचनमा जम्मा १८ अर्ब ४६ करोड रूपैयाँ सरकारी ढुकुटीबाट खर्च भएको छ । उम्मेदवार र उनका समर्थकले गरेको खर्च यो भन्दा झण्डै तीन गुणा बढी देखिन्छ । उम्मेदवार र उनका समर्थकहरूले ५० अर्ब ९६ करोड रूपैयाँ खर्च गरेको अध्ययनको निष्कर्ष छ । उम्मेदवारले गर्ने खर्चमध्ये सबैभन्दा बढी ७६ प्रतिशत खर्च चुनावी अभियानमा हुने गरेको छ । उम्मेदवारले चुनावपछि १३ प्रतिशत, उम्मेदवार हुनुअघि ८ प्रतिशत र चुनावका दिन तीन प्रतिशत खर्च गर्ने गरेको देखिन्छ । स्थानीय चुनावमा करिब १७ लाख भोट बदर भएका छन् । त्यसबापतको लागत मात्र ११ अर्ब ८० करोड रूपैयाँ हुन आउँछ । ती बदरमतबापत भएको नोक्सानीलाई 'खेर गएको खर्च' मा राखिएको छ ।

# अनुसूचि - १

## स्थानीय तह निर्वाचनमा इओसी नेपालका तर्फबाट पर्यवेक्षणमा खटिएका पर्यवेक्षकहरूको सूचि

### पहिलो चरणमा पर्यवेक्षण गर्ने पर्यवेक्षकहरूको नामावली

| क्र.स. | परिचय पत्र नं | पर्यवेक्षकको नाम | जिल्ला |
|---|---|---|---|
| 1 | 55/00026/1 | उज्वल अधिकारी | सल्यान |
| 2 | 28/00026/2 | बद्रि प्रसाद शिवाकाटी | ललितपुर |
| 3 | 27/00026/4 | बनिता वन | भक्तपुर |
| 4 | 38/00026/5 | विजय कट्टेल | लमजुंग |
| 5 | 26/00026/9 | गणेश खनाल | काठमाडौं |
| 6 | 27/00026/10 | गीता न्यौपाने | भक्तपुर |
| 7 | 26/00026/11 | गीता सिटौला | काठमाडौं |
| 8 | 62/00026/12 | हेमन्त कुमार खत्री | जाजरकोट |
| 9 | 26/00026/13 | जमुना भट्टराइ | काठमाडौं |
| 10 | 27/00026/14 | कल्पना सिटौला | भक्तपुर |
| 11 | 59/00026/15 | कमलराज खत्री | जुम्ला |
| 12 | 41/00026/18 | खेमराज भण्डारी | स्याङ्जा |
| 13 | 26/00026/19 | कृष्ण प्रसाद पाडेल | काठमाडौं |
| 14 | 26/00026/20 | कृष्ण प्रसाद बराल | काठमाडौं |
| 15 | 27/00026/21 | लिलानाथ गौतम | भक्तपुर |
| 16 | 26/00026/22 | नरेन्द्र राजवशी | काठमाडौं |
| 17 | 27/00026/23 | निशा जर्गा मगर | भक्तपुर |
| 18 | 26/00026/26 | प्रवेश डङ्गोल | काठमाडौं |
| 19 | 26/00026/27 | प्रदिप पोखरेल | काठमाडौं |
| 20 | 27/00026/28 | प्रमिला श्रेष्ठ | भक्तपुर |
| 21 | 26/00026/29 | पुजा कोइराला | काठमाडौं |
| 22 | 59/00026/31 | राम बहादुर नेपाली | जुम्ला |
| 23 | 59/00026/32 | राम शङ्कर दवाडि | जुम्ला |
| 24 | 26/00026/33 | रमा बुढाथोकी | काठमाडौं |
| 25 | 26/00026/34 | राम कृष्ण गजुरेल | काठमाडौं |
| 26 | 26/00026/35 | राम शरण महर्जन | काठमाडौं |
| 27 | 26/00026/36 | रेनुका उप्रेति | काठमाडौं |
| 28 | 27/00026/37 | रिता श्रेष्ठ | भक्तपुर |
| 29 | 27/00026/38 | सविना श्रेष्ठ | भक्तपुर |
| 30 | 38/00026/39 | शैलेन्द्र लामिछाने | लमजुंग |

| | | | |
|---|---|---|---|
| 31 | 26/00026/40 | सरोज नेपाल | काठमाडौं |
| 32 | 35/00026/41 | शारदा ढकाल | चितवन |
| 33 | 26/00026/42 | शारदा उप्रती | काठमाडौं |
| 34 | 41/00026/43 | श्रीधर बस्याल | स्याङ्जा |
| 35 | 27/00026/45 | सुजाता गिरि | भक्तपुर |
| 36 | 26/00026/46 | सुर्य प्रसाद सुवेदी | काठमाडौं |
| 37 | 41/00026/48 | टेकनाथ बस्याल | स्याङ्जा |
| 38 | 26/00026/49 | तुल बहादुर कँडेल | काठमाडौं |
| 39 | 23/00026/50 | कृष्ण प्रसाद देवकोटा | रसुवा |
| 40 | 28/00026/51 | गोकुल पुरी | ललितपुर |
| 41 | 28/00026/52 | बिजय पाठक | ललितपुर |
| 42 | 26/00026/53 | एलिजा शिवाकोटी | काठमाडौं |
| 43 | 28/00026/54 | गुरु प्रसाद खतिवडा | ललितपुर |
| 44 | 31/00026/55 | राजाराम बर्तौला | मकवानपुर |
| 45 | 26/00026/56 | शरद चन्द्र प्रसाद शाह | काठमाडौं |
| 46 | 35/00026/58 | आकाश घिमिरे | चितवन |
| 47 | 26/00026/59 | अचिता दाहाल | काठमाडौं |
| 48 | 26/00026/61 | अनिल धिताल | काठमाडौं |
| 49 | 26/00026/62 | भगवती बस्नेत | काठमाडौं |
| 50 | 26/00026/63 | बिजय नेपाल | काठमाडौं |
| 51 | 26/00026/64 | चेतनाथ न्यौपाने | काठमाडौं |
| 52 | 26/00026/65 | देवेन्द्र पराजुली | काठमाडौं |
| 53 | 26/00026/66 | धनकुमारी खनाल | काठमाडौं |
| 54 | 25/00026/69 | गीता न्यौपाने | नुवाकोट |
| 55 | 64/00026/70 | गाेविन्द बहादुर मगर | सुर्खेत |
| 56 | 26/00026/72 | जिवन कुमार थापा | काठमाडौं |
| 57 | 64/00026/73 | झक्कड बहादुर पुलामी | सुर्खेत |
| 58 | 26/00026/74 | झरना दाहाल | काठमाडौं |
| 59 | 26/00026/75 | कबिता सिग्देल | काठमाडौं |
| 60 | 62/00026/76 | कालिका बस्नेत | जाजरकोट |
| 61 | 26/00026/77 | केशव नेपाल | काठमाडौं |

| | | | |
|---|---|---|---|
| 62 | 64/00026/78 | खड्क बहादुर बन्सी | सुर्खेत |
| 63 | 26/00026/79 | कृष्ण प्रसाद मराशिनी | काठमाडौं |
| 64 | 25/00026/80 | कुमार अधिकारि | नुवाकोट |
| 65 | 26/00026/81 | लक्ष्मी तिम्सिना | काठमाडौं |
| 66 | 25/00026/82 | पार्वती नेपाली | नुवाकोट |
| 67 | 26/00026/83 | पवन भट्ट | काठमाडौं |
| 68 | 26/00026/84 | प्रगती पोखरेल | काठमाडौं |
| 69 | 41/00026/85 | प्रमोद रानामगर | स्याङ्जा |
| 70 | 26/00026/86 | राधिका उप्रती | काठमाडौं |
| 71 | 26/00026/87 | राजन कार्की | काठमाडौं |
| 72 | 28/00026/88 | राजन खड्का | ललितपुर |
| 73 | 26/00026/89 | राजेन्द्र बराल | काठमाडौं |
| 74 | 25/00026/90 | राजकुमार परियार | नुवाकोट |
| 75 | 28/00026/91 | समझना न्याैपाने | ललितपुर |
| 76 | 26/00026/92 | सरिता फुयाल | काठमाडौं |
| 77 | 26/00026/93 | सस्मिता मगर | काठमाडौं |
| 78 | 26/00026/94 | सौविध्य खड्का | काठमाडौं |
| 79 | 26/00026/95 | सुनिल बस्नेत | काठमाडौं |
| 80 | 26/00026/96 | युविना दाहाल | काठमाडौं |
| 81 | 60/00026/97 | उपेन्द्र शाही | कालिकोट |
| 82 | 26/00026/98 | यज्ञराज अर्याल | काठमाडौं |
| 83 | 26/00026/99 | सुरेश खनाल | काठमाडौं |
| 84 | 29/00026/100 | बिमला नयाँजु | काभ्रेपलाञ्चोक |
| 85 | 29/00026/101 | कान्छी पौडेल | काभ्रेपलाञ्चोक |
| 86 | 29/00026/102 | क्रिपेन्द्र श्रेष्ठ | काभ्रेपलाञ्चोक |
| 87 | 29/00026/103 | कृतिका घलान | काभ्रेपलाञ्चोक |
| 88 | 29/00026/104 | ललिता दाहाल बन्जारा | काभ्रेपलाञ्चोक |
| 89 | 29/00026/105 | मैया पहरी | काभ्रेपलाञ्चोक |
| 90 | 29/00026/106 | निर्मला काफ्ले | काभ्रेपलाञ्चोक |
| 91 | 29/00026/107 | रामप्रसाद तिमिल्सिना | काभ्रेपलाञ्चोक |

| | | | |
|---|---|---|---|
| 92 | 29/00026/108 | रन्जना खड्का | काभ्रेपलाञ्चोक |
| 93 | 28/00026/109 | रुपादेवी बास्तोला | ललितपुर |
| 94 | 29/00026/110 | सतिस कुमार अधिकारी | काभ्रेपलाञ्चोक |
| 95 | 29/00026/111 | यशोदा सुवाल | काभ्रेपलाञ्चोक |
| 96 | 63/00026/112 | शान्ति कुमारी शर्मा | दैलेख |
| 97 | 28/00026/113 | हरिगोविन्द महर्जन | ललितपुर |
| 98 | 60/00026/114 | शोभा शाहि | कालिकोट |
| 99 | 36/00026/116 | रामचन्द्र आचार्य | गोरखा |
| 100 | 24/00026/117 | तेज कुमारी तिवारी | धादिंग |
| 101 | 26/00026/119 | रविन सुवेदी | काठमाडौं |
| 102 | 26/00026/120 | चन्द्र बहादुर बम | काठमाडौं |
| 103 | 64/00026/122 | टेकराज लामिछाने | सुर्खेत |
| 104 | 26/00026/123 | नवराज अधिकारी | काठमाडौं |
| 105 | 27/00026/124 | बासुदेव देवकोटा | भक्तपुर |
| 106 | 27/00026/125 | इन्दिरा बस्नेत | भक्तपुर |
| 107 | 65/00026/127 | राम निवास यादव | बाँके |
| 108 | 29/00026/128 | चन्द्र कुमार अधिकारी | काभ्रेपलाञ्चोक |
| 109 | 26/00026/129 | होम बहादुर अधिकारी | काठमाडौं |
| 110 | 26/00026/130 | शारदा सुबेदी | काठमाडौं |
| 111 | 26/00026/131 | सूर्य बहादुर अधिकारी | काठमाडौं |
| 112 | 26/00026/133 | बिनोद कुमार विश्वकर्मा | काठमाडौं |
| 113 | 25/00026/134 | नवराज नेपाली | नुवाकोट |
| 114 | 26/00026/135 | विन्दा कुमारी थापा | काठमाडौं |
| 115 | 26/00026/136 | प्रताप अधिकारी | काठमाडौं |
| 116 | 26/00026/138 | तुलसी बहादुर कार्की | काठमाडौं |
| 117 | 60/00026/141 | मंगल बहादुर शाही | कालिकोट |

| | | | |
|---|---|---|---|
| 118 | 60/00026/140 | अर्जुन बहादुर बि सी | कालिकोट |
| 119 | 29/00026/142 | शहीनाज वानु | काभ्रेपलाञ्चोक |
| 120 | 29/00026/143 | प्रेमदर्शन सापकोटा | काभ्रेपलाञ्चोक |
| 121 | 29/00026/144 | स्वागतराज पाण्डेय | काभ्रेपलाञ्चोक |
| 122 | 27/00026/145 | हरि मुस्यान | भक्तपुर |
| 123 | 27/00026/146 | भुवनलाल श्रेष्ठ | भक्तपुर |
| 124 | 27/00026/147 | शुन्दर कुमार शाक्य | भक्तपुर |
| 125 | 27/00026/148 | राजन कसपाल | भक्तपुर |
| 126 | 64/00026/149 | भुषण गाहा मगर | सुर्खेत |
| 127 | 64/00026/150 | राजेन्द्र बुढा | सुर्खेत |
| 128 | 64/00026/151 | रमेश बुढा | सुर्खेत |
| 129 | 64/00026/152 | रोशन राना | सुर्खेत |
| 130 | 64/00026/153 | सन्तोष कोइराला | सुर्खेत |
| 131 | 26/00026/7 | विष्णु पोखेरल | काठमाडौं |
| 132 | 38/00026/6 | विनय कट्टेल | लमजुंग |

# दोस्रो चरणमा पर्यवेक्षण गर्ने पर्यवेक्षकहरूको नामावली

| क्र.सं. | कार्ड नम्बर | नाम | लिंग | उमेर | परिवेक्षण गर्ने जिल्ला |
|---|---|---|---|---|---|
| 1 | 67/00026/157 | धर्म बहादुर बुढा | पुरुष | 32 | बाजुरा |
| 2 | 65/00026/159 | गोपाल नाथ योगी | पुरुष | 41 | बाँके |
| 3 | 44/00026/168 | लक्ष्मण खत्री | पुरुष | 28 | अर्घाखांची |
| 4 | 70/00026/169 | सीता कुमारी साउद | महिला | 26 | डोटी |
| 5 | 65/00026/185 | राम निवास यादव | पुरुष | 44 | बाँके |
| 6 | 65/00026/172 | रामराज कठायत | पुरुष | 38 | बाँके |
| 7 | 70/00026/173 | टेक बहादुर सार्की | पुरुष | 28 | डोटी |
| 8 | 6/00026/177 | मिरादेवी ओली | महिला | 43 | तेर्हथुम |
| 9 | 75/00026/179 | पहिलाद राना | पुरुष | 27 | कन्चनपुर |
| 10 | 67/00026/181 | कर्ण बहादुर थापा | पुरुष | 22 | बाजुरा |
| 11 | 4/00026/206 | राजेन्द्र बराल | पुरुष | 34 | झापा |
| 12 | 13/00026/207 | सस्मिता मगर | महिला | 27 | ओखलढुंगा |
| 13 | 65/00026/184 | दिनेश कुमार चाैधरी | पुरुष | 39 | बाँके |
| 14 | 74/00026/209 | पदम राज पन्त | पुरुष | 48 | डडेलधुरा |
| 15 | 54/00026/211 | रोशन सुबेदी | पुरुष | 31 | प्यूठान |
| 16 | 56/00026/213 | राधा कुमारी शर्मा | पुरुष | 59 | दाङ |
| 17 | 54/00026/215 | मिनराज सुबेदी | पुरुष | 56 | प्यूठान |
| 18 | 54/00026/218 | कमला खड्का शाक्य | महिला | 24 | प्यूठान |
| 19 | 42/00026/171 | पदम प्रसाद पाण्डे | पुरुष | 45 | गुल्मी |
| 20 | 2/00026/267 | ग्य नाथ बास्कोटा | पुरुष | 44 | पाँचथर |
| 21 | 10/00026/263 | खगेन्द्र ओलि | पुरुष | 34 | सुनसरी |
| 22 | 44/00026/264 | अशोक बि के | पुरुष | 43 | अर्घाखांची |
| 23 | 4/00026/265 | सुदर्शन खतिवडा | पुरुष | 30 | झापा |
| 24 | 2/00026/268 | राम प्रसाद बास्काेटा | पुरुष | 43 | पाँचथर |
| 25 | 45/00026/270 | मनोज कुमार हरिजन | पुरुष | 45 | नवलपरासी |
| 26 | 10/00026/259 | रेखा पोदार | महिला | 34 | सुनसरी |
| 27 | 54/00026/260 | सुबास पोख्रेल | पुरुष | 29 | प्यूठान |
| 28 | 10/00026/261 | अर्जुन कुमार उप्रेती | पुरुष | 45 | सुनसरी |
| 29 | 14/00026/262 | बिष्णु थापा | पुरुष | 39 | उदयपुर |
| 30 | 7/00026/256 | श्याम कृष्ण दाहाल | पुरुष | 33 | भोजपुर |
| 31 | 9/00026/220 | अमित रेग्मी | पुरुष | 33 | मोरङ्ग |
| 32 | 4/00026/221 | अनिष भूर्तेल | पुरुष | 24 | झापा |
| 33 | 4/00026/224 | अमृत कटुवाल | पुरुष | 29 | झापा |
| 34 | 10/00026/225 | बसन्त घिमिरे | पुरुष | 27 | सुनसरी |
| 35 | 45/00026/227 | गोपी राम ज्ञवाली | पुरुष | 43 | नवलपरासी |
| 36 | 14/00026/229 | कृष्ण दाहाल | पुरुष | 29 | उदयपुर |
| 37 | 4/00026/230 | देवी प्रसाद कटेल | पुरुष | 58 | झापा |
| 38 | 44/00026/234 | धर्मराज पराजुली | पुरुष | 41 | अर्घाखांची |
| 39 | 9/00026/232 | अजय कर्ण | पुरुष | 48 | मोरङ्ग |
| 40 | 74/00026/236 | दीपक बहादुर रैस्वाल | पुरुष | 29 | डडेलधुरा |
| 41 | 7/00026/237 | लाल बहादुर प्रधान | पुरुष | 36 | भोजपुर |
| 42 | 4/00026/239 | पदम प्रसाद घिमिरे | पुरुष | 38 | झापा |
| 43 | 44/00026/240 | प्रकाश भट्टराई | पुरुष | 38 | अर्घाखांची |
| 44 | 9/00026/242 | प्रफुल पोखरेल | पुरुष | 47 | मोरङ्ग |
| 45 | 74/00026/243 | राजेन्द्र प्रसाद जोशी | पुरुष | 37 | डडेलधुरा |
| 46 | 5/00026/250 | सन्जिब प्रसाद कोईराला | पुरुष | 28 | संखुवासभा |
| 47 | 10/00026/251 | बिबेक कुमार साह | पुरुष | 22 | सुनसरी |
| 48 | 44/00026/253 | टाम लाल भुसाल | पुरुष | 41 | अर्घाखांची |
| 49 | 53/00026/269 | प्रज्वल अधिकारी | पुरुष | 23 | रोल्पा |
| 50 | 43/00026/276 | यज्ञराज अर्याल | पुरुष | 43 | पाल्पा |

| | | | | | |
|---|---|---|---|---|---|
| 51 | 6/00026/277 | बद्रि प्रसाद शिवाकोटी | पुरुष | 52 | तेर्हथुम |
| 52 | 66/00026/279 | मंगल बहादुर शाही | पुरुष | 33 | बर्दिया |
| 53 | 43/00026/280 | अविनाश अर्याल | पुरुष | 22 | पाल्पा |
| 54 | 66/00026/281 | भुपेन्द्र बहादुर खत्री | पुरुष | 31 | बर्दिया |
| 55 | 45/00026/282 | ज्योती क्षेत्रि | महिला | 22 | नवलपरासी |
| 56 | 46/00026/283 | कृष्ण थापा क्षेत्रि | पुरुष | 31 | रुपन्देही |
| 57 | 43/00026/284 | प्रकाश भट्टराई | पुरुष | 34 | पाल्पा |
| 58 | 66/00026/285 | राकेश कडेल | पुरुष | 32 | बर्दिया |
| 59 | 46/00026/286 | सागर पाठक | पुरुष | 34 | रुपन्देही |
| 60 | 43/00026/287 | यमकला अर्याल | महिला | 44 | पाल्पा |
| 61 | 56/00026/288 | अन्जना चौधरी | महिला | 26 | दाङ |
| 62 | 65/00026/289 | बिष्णु पोख्रेल | महिला | 43 | बाँके |
| 63 | 56/00026/296 | शरद रेग्मी | पुरुष | 35 | दाङ |
| 64 | 45/00026/297 | रिकु पंगेनी | महिला | 30 | नवलपरासी |
| 65 | 71/00026/309 | रुद्र प्रसाद खनाल | पुरुष | 31 | कैलाली |
| 66 | 46/00026/298 | तिल बहादुर के सि | पुरुष | 42 | रुपन्देही |
| 67 | 69/00026/300 | बिनोद बहादुर थापा | पुरुष | 36 | बझाङ्ग |
| 68 | 46/00026/301 | देउ प्रकाश राई | पुरुष | 53 | रुपन्देही |
| 69 | 3/00026/302 | अमृता राई | महिला | 22 | इलाम |
| 70 | 46/00026/303 | बाबुराम बन्जाडे | पुरुष | 32 | रुपन्देही |
| 71 | 46/00026/304 | बालकृष्ण तिवारी | पुरुष | 46 | रुपन्देही |
| 72 | 10/00026/305 | महेन्द्र प्रसाद मेहता | पुरुष | 31 | सुनसरी |
| 73 | 52/00026/306 | मेनका परियार | महिला | 33 | रुकुम |
| 74 | 72/00026/307 | नवल किशोर बडु | पुरुष | 27 | दार्चुला |
| 75 | 68/00026/308 | सुरेन्द्र बहादुर सोडारी | पुरुष | 26 | अछाम |
| 76 | 7/00026/226 | एक्सन राइ | पुरुष | 29 | भोजपुर |
| 77 | 56/00026/332 | बिमल गौतम | पुरुष | 38 | दाङ |
| 78 | 12/00026/333 | देवान राई | पुरुष | 27 | खोटाङ्ग |
| 79 | 12/00026/334 | डिल्ली कुमार राई | पुरुष | 32 | खोटाङ्ग |
| 80 | 3/00026/335 | गोविन्द प्रसाद लामिछाने | पुरुष | 33 | इलाम |
| 81 | 56/00026/336 | लिना शर्मा | महिला | 33 | दाङ |
| 82 | 9/00026/337 | राजकुमार खतिवडा | पुरुष | 46 | मोरङ्ग |
| 83 | 71/00026/339 | सिया राम चौधरी | पुरुष | 39 | कैलाली |
| 84 | 10/00026/249 | मुकेश जैसवाल | पुरुष | 25 | सुनसरी |
| 85 | 10/00026/247 | बिक्रम कुमार गुप्ता | पुरुष | 26 | सुनसरी |
| 86 | 13/00026/340 | बिन्दु थापा | महिला | 24 | ओखलढुंगा |
| 87 | 46/00026/349 | कुमार अधिकारी | पुरुष | 33 | रुपन्देही |
| 88 | 1/00026/348 | देउमान लोङ्वा लिम्बु | पुरुष | 28 | ताप्लेजुंग |
| 89 | 4/00026/350 | सिताराम नेपाल | पुरुष | 47 | झापा |
| 90 | 10/00026/351 | केशव नेपाल | पुरुष | 38 | सुनसरी |
| 91 | 9/00026/352 | नेत्र मणी पोखरेल | पुरुष | 38 | मोरङ्ग |
| 92 | 9/00026/353 | अनिल कार्की | पुरुष | 31 | मोरङ्ग |
| 93 | 9/00026/354 | बिकास बुढाथोकी | पुरुष | 30 | मोरङ्ग |
| 94 | 46/00026/355 | मोहन कार्की | पुरुष | 34 | रुपन्देही |
| 95 | 9/00026/356 | प्रकाश कुमार भण्डारी | पुरुष | 35 | मोरङ्ग |
| 96 | 9/00026/357 | शोम नाथ खनाल | पुरुष | 32 | मोरङ्ग |
| 97 | 52/00026/358 | डिल माया परियार | महिला | 28 | रुकुम |
| 98 | 45/00026/359 | मित्र बहादुर थोकर | पुरुष | 39 | नवलपरासी |
| 99 | 8/00026/360 | इन्दिरा घले | महिला | 50 | धनकुटा |
| 100 | 47/00026/361 | मात्रीका प्रसाद पोखरेल | पुरुष | 49 | कपिलवस्तु |
| 101 | 73/00026/362 | चन्द्र प्रकाश लोहिया | पुरुष | 25 | बैतडी |
| 102 | 73/00026/363 | अमर राज भट्टराई | पुरुष | 31 | बैतडी |

| | | | | | |
|---|---|---|---|---|---|
| 103 | 73/00026/364 | प्रेम सिंह भाट | पुरुष | 33 | बैतडी |
| 104 | 73/00026/365 | रीजु बराल | महिला | 21 | बैतडी |
| 105 | 66/00026/367 | भुपेन्द्र शर्मा | पुरुष | 37 | बर्दिया |
| 106 | 47/00026/369 | गङ्गा बहादुर गुरुङ | पुरुष | 35 | कपिलवस्तु |
| 107 | 8/00026/374 | जगत कुमारी थापा | पुरुष | 53 | धनकुटा |
| 108 | 5/00026/375 | कमल प्रसाद बजगाईं | पुरुष | 45 | संखुवासभा |
| 109 | 4/00026/379 | अनिस रिमाल | पुरुष | 22 | झापा |
| 110 | 5/00026/383 | देवेन्द्र घिमिरे | पुरुष | 44 | संखुवासभा |
| 111 | 4/00026/384 | ज्ञानमणी भुर्तेल | पुरुष | 56 | झापा |
| 112 | 5/00026/398 | सुजन कुमार श्रेष्ठ | पुरुष | 39 | संखुवासभा |
| 113 | 74/00026/174 | राम बहादुर बा◌ेहरा | पुरुष | 29 | डडेलधुरा |
| 114 | 65/00026/178 | प्रकाश कुमार शर्मा | पुरुष | 44 | बाँके |
| 115 | 75/00026/180 | यज्ञराज जोशी | पुरुष | 41 | कन्चनपुर |
| 116 | 54/00026/175 | पार्वता आचार्य | महिला | 44 | प्यूठान |
| 117 | 56/00026/186 | उज्वल अधिकारी | पुरुष | 26 | दाङ |
| 118 | 9/00026/205 | प्रदिप पोखरेल | पुरुष | 57 | मोरङ्ग |
| 119 | 43/00026/208 | प्रमोद राना मगर | पुरुष | 21 | पाल्पा |
| 120 | 54/00026/233 | विध्या लक्ष्मी श्रेष्ठ | महिला | 27 | प्यूठान |
| 121 | 4/00026/235 | जुद्ध बिर खड्का | पुरुष | 45 | झापा |
| 122 | 10/00026/244 | रानी पोदार | महिला | 25 | सुनसरी |
| 123 | 10/00026/245 | रजाक मियाँ | पुरुष | 26 | सुनसरी |
| 124 | 9/00026/252 | सुजित अधिकारी | पुरुष | 50 | मोरङ्ग |
| 125 | 10/00026/255 | सिङ्कु उराँव | महिला | 23 | सुनसरी |
| 126 | 10/00026/258 | श्री प्रसाद पोखेल | पुरुष | 54 | सुनसरी |
| 127 | 10/00026/266 | प्रेम बहादुर कार्कीढोली | पुरुष | 37 | सुनसरी |
| 128 | 9/00026/347 | बाबुराम भण्डारी | पुरुष | 37 | मोरङ्ग |
| 129 | 56/00026/400 | राजाराम बर्ता◌ैला | पुरुष | 59 | दाङ |

# तेस्रो चरणमा पर्यवेक्षण गर्ने पर्यवेक्षकहरूको नामावली

| क्र.सं. | कार्ड नम्बर | नाम |
|---|---|---|
| 1 | 33/00026/161 | जगन प्रसाद पण्डित |
| 2 | 33/00026/155 | बिमला लामा |
| 3 | 33/00026/158 | धिर्जानन्द प्रसाद साह |
| 4 | 33/00026/162 | जगत नारायण राम |
| 5 | 33/00026/164 | जय प्रकाश कुमार |
| 6 | 33/00026/165 | जितेन्द्र प्रसाद यादव |
| 7 | 33/00026/170 | लीलावती नेपाल |
| 8 | 33/00026/199 | सुनिल कुमार राम |
| 9 | 33/00026/200 | सुरेश केशरी |
| 10 | 33/00026/202 | उपेन्द्र प्रसाद साह |
| 11 | 33/00026/194 | संजोग महतो |
| 12 | 33/00026/193 | राजेश प्रसाद यादव |
| 13 | 33/00026/189 | ममता राज |
| 14 | 20/00026/203 | शरद चन्द्र प्रसाद शाह |
| 15 | 16/00026/214 | सुभेन्द्र कुमार दास |
| 16 | 16/00026/204 | मनिशा कुमारी चौधरी |
| 17 | 16/00026/210 | रेखा यादव |
| 18 | 16/00026/212 | रामसेबक मोची |
| 19 | 16/00026/216 | पुनम कुमारी महतो |
| 20 | 16/00026/217 | सरोज कुमारी चौधरी |
| 21 | 15/00026/271 | ललिता कुमारी मेहता |
| 22 | 20/00026/257 | श्याम बाबु साह |
| 23 | 20/00026/219 | अमर नाथ साह |
| 24 | 20/00026/222 | देव चन्द्र यादव |
| 25 | 20/00026/223 | भरत साह |
| 26 | 16/00026/228 | सुरेन्द्र कुमार महतो |
| 27 | 16/00026/231 | सरोज कुमार ठाकुर |
| 28 | 20/00026/238 | मनिश रमन साह |
| 29 | 20/00026/241 | प्रमोद कुमार साह |
| 30 | 15/00026/246 | अन्जु चौधरी |
| 31 | 15/00026/248 | कन्चन कुमारी चौधरी |
| 32 | 22/00026/274 | इन्दिरा बस्नेत |
| 33 | 15/00026/290 | अनिरुद्र प्रसाद यादव |
| 34 | 16/00026/291 | जमुना कुमारी यादव |
| 35 | 15/00026/292 | लक्ष्मी प्रसाद चौधरी |
| 36 | 33/00026/293 | निभा श्रेष्ठ |
| 37 | 33/00026/294 | सतिश राज मैनाली |
| 38 | 34/00026/295 | गोविन्द प्रसाद देवकोटा |
| 39 | 16/00026/299 | राज नारायण यादव |
| 40 | 34/00026/310 | जितेन्द्र ठाकुर लोहार |
| 41 | 34/00026/311 | जय प्रकाश कुमार चौरसिय |
| 42 | 34/00026/312 | जय शिव पन्डित |

| | | |
|---|---|---|
| 43 | 32/00026/313 | चन्दन कुमार यादव |
| 44 | 34/00026/314 | बिनय प्रसाद यादव |
| 45 | 32/00026/323 | निशा कुमारी सिंह |
| 46 | 32/00026/331 | विजय कुमार झा |
| 47 | 34/00026/315 | भिम प्रसाद साह |
| 48 | 34/00026/316 | भगवान शाह कानु |
| 49 | 32/00026/317 | अशोक राय यादव |
| 50 | 32/00026/318 | अशोक कुमार यादव |
| 51 | 32/00026/319 | अंशु कुमारी सिंह |
| 52 | 32/00026/320 | कृष्ण प्रताप सिह |
| 53 | 34/00026/321 | ललन कुमार पटेल |
| 54 | 32/00026/324 | राजेश कुमार साह |
| 55 | 34/00026/325 | रामप्रवेश प्रसाद धानुक |
| 56 | 32/00026/326 | रमेश राय यादव |
| 57 | 34/00026/327 | सलमा खातुन |
| 58 | 32/00026/328 | श्याम सुन्दर पटेल |
| 59 | 34/00026/329 | सित बसन्त सहनी |
| 60 | 33/00026/330 | ताराचन्द्र प्रसाद यादव |
| 61 | 15/00026/338 | सरस्वती के सि |
| 62 | 20/00026/341 | बिष्णु कुमार भण्डारी |
| 63 | 20/00026/342 | जनक कुमार कोईराला |
| 64 | 20/00026/343 | कमला पोखेल |
| 65 | 20/00026/344 | खगेन्द्र दाहाल |
| 66 | 20/00026/345 | नुबराज भण्डारी |
| 67 | 20/00026/346 | विध्या ढुङ्गेल |
| 68 | 22/00026/366 | भोज बहादुर महत |
| 69 | 22/00026/368 | देवी प्रसाद निरौला |
| 70 | 22/00026/370 | श्याम बाबु कार्की |
| 71 | 22/00026/371 | गौरी शंकर महतो |
| 72 | 22/00026/373 | हुत राज निरौला |
| 73 | 22/00026/377 | पदम चन्द्र बराल |
| 74 | 22/00026/378 | केदार बहादुर मग्राती |
| 75 | 21/00026/380 | बरम बहादुर साही |
| 76 | 22/00026/381 | चेत बहादुर महत |
| 77 | 22/00026/382 | दान बहादुर बुढाथोकी |
| 78 | 21/00026/385 | हेम कुमारी बराल |
| 79 | 22/00026/386 | ईन्द्र बहादुर पाठक |
| 80 | 21/00026/387 | ईन्द्र लाल लामा |
| 81 | 21/00026/388 | केशव बहादुर बिस्वकर्मा |
| 82 | 21/00026/389 | निकेश खनाल |
| 83 | 22/00026/390 | प्रदिप बराल |
| 84 | 21/00026/391 | राम चन्द्र खत्री |
| 85 | 21/00026/392 | रिमका कुमारी राणा |
| 86 | 21/00026/393 | मोजाहिद हुसैन |
| 87 | 21/00026/394 | छवी घिमिरे |
| 88 | 22/00026/395 | देव बिक्रम बस्नेत |
| 89 | 21/00026/396 | प्रबिन ढुंगाना |
| 90 | 21/00026/397 | राम बहादुर कार्की |
| 91 | 32/00026/399 | जङ बहादुर राम महरा |
| 92 | 33/00026/156 | बिनाेद महताे |
| 93 | 22/00026/160 | हरी कुमार बुढाथोकी |
| 94 | 34/00026/163 | जलान्धर प्रसाद यादव |
| 95 | 34/00026/166 | जितेन्द्र प्रसाद गुप्ता |
| 96 | 32/00026/187 | प्रमेश पासवान |
| 97 | 34/00026/190 | प्रेक्षित चौधरी |
| 98 | 34/00026/195 | सत्येन्द्र कुमार यादव |
| 99 | 32/00026/196 | शत्रुधन प्रसाद साह |
| 100 | 34/00026/197 | शिव प्रसाद बरै |
| 101 | 32/00026/201 | उमेश पास्वान |
| 102 | 32/00026/188 | रबिन कुमार साह |
| 103 | 32/00026/191 | सन्देश प्रसाद सिंह |
| 104 | 34/00026/192 | राजेश प्रसाद |
| 105 | 15/00026/272 | बिनोद कुमार बिश्वकर्मा |
| 106 | 22/00026/273 | बासुदेव देवकाेटा |
| 107 | 22/00026/372 | गोकर्ण राज बस्नेत |
| 108 | 20/00026/401 | उज्वल अधिकारी |
| 109 | 20/00026/402 | बद्रि प्रसाद शिवाकाेटी |
| 110 | 20/00026/403 | अनिष भूर्तेल |
| 111 | 20/00026/404 | प्रदिप पोखरेल |
| 112 | 20/00026/406 | राजाराम बर्ताैला |
| 113 | 34/00026/407 | चन्द्र कुमार अधिकारी |
| 114 | 34/00026/409 | प्रेमदर्शन सापकाेटा |
| 115 | 34/00026/410 | शहीनाज वानु |
| 116 | 34/00026/408 | स्वागतराज पाण्डेय |


# अनुसूचि - २

## प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन २०७४ मा पर्यवेक्षकका रुपमा खटिएका पर्यवेक्षकहरूको सहभागिता एवम् समावेशी विवरण:

**पहिलो चरणमा २१ जिल्लाभित्र ५१ जना पुरुष र १५ जना महिला गरी ६६ जना पर्यवेक्षकले पर्यवेक्षण गरेका थिए ।**

| क्र.सं. | जिल्ला | प्रदेश नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | सोलुखुम्बु | १ | ० | १ | १ |
| २ | संखुवासभा | १ | २ | ० | २ |
| ३ | भोजपुर | १ | ४ | ० | ४ |
| ४ | ओखलढुंगा | १ | १ | १ | २ |
| ५ | पाँचथर | १ | १ | ० | १ |
| ६ | दोलखा | ३ | ६ | ० | ६ |
| ७ | नुवाकोट | ३ | ७ | २ | ९ |
| ८ | रसुवा | ३ | ३ | ० | ३ |
| ९ | सिन्धुपाल्चोक | ३ | ३ | १ | ४ |
| १० | बाग्लुङ | ४ | १ | ० | १ |
| ११ | गोरखा | ४ | ७ | १ | ८ |
| १२ | लम्जुङ | ४ | १ | १ | २ |
| १३ | रोल्पा | ५ | १ | ३ | ४ |
| १४ | जाजरकोट | ६ | ३ | १ | ४ |
| १५ | जुम्ला | ६ | १ | ० | १ |
| १६ | कालिकोट | ६ | ४ | ० | ४ |
| १७ | मुगु | ६ | १ | ० | १ |
| १८ | रुकुम पश्चिम | ६ | ० | २ | २ |
| १९ | बैतडी | ७ | ३ | ५ | ८ |
| २० | बझाङ्ग | ७ | १ | ० | १ |
| २१ | बाजुरा | ७ | १ | ० | १ |
| | **जम्मा** | | **५१** | **१५** | **६६** |


**पहिलो चरणको निर्वाचनमा इओसी नेपालको पर्यवेक्षण सूचिमा महिला-पुरुषको अवस्था**



## दोस्रो चरणको निर्वाचनमा ४१ जिल्लाभित्र १५५ जना पुरुष र ९४ जना महिला गरी २४९ जना पर्यवेक्षकले पर्यवेक्षण गरेका थिए ।

| क्र.सं. | जिल्ला | प्रदेश | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | इलाम | १ | १ | १ | २ |
| २ | तेह्रथुम | १ | ३ | ५ | ८ |
| ३ | धनकुटा | १ | ० | २ | २ |
| ४ | उदयपुर | १ | १ | १ | २ |
| ५ | झापा | १ | ८ | ४ | १२ |
| ६ | मोरंग | १ | ७ | ३ | १० |
| ७ | सुनसरी | १ | २ | २ | ४ |
| ८ | सप्तरी | २ | ३ | ४ | ७ |
| ९ | सिराहा | २ | ८ | ३ | ११ |
| १० | सर्लाही | २ | ० | १ | १ |
| ११ | धनुषा | २ | २ | ० | २ |
| १२ | बारा | २ | १९ | २ | २१ |
| १३ | पर्सा | २ | ५ | १ | ६ |
| १४ | रौतहट | २ | ३ | ० | ३ |
| १५ | सिन्धुली | ३ | ५ | १ | ६ |
| १६ | मकवानपुर | ३ | २ | १ | ३ |
| १७ | काभ्रेपलान्चोक | ३ | १ | १ | २ |
| १८ | काठमाडौं | ३ | २० | २३ | ४३ |
| १९ | ललितपुर | ३ | ७ | १४ | २१ |
| २० | भक्तपुर | ३ | ४ | ७ | ११ |
| २१ | नवलपरासी (बर्दघाट सुस्तापूर्व) | ४ | १ | ० | १ |
| २२ | कास्की | ४ | ५ | ४ | ९ |
| २३ | स्याङ्जा | ४ | ३ | १ | ४ |
| २४ | पर्वत | ४ | १ | ० | १ |
| २५ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ५ | २ | १ | ३ |
| २६ | पाल्पा | ५ | ११ | १ | १२ |
| २७ | अर्घाखाँची | ५ | ४ | ० | ४ |
| २८ | रुपन्देही | ५ | २ | ३ | ५ |
| २९ | कपिलवस्तु | ५ | २ | १ | ३ |
| ३० | दाङ | ५ | २ | २ | ४ |
| ३१ | प्यूठान | ५ | ० | १ | १ |
| ३२ | बाँके | ५ | २ | २ | ४ |
| ३३ | बर्दिया | ५ | ० | १ | १ |
| ३४ | सल्यान | ६ | १ | ० | १ |
| ३५ | सुर्खेत | ६ | ६ | ० | ६ |
| ३६ | दैलेख | ६ | १ | १ | २ |
| ३७ | कैलाली | ७ | ५ | ३ | ८ |
| ३८ | कंचनपुर | ७ | १ | ० | १ |
| ३९ | डडेल्धुरा | ७ | १ | ० | १ |
| ४० | अछाम | ७ | १ | ० | १ |
| ४१ | डोटी | ७ | ० | १ | १ |
| | जम्मा | | १५५ | ९४ | २४९ |

**दोस्रो चरणको निर्वाचनमा इओसी नेपालको पर्यवेक्षण सूचिमा महिला-पुरुषको अवस्था**



**पहिलो चरण र दोस्रो चरणको निर्वाचनमा ६२ जिल्लाभित्र २०६ जना पुरुष र १०९ जना महिला गरी जम्मा ३१५ जना पर्यवेक्षकले पर्यवेक्षण गरेका थिए ।**

| क.सं. | जिल्ला | प्रदेश नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | सोलुखुम्बु | १ | ० | १ | १ |
| २ | संखुवासभा | १ | २ | ० | २ |
| ३ | भोजपुर | १ | ४ | ० | ४ |
| ४ | ओखलढुंगा | १ | १ | १ | २ |
| ५ | पाँचथर | १ | १ | ० | १ |
| ६ | इलाम | १ | १ | १ | २ |
| ७ | तेह्रथुम | १ | ३ | ५ | ८ |
| ८ | धनकुटा | १ | ० | २ | २ |
| ९ | उदयपुर | १ | १ | १ | २ |
| १० | झापा | १ | ८ | ४ | १२ |
| ११ | मोरंग | १ | ७ | ३ | १० |
| १२ | सुनसरी | १ | २ | २ | ४ |
| १३ | सप्तरी | २ | ३ | ४ | ७ |
| १४ | सिराहा | २ | ८ | ३ | ११ |
| १५ | सर्लाही | २ | ० | १ | १ |
| १६ | धनुषा | २ | २ | ० | २ |
| १७ | बारा | २ | १९ | २ | २१ |
| १८ | पर्सा | २ | ५ | १ | ६ |
| १९ | रौतहट | २ | ३ | ० | ३ |
| २० | दोलखा | ३ | ६ | ० | ६ |
| २१ | नुवाकोट | ३ | ७ | २ | ९ |
| २२ | रसुवा | ३ | ३ | ० | ३ |
| २३ | सिन्धुपाल्चोक | ३ | ३ | १ | ४ |
| २४ | सिन्धुली | ३ | ५ | १ | ६ |
| २५ | मकवानपुर | ३ | २ | १ | ३ |
| २६ | काभ्रे | ३ | १ | १ | २ |
| २७ | काठमाडौं | ३ | २० | २३ | ४३ |
| २८ | ललितपुर | ३ | ७ | १४ | २१ |
| २९ | भक्तपुर | ३ | ४ | ७ | ११ |
| ३० | नवलपरासी(बर्दघाट सुस्तापूर्व) | ४ | १ | ० | १ |
| ३१ | कास्की | ४ | ५ | ४ | ९ |
| ३२ | स्याङ्गजा, | ४ | ३ | १ | ४ |
| ३३ | पर्वत | ४ | १ | ० | १ |
| ३४ | बाग्लुंग | ४ | १ | ० | १ |
| ३५ | गोरखा | ४ | ७ | १ | ८ |
| ३६ | लम्जुंग | ४ | १ | १ | २ |
| ३७ | रोल्पा | ५ | १ | ३ | ४ |
| ३८ | नवलपरासी (बर्दघाट सुस्तापश्चिम) | ५ | २ | १ | ३ |
| ३९ | पाल्पा | ५ | ११ | १ | १२ |
| ४० | अर्घाखाँची | ५ | ४ | ० | ४ |
| ४१ | रुपन्देही | ५ | २ | ३ | ५ |
| ४२ | कपिलवस्तु | ५ | २ | १ | ३ |
| ४३ | दाङ | ५ | २ | २ | ४ |
| ४४ | प्यूठान | ५ | ० | १ | १ |
| ४५ | बाँके | ५ | २ | २ | ४ |
| ४६ | बर्दिया | ५ | ० | १ | १ |
| ४७ | जुम्ला | ६ | १ | ० | १ |
| ४८ | कालिकोट | ६ | ४ | ० | ४ |
| ४९ | मुगु | ६ | १ | ० | १ |
| ५० | रुकुम पश्चिम | ६ | ० | २ | २ |
| ५१ | सल्यान | ६ | १ | ० | १ |
| ५२ | सुर्खेत | ६ | ६ | ० | ६ |
| ५३ | दैलेख | ६ | १ | १ | २ |
| ५४ | कैलाली | ७ | ५ | ३ | ८ |
| ५५ | कंचनपुर | ७ | १ | ० | १ |
| ५६ | डडेल्धुरा | ७ | १ | ० | १ |
| ५७ | अछाम | ७ | १ | ० | १ |
| ५८ | डोटी | ७ | ० | १ | १ |
| ५९ | बैतडी | ७ | ३ | ५ | ८ |
| ६१ | बझाङ्ग | ७ | १ | ० | १ |
| ६२ | बाजुरा | ७ | १ | ० | १ |
| | **जम्मा** | | **२०६** | **१०९** | **३१५** |

## मधेश/तराई

| क्र.सं. | जिल्ला | जम्मा |
|---|---|---|
| १ | रौतहट | ४ |
| २ | बारा | २१ |
| ३ | बर्दिया | १ |
| ४ | दाङ | ४ |
| ५ | धनुषा | २ |
| ६ | झापा | १२ |
| ७ | कैलाली | ८ |
| ८ | बाँके | १ |
| ९ | कंचनपुर | ३ |
| १० | कपिलवस्तु | ३ |
| ११ | मकवानपुर | १० |
| १२ | मोरङ | १ |
| १३ | नवलपरासी पूर्व | ३ |
| १४ | नवलपरासी पश्चिम | ६ |
| १५ | पर्सा | ३ |
| १६ | रुपन्देही | ५ |
| १७ | सप्तरी | ७ |
| १८ | सर्लाही | १ |
| १९ | सुर्खेत | ६ |
| २० | उदयपुर | ११ |
| २१ | सुनसरी | ४ |
| २२ | सिराहा | ६ |
| २३ | सिन्धुली | २ |
| | जम्मा | १२४ |


## हिमाल

| क्र.सं. | जिल्ला | जम्मा |
|---|---|---|
| १ | बझाङ्ग | १ |
| २ | बाजुरा | १ |
| ३ | दोलखा | ६ |
| ४ | जुम्ला | १ |
| ५ | कालिकोट | ४ |
| ६ | मुगु | १ |
| ७ | रसुवा | ३ |
| ८ | संखुवासभा | २ |
| ९ | सिन्धुपाल्चोक | ४ |
| १० | सोलुखुम्बु | १ |
| | जम्मा | २४ |

## पहाड

| क्र.सं. | जिल्ला | जम्मा |
|---|---|---|
| १ | अछाम | १ |
| २ | अर्घाखाँची | ४ |
| ३ | बाग्लुंग | १ |
| ४ | बैतडी | ५ |
| ५ | भक्तपुर | ११ |
| ६ | भोजपुर | ४ |
| ७ | डडेल्धुरा | १ |
| ८ | दैलेख | २ |
| ९ | धनकुटा | २ |
| १० | डोटी | १ |
| ११ | गोरखा | ८ |
| १२ | इलाम | २ |
| १३ | जाजरकोट | ४ |
| १४ | कास्की | ९ |
| १५ | काठमाडौं | ४३ |
| १६ | काभ्रे | २१ |
| १७ | ललितपुर | ८ |
| १८ | लमजुंग | २ |
| १९ | नुवाकोट | ९ |
| २० | ओखलढुंगा | २ |
| २१ | पाल्पा | १२ |
| २२ | पाँचथर | १ |
| २३ | पर्वत | १ |
| २४ | प्यूठान | १ |
| २५ | रोल्पा | ४ |
| २६ | रुकुम पश्चिम | २ |
| २७ | सल्यान | १ |
| २८ | स्याङ्गजा | ४ |
| २९ | तेह्रथुम | १ |
| | जम्मा | १६७ |

### भौगोलिकताका आधारमा पर्यवेक्षक



# विभिन्न जात र समुदायका आधारमा पर्यवेक्षक संख्या

| क.सं. | विभिन्न जात | जम्मा |
|---|---|---|
| १ | आदिवासी र जनजाति | ३९ |
| २ | दलित | २० |
| ३ | खास,आर्य | २०६ |
| ४ | मधेसी | ४० |
| ५ | मुसलमान | १ |
| ६ | थारु | ९ |
| | जम्मा | ३१५ |

# अनुसूची - ३

## प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७४
## निर्वाचनको दिनमा भर्ने रूजुसुची

<table>
<tr><th colspan="10">भाग १: मतदात केन्द्र र मतदातासम्बन्धी जानकारी</th></tr>
<tr><td>१.</td><td>प्रदेश नं.</td><td colspan="3"></td><td>२.</td><td>जिल्ला</td><td colspan="3"></td></tr>
<tr><td>३.</td><td>स्थानीय तह</td><td colspan="3"></td><td>४.</td><td>वडा नं.</td><td colspan="3"></td></tr>
<tr><td>५.</td><td>मतदान केन्द्रको नाम</td><td colspan="3"></td><td>६.</td><td>मतदान केन्द्र (बुथ नं.)</td><td colspan="3"></td></tr>
<tr><td>७.</td><td>पर्यवेक्षकको नाम</td><td colspan="8">संस्था</td></tr>
<tr><td rowspan="2">८.</td><td rowspan="2">मतदान केन्द्रमा जम्मा मतदाता</td><td>महिला</td><td>पुरुष</td><td>जम्मा</td><td rowspan="2">१०.</td><td rowspan="2">मतदान केन्द्रमा पठाइएका कूल मतपत्र</td><td colspan="3" rowspan="2"></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">११.</td><td rowspan="2">मतदाताले मतदान गरेका कूल मतपत्र</td><td colspan="3" rowspan="2"></td><td rowspan="2">१२.</td><td rowspan="2">लैङ्गिक आधारमा भएको मतदाता संख्या</td><td>महिला</td><td>पुरुष</td><td>जम्मा</td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td>१३.</td><td>बचेका मतपत्र</td><td colspan="8"></td></tr>
</table>

उपयुक्त कोठामा (ब) चिन्ह लगाउनुहोस् ।

भाग २: निर्वाचनको प्रक्रिया र अन्य विषयवस्तुको लेखाजोखा कृपया कोष्ठमा भएका प्रश्नहरू राम्ररी पढ्नुहोस् ।

| मतदान केन्द्र वरिपरिको वातावरण | | छ | छैन |
|---|---|---|---|
| १ | के मतदान केन्द्र पायक पर्ने र सार्वजनिक ठाउँमा छ ? | | |
| २ | के मतदात केन्द्र वा त्यसका वरिपरि दल वा उम्मेदवारका प्रचार सामग्रीहरू टाँसिएका छन्? | | |
| ३ | के मतदातालाई मतदानमा असर पर्नेगरी मतदान केन्द्र वरिपरि केही गतिविधि भएका छन्? | | |
| ४ | के तपाईंलाई मतदान केन्द्र भित्र प्रवेश गरी पर्यवेक्षण गर्न दिइएको छ ? | | |
| ५ | के कसैले तपाईंलाई धम्काउने वा दबाब दिने प्रयास गरे ? | | |
| ६ | के मतदान केन्द्रमा महिला र पुरुषको लागि छुट्टै लाइन लाग्ने व्यवस्था गरिएको छ ? | | |
| ७ | के मतदान केन्द्र अपाङ्गगमैत्री छ ? | | |
| **मतदान शुरु हुनु अघि** | | छ | छैन |
| ८ | के मतदान केन्द्रमा आवश्यक पर्ने मतदाता नामावली, मतपत्र, मतपेटिका, मसी आदि सामग्रीहरू यथास्थानमा छन् ? | | |
| ९ | के मतदान अधिकृतले शिलबन्दी गर्नुअघि रित्तो मतपेटिका दलका प्रतिनिधि, पर्यवेक्षक लगायतलाई देखाएका छन् ? | | |
| १० | के मतदान केन्द्रमा दल वा उम्मेदवारका प्रतिनिधिको उपस्थिति रहेको छ ? | | |
| ११ | के मतदान केन्द्र समयमै (बिहान ७ बजे) खुलेको छ ? | | |

| मतदान केन्द्र वरिपरिको वातावरण | | छ | छैन |
|---|---|---|---|
| १२ | के मतदान केन्द्रमा महिला र पुरुषको लागि छुट्टै लाइन लाग्ने व्यवस्था गरिएको छ ? | | |
| १३ | के मतदान केन्द्र अपाङ्गगमैत्री छ ? | | |
| **मतदान प्रक्रिया** | | छ | छैन |
| १२ | के मतदान शुरु गर्दा मतदान केन्द्र भित्र खटिएका कर्मचारी, दलका तोकिएका प्रतिनिधि र पर्यवेक्षक वा प्रवेशयोग्य व्यक्ति बाहेक अन्य मानिस उपस्थित थिए ? | | |
| १३ | के मतदान केन्द्रमा प्रवेश गर्ने र बाहिर निसक्ने छुट्टाछुट्टै बाटो बनाइएको छ ? | | |
| १४ | के मतदाताहरू लाइनमा उभिएर शान्तिपूर्ण वातावरण मतदान केन्द्रभित्र प्रवेश गरेका छन् ? | | |
| १५ | के मतदाताहरूको नाम रुजु गरेर मात्र मतपत्र प्रदान गरिएको छ ? | | |
| १६ | के मतदाताको बायाँ हातको बुढीऔँठाको नङमा मतपत्र प्रदान गर्नु अघि मसी लगाइएका छ ? | | |

| | | | |
|---|---|---|---|
| १७ | के मतदातालाई दिइएको मत्रपत्रमा मतदान अधिकृतको सही छ ? | | |
| १८ | के मतपत्रमा छाप लगाउन(मतदान गर्न)गोप्य स्थानको व्यवस्था गरिएका छ? | | |
| १९ | के मतदातानामावलीमानामउल्लेखभएकामतदातालाईमतदानगर्नबाटवञ्चितगराइएकोछ? | | |
| २० | के एकपटक मतदान गरिसकेका मतदाताहरूले दोस्रो पटक पनि मतदान गरेका छन्? | | |
| मतदान पश्चात् | | छ | छैन |
| २१ | के ५बजे अगावै लाइनमा बसिसकेका मतदातालाई मतदान गर्न दिइयो ? | | |
| २२ | के मतदान केन्द्र समयमै(५बजे) बन्द गरिएको छ? | | |
| २३ | के ५ बजेपछि आएर पनि लाइनमा बसेका मतदातालाई मतदान गर्न दिइएको छ? | | |
| २४ | के मतपेटिका राम्ररी शिलबन्दी गरिएको छ? | | |
| २५ | के प्रयोग नभएका मतपत्रहरू राम्ररी गनेर छुट्टै खाममा शिलबन्दी गरिएका छन् ? | | |
| २६ | के मतपत्र बन्द गर्दा मतपत्र खसाल्ने प्वालमा सुरक्षण शिल लगाइ मुचुल्का खडा गरियो ? | | |

| | |
|---|---|
| मतदान प्रक्रियाको समग्र लेखाजोखा तथा पर्यवेक्षकको मूल्याङ्कन | |
| निर्देशन: आफूले पर्यवेक्षण गरेको केन्द्रमा भएको मतदान प्रक्रिया सँग मेलखाने कोठामा (ब) लगाउने | |
| राम्रो-मतदानको बेला कुनै पनि अनियमितता नभए | |
| मध्यम-अनियमितताका छिटफुट घटना भए | |
| नराम्रो- अनियमितताका थुप्रै घटना भए जसले निर्वाचन प्रक्रियालाईनैराम्ररीअसरपारे | |
| ज्यादै नराम्रो-अनियमितताका घटनाहरू प्रशस्त भए जसले यो केन्द्रको निर्वाचन अर्थहीन छ | |

भाग ३: अन्य टिप्पणी

नोट : समग्र यो निर्वाचनका सबल पक्ष तथा कमजोर पक्षहरू के के थिए ? कृपया यो रुजु सूचिलाई आधार मानी आफ्नो अनुभव सहितको कम्तिमा दुई पाना, काम र कर्तव्यमा उल्लेख भएबमोजिम यो रुजुसहित छुट्टै प्रतिवेदन लेखि पठाउनु होला ।

पर्यवेक्षकको नाम, थर: पर्यवेक्षक परिचयपत्र नं.:

हस्ताक्षर: मिति:

# अनुसुची -४

## पर्यवेक्षकहरूका लागि इओसी नेपालको पर्यवेक्षण आचार संहिता

(१) पर्यवेक्षक परिचयपत्र सबैले देख्ने गरी लगाउनु पर्ने,
(२) मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियामा संलग्न सबै निकायहरूमा जाँदा पर्यवेक्षकले शिष्टाचारको पालना गर्नु पर्ने,
(३) आफूलाई अनुमति प्राप्त क्षेत्रको मात्र पर्यवेक्षण गर्नु पर्ने,
(४) निर्वाचन आयोगको सम्मान र प्रतिष्ठामा आँच आउने कुनै कार्य गर्न नहुने,
(५) स्वतन्त्र, निष्पक्ष, तटस्थ एवम् वस्तुनिष्ठ ढङ्गले निर्वाचन पर्यवेक्षण गर्नु पर्ने,
(६) कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव वा पूर्वाग्रह राख्नु नहुने,
(७) निर्वाचनका सरोकारवालाहरूलाई आक्षेप लगाउने किसिमको व्यवहार गर्नु, गराउनु नहुने,
(८) कुनै राजनैतिक दल वा उम्मेदवारको समर्थन वा विरोध हुने गरी पर्यवेक्षकहरूले चिन्ह, ब्याच लगाउन वा अन्य कुनै माध्यमद्धारा प्रचार-प्रसार वा प्रदर्शन गर्न गराउन नहुने,
(९) निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूलाई सल्लाह दिन, सूचना प्रदान गर्न र कानूनको व्याख्या गर्न नहुने,
(१०) मतदान केन्द्रमा उठेको विवाद समाधान गर्न, निर्वाचन परिणाम प्रमाणित गर्न वा प्रमाण लाग्ने किसिमले वक्तव्य प्रकाशन गर्न गराउन नहुने,
(११) कुनै मतदान केन्द्रमा मतदान भईरहेको समयमा मतदान कार्यलाई असर पर्ने किसिमको कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित क्रियाकलाप गर्न गराउन नहुने,
(१२) निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूको कर्तव्य पालनामा असर पार्ने गरी कुनै किसिमको बाधा अड्चन उत्पन्न हुने कुनै कार्य गर्न गराउन नहुने,
(१३) मतदान केन्द्रभित्र मतदान अधिकृतको अनुमति लिएर तोकिएको अवधिभित्र मात्र पर्यवेक्षण गर्नुपर्ने,
(१४) सुरक्षा संवेदनशीलताको कारण निषेध गरिएका स्थान र मतदान केन्द्रहरूको पर्यवेक्षण गर्नु नहुने,
(१५) पर्यवेक्षण गर्न जाँदा मतदान अधिकृतबाट अनुमति लिएर कामसँग सम्बन्धीत उपकरण मात्र प्रयोग गर्नु पर्ने,
(१६) आवश्यक भएमा मतदातासँग सामान्य जानकारी लिन बाहेक मतदाताको गोप्यता भङ्ग हुने वा मतदानको स्वच्छता र निष्पक्षतामा आँच आउने एवम् मतदान कार्य वा क्षेत्रमा वाधा उत्पन्न हुने किसिमबाट कुनै कार्य गर्न नहुने,
(१७) निर्वाचन अधिकृत वा मतदान अधिकृतले स्वीकृति दिएमा बाहेक मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियाको तस्वीर खिच्न नहुने, तर निर्वाचन अधिकृत वा मतदान अधिकृतवाट स्वीकृत पाएको अवस्थामा तस्विर खिच्दा मतदाताले मत संकेत गरेको तस्विर खिच्न नहुने ।
(१८) निर्वाचन अधिकृत वा निर्वाचन आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नु अघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्नु गराउनु नहुने,
(१९) निर्वाचन प्रक्रिया सम्बन्धमा ऐन, नियम, निर्देशिकाहरूले व्यवस्थित गरेको प्रावधानबारे सञ्चार माध्यमहरूमा टिका टिप्पणी गर्न नपाउने, तर ती प्रावधानहरु पालना गर्दा देखिएका त्रुटि, कमजोरीहरूलाई आफ्नो प्रतिवेदनमा औंल्याउन पाउने ।
(२०) आफूलाई चाहिने साधन र स्रोतको व्यवस्था आफैं गर्नु पर्ने,
(२१) पर्यवेक्षण अवधिमा संकलन गरेका सूचनाहरु वास्तविक, सत्य र वस्तुनिष्ठ हुनु पर्ने,
(२२) निर्वाचन पर्यवेक्षणको समीक्षा गर्दा वा प्रतिवेदन दिंदा निर्वाचन प्रक्रियामा प्रभाव पार्ने समग्र तथ्य र कारणहरूको विश्लेषण गरी यथार्थपरक र फराकिलो दृष्टिकोण राख्नु पर्ने,
(२३) मतदान केन्द्रमा मतदान अधिकृत लगायत मतदानमा खटिएका कर्मचारीहरूलाई उनीहरूको कार्यसम्पादनमा बाधा अवरोध नपुऱ्याउने गरी पर्यवेक्षण गर्नुपर्नेछ ।

# अनुसूचि - ५

## प्रदेश तथा जिल्लागत प्रतिनिधिमूलक घट्नाका तथ्यहरु :

प्रतिनिधि सभा र प्रदेशसभा सदस्य निर्वाचनको पहिलो र दोस्रो चरणको निर्वाचनमा इओसी नेपालका पर्यवेक्षकको रिपोर्ट तथा विभिन्न स्रोतका आधारमा पाइएको अचारसहिता उल्लघंन तथा अन्य रोचक घटनाहरूको विवरण यहाँ प्रस्तुत गरिएको छ। मतदान केन्द्रमा खटिएका पर्यवेक्षकको रिपोर्टका साथै समग्र जिल्लाकै समिक्षा गरिएको हो।

### पहिलो चरण : प्रदेश १

**१.१ सोलुखुम्बु**

नेचा सल्यान गाउँपालिकास्थित तिलंगाबासीले स्थानीय चुनावमा जस्तै प्रदेशसभा र प्रतिनिधि सभाको मतदानमा भाग लिएनन्। नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रसहित प्रमुख दलहरूले मिलेर चुनाव बहिस्कार गरेका थिए। तिलंगको प्रमुक विवाद भनेको यसलाई सोलु दुधकुण्ड नगरपालिकामा गाभ्ने कि नेचा सल्यान गाउँपालिकामा गाभ्ने भन्ने हो। अहिले नेचा सल्यान गाउँपालिकामा गाभिएको छ जबकी स्थानीयवासीहरू तिलङ्गालाई सोलु दुधकुण्ड नगरपालिकामा गाभ्न चाहन्थे।

**१.२ संखुवासभा**

संखुवासभा जिल्लाको भोटखोला गाउपलिका २ मा रहेको दुधपोखरी आधारभूत विद्यालय मतदान केन्द्रमा ७ बजे देखि मतदान सुरु हुनुपर्नेमा ११ बजेपछि मात्र मतदान सुरु भएको थियो। १४ जनाले मात्रै मत खसालेका थिए भने उक्त मतदान केन्द्रमा ४४ जना मात्रै मतदाताहरू रहेका थिए।

**१.३ भोजपुर**

भोजपुरको पूर्वी च्याग्रे मतदान केन्द्र नजिकै सकेट बम बिस्फोट गराइएको थियो। पौवा दुम्मामा गाउँपालिकास्थित पन्चकन्या मा.वि केन्द्रमा रहेको मतदान केन्द्रबाट करिब २० मिटर टाढा बम बिस्फोट गराईएको जिल्लास्थित सुरक्षा स्रोतले बताएको थियो। बम बिस्फोटको आवाजबाट स्थानीय मेनुका बोहरा बेहोस भएको थिइन्। मतदान स्थल वरपर केहिबेर त्रास रहेता पनि भोजपुरमा शान्तिपूर्ण ढंगबाट नियमित मतदान प्रक्रिया अगाडि बढेको पाइयो।

**१.४ ओखलढुंगा**

यस जिल्लाका जनताहरू स्थानीय निर्वाचनमा धेरै उत्साही थिए तर प्रतिनिधि सभा र प्रदेशसभा निर्वाचनमा त्यति उत्साही भएको पाइएन। निर्वाचन आयोगले मतदाता शिक्षाप्रति खासै चासो दिएको भेटिएन। निर्वाचनले दुई दिन अगाडी सचेतनाको कार्यक्रम चलायो तर त्यो प्रभावकारी भएको देखिएन। तस र्थ मतदाता शिक्षामा बिशेष ध्यान नदिएका कारण धेरै मात्रामा मत बदर भएको देखिन्छ। त्यही मतदाता शिक्षा अभावका कारणले मतदाता अन्योलमा परेको देखियो। साथसाथै निर्वाचन हुनुपूर्व चुनावी प्रचारप्रसारको सन्दर्भ हेर्दा दिनहुँ जसो दलका नेताहरूले पेयपदार्थ र मासु/खाजामा पैसा खर्च गरेको देखियो। अरु कतिपय उम्मेदवारले आफू राम्रो बन्नको लागि अर्को दल र नेतालाई नाग्याएर तथानाम गाली र चरित्र हत्या गर्ने गरी भाषण गरेको पाइयो।

**१.५ पाँचथर**

पाँचथरमा मतदाता शिक्षा प्रभावकारी भएन। मतदाता शिक्षा सामाग्री जिल्लाका सबै क्षेत्रमा पुगेन। पाँचथरको सदरमुकम फिदिम बजार शनिबारे हाटमा र पाँचथरको हिलिहाङ गाउँपालिकाको चतुरे बजारमा फेला परेको सकेट बम सेनाद्धारा डिस्पोज गरिएको थियो। पाँचथरमा उम्मेदवारी दिएका अधिकांस दलहरूले निर्वाचन आचारसहितामा गर्न नहुने भनि उल्लेख गरेका आचारसहिताको खिल्ली उडाउदै ठूलो आकारमा विभिन्न रंगमा तुल, ब्यानर, फ्लास बोर्ड, पोष्टर, पम्प्लेट, झन्डा, चुनाव चिन्हहरू बनाई आयोगले निषेध गरेका क्षेत्रहरूमा समेत टाँसेको पाईयो। राजनीतिक दलका उम्मेदवारहरूले आयोगले तोकेभन्दा बढी सवारी साधनहरू प्रयोग गरेको पाइयो। मतदाताहरूलाई आफ्नो पक्षमा पार्न विभिन्न ठाउँमा मतदाताहरूलाई भोज खुवाउने काम भएको देखियो भने भोट किन्ने काम समेत भएको भन्ने हल्ला मतदाताहरूबाटै आएको सुनियो। मतदान केन्द्रमा मतदान गर्न आएका मतदाता हेर्दा आफै मत संकेत गर्न सक्ने अवस्था देख्दादेख्दै आफन्तले मत संकेत गरेको घटना देखियो। विभिन्न राजनीतिक दलका उम्मेदवारहरूको प्रचारप्रसार पाँचचथरको ७ वटा विभिन्न एफ .एम. रेडियोहरूबाट विज्ञापनका रुपमा प्रसारण गरिएको थियो।

**प्रदेश ३**

**३.१ नुवाकोट**

मिति २०७४ साल मंसिर १० गते सम्पन्न निर्वाचन नुवाकोटमा शान्तिपूर्ण तरिकाबाट सम्पन्न भएको छ। जिल्लाको २ वटा प्रतिनिधि सभा र ४ वटा प्रदेशसभाको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भई निर्वाचन प्रणालीको मत परिणाम पनि घोषणा भैसकेको छ। यस जिल्लाको केन्द्रहरूमा अपाङ्गहरूको लागि छुटै व्यवस्था थिएन। मतदान केन्द्र अलि साँघुरो थियो तथा मतदाताहरू पनि अलि लामो समय लाईनमा बस्नु परेको थियो। प्रत्यक्ष रुपमा हेर्दा मतदातालाई मतदान गरिसकेपछि खाजाको व्यवस्था गरिएको देखिन्थ्यो। त्यसका लागि चिट बनाएर पार्टीको छाप लगाइएको थियो। मत परिणाम घोषणा गर्न र गणना गर्दा कुनै किसिमको विवाद भएन। साथै राजनीतिक दलहरूको बिचमा समझदारीपूर्वक मत परिणाम घोषणा गरिएको पाइयो।

**३.२ रसुवा**

रसुवाको कालीका गाउँपालिकाको मतपेटीका जम्मा गरी सदरमूकाम लैजाने तय भएकोमा ६ जना मतदान अधिकृतले आफनो इच्छा अनुसार लैजान खोज्दा विवाद भयो। प्रहरीबाट लाठीचार्ज भयो र केही मानिसहरू घाईतेसमेत भए। मतपेटिका धुन्चे लाने एउटै गाडी डिब्बामा सिल गरेर लग्ने सहमती भयो तर गाडीमा राखिएको मतपेटीका पछि अर्को गाडीमा राखी लाने भनी अर्को गाडीहरूमा राख्न थालेपछि धेरै विवाद भयो। विवाद मिलाउनको लागि राति सी.डी ओ. तथा डि.एस.पी. आफै आई विवाद साम्य पार्ने कार्य भयो। मतपेटिका बोक्ने गाडीको समेत गाडी पास नभएर राती पछि गाडीको पास बनाउने कार्यसमेत भयो र मतपत्र सिल गरेर गाडीमा लग्ने कार्य भएको थियो ।

निर्वाचन कार्यालयलाई आचारसंहिताको उल्लंघनका घटनाका बारेमा जानकारी हँदा पनि उजुरी गनुपर्ने सो सामान्य नागरिकले समेत आलोचनाको विषय बनाइएको पाइयो। निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता शिक्षाको प्रभावकारीता नरहेको देखिन्थ्यो। प्रतिनिधि सभामा खसेको १२.१६ प्रतिशत र प्रदेशसभातर्फ १८.२६ प्रतिशत मत बदर देखिन्छ। यो मतदाता शिक्षाको कमीले आचारसंहिता विपरित खर्च ज्यादै बढि भएको मतदाता आकर्षण गर्नको लागी आर्थिक चलखेल भएको देखिन्छ। मतपरिणाम सार्वजनिक पछि विजय भएको प्रतिनिधि तथा प्रदेशसभाको विजय सांसदहरूले निकै ठूलो धनराशिको खर्च भएको गा.पा.को एउटै वडामा पनि ८ स्थानमा छुट्टाछुट्टै भोज भएको र आचारसंहिता विपरित विजय सांसदहरूले विजयपछि हेलिकपप्टेरको प्रयोगगरी विजय जुलुसमा सहभागी भएको पाइयो। राजनैतिक दलहरूले आफनो चुनावी खर्चको विवरण दिन नमानेको पनि आचारसंहिता विपरित नै देखिन्छ।

**३.३ धादिङ**

खनीयावास गाउँपालिका-२ स्थित बेन्दीदेवी मा.वि मतदान केन्द्रमा लोकतान्त्रिक गठबन्धनले बाम गठबन्धनका कार्यकर्तामाथि आक्रमण गरी सो मतदान केन्द्र कब्जामा लिएपछि हुन नसकेको मतदान २.३० बजेबाट सुचारु भएको थियो। नेपाली सेनाको टोली सो मतदान केन्द्रमा पुगी मतदानबाट बञ्चित गरिएका बाम गठबन्धनका मतदाता र प्रतिनिधिलाई मतदान केन्द्रमा पुऱ्याएपछि मतदान सुचारु गरिएको थियो। लोकतान्त्रिक गठबन्धनका कार्यकर्ताहरूले बाम गठबन्धनका प्रतिनिधि र मतदातालाई मतदान केन्द्रमा आउन रोक लगाइएको थियो। त्यस्तै रुवी भ्याली गाउँपालिका-२ दोडदेन मावि मतदान केन्द्रमा लोकतान्त्रिक गठबन्धानको भोट भाग लगाएर हाल्ने प्रस्ताव बाम गठबन्धनका कार्यकर्ताले नमानेपछि मतदान अवरुद्ध भएको मतदान दुई पक्षबीचको छलफलले मतदाताले नै मतदान गर्ने सहमति गरेपश्चात २ बजेबाट पुन सुचारु भएको थियो।

**३.४ सिन्धुपाल्चोक**

सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँपालिका ८ को टोकास्थित कालीदेवी प्रावि मतदान केन्द्रमा लोकतान्त्रिक र वाम गठबन्धनका कार्यकर्ताबीच झडप भएको थियो। मतदान परिचयपत्र नभएपनि मतदान गर्न पाउने र नपाउने पक्षबीचको विवादले झडप भएको थियो। सो विवादलाई नियन्त्रणमा लिन प्रहरीले दुई राउण्ड हवाई फायर समेत गरेको थियो। अवस्था सामान्य भएपछि फेरि मतदान सुरु भएको थियो।

**३.५ दोलखा**

प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनमा दोलखा पनि अन्य जिल्लाझैं चर्चामा नै रह्यो। दोलखाको निर्वाचनलाई लिएर निर्वाचनअघि दोलखाको शान्ति सुरक्षाको विषयमा धेरै अड्कलबाजी भएको थियो। चुनावको दिन प्राय मतदाता र राजनितिक दलका कार्यकताबिच पनि एक प्रकारको संसय कायम थियो। तर जब मतदान सकियो दोलखाका सबै मतदान केन्द्रमा शान्तिपूर्णरुपमा मतदान सम्पन्न भएको खबरप्राप्त भएको थियो। जिल्लाको केही मतदान केन्द्रमा बुथ कब्जा गरेको भनेर जिल्लामा नेपाली काङ्ग्रेसले लिखित उजुरी दिएको थियो। त्यसैगरी जिल्लाको जफेमा रहेको मतदान केन्द्रमा भने केही तनाव सृजना भएको थियो तर त्यहाँ पनि मतदान प्रक्रिया रोकिएन। यस जिल्लाका मतदान केन्द्रहरूको व्यवस्थापन तुलनात्मक रुपमा व्यवस्थित थियो। मतदान केन्द्रमा खटिएका कर्मचारीहरूको सहभागीता र उनीहरूको सहयोग अत्यन्त राम्रो थियो। मतदाताहरूको लाइन व्यवस्थापन र मतदान केन्द्रको सुरक्षा राम्रो थियो र एक अर्कामा सहयोगी भूमिका खेलिरहेको पाइन्थ्यो। समग्रमा भन्नुपर्दा दोलखा जिल्लामा प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचन शान्तिपूर्ण तरिकाले सम्पन्न भयो।

**प्रदेश ४**

### ४.१ बाग्लुङ

यस जिल्लाका मतदान केन्द्रहरूमा सुरक्षाका लागि सुरक्षाकर्मीहरु निर्वाचनभन्दा तीन दिनअघि खटाइएको थियो। निर्वाचनको दिन समग्रमा यस जिल्लाका मतदान केन्द्रहरूमा शान्तिपूर्ण ढंगबाट मतदान भएको थियो। निर्वाचनका दिन प्रहरी र स्वीकृत प्राप्त सवारी साधन मात्र चलेको थियो। मतदान केन्द्रभित्र र बाहिर निस्किने बाटो फरक बनाएको थियो र गोप्य मतपेटिका पनि छुट्टाछुट्टै राखिएको थियो। मतदानसम्बन्धी समस्या परेमा मतदान अधिकृत र राजनीतिक दल प्रतिनिधिमार्फत धमाधम समाधान गरिएको देखियो। मतदान परिचयपत्र छुटेकालाई पनि मतदान गर्न दिइएको थियो।

### ४.२ लमजुङ

उम्मेदवारीमा युवाको सहभागिता कम भए पनि मतदान अधिकृत, दलका प्रतिनिधि, स्वयंसेवक अन्य कर्मचारी, सुरक्षाकर्मी, म्यादी प्रहरी, मतदाता सबैमा व्यापक युवा अनुहारहरू नै थिए। यो तरिकाबाट पनि यसपालिको चुनावमा युवा सहभागिता राम्रै देखिएको थियो। महिलाहरूको पनि सहभागिता राम्रो थियो। मतदातामा खटिएका सुरक्षाकर्मीको प्रमुखमा महिला, म्यादी प्रहरीमा महिला, दलका प्रतिनिधिमा महिलाहरूको उत्साहजनक उपस्थिति थियो। सुरक्षा व्यवस्था निकै राम्रो थियो। निर्वाचन आयोगबाट मतदान शिक्षा प्रभावकारी नभएपनि मतदान गर्ने दिन बुथ भित्रै खटिएका कर्मचारीहरूले राम्ररी बुझाएर मत बदर हुन नदिन मतदाताहरूलाई सजग गराईरहेका थिए। उत्साहजनक सहभागिता सँगै समयमै मतदान सकियो। यसपालिको चुनावमा घरदैलो कम भएकोमा धेरैजस मतदाताहरूले उम्मेदवार नै नचिनेको भोट कसलाई हाल्नु कसरी हाल्नु भनिरहेकोले पनि चुनावी उत्साह कम भएको पो हो कि भन्ने देखियो। मौन अवधिमा पैसाको निकै चलखेल भएको सुनियो। निर्वाचन आयोगले कडाई गरे अनुसार यसपाली पार्टीको चिन्ह भएको टिसर्ट र टोपीमा कमि भएपनि कुनै ठाउँमा भने गाउँ नै कुरूप हुने गरि झन्डा, पोष्टर र ब्यानरहरूको व्यापक प्रयोग भएको पाइयो।

### ४.३ गोरखा

यस जिल्लाका मतदानस्थलको तयारी गर्दा मतदान प्रकृया र मतदन गर्दा लाग्न सक्ने समय समेतलाई मनन गरी सहज वातावरणको मतदान स्थल तयार गरेको देखियो। निर्वाचनका लागि खटिएका कर्मचारीहरू तथा सुरक्षाका लागि खटिएका प्रहरी तथा सैनिक जवानहरुले निर्वाचनलाई शान्तिपर्ण् र भयराहित वातावरणमा सम्पन्न गर्न आ-आफ्नो कर्तव्य प्रभावशाली र मेहनतका साथ कार्य सम्पादन गरेको देखियो। कानुनले उपलब्ध गराएको सुविधा बमोजिम असक्त तथा बद्धबृद्धाको लागि निजका एकाघरका सहयोगी अथवा मतदान अधिकतको सहयोगले मतदान गर्न पाउने सुविधालाई कसैकसैले भने दुरूपयोग गर्न खोजेको देखियो।

हिमाली क्षेत्रमा हिमपातको समय भएकोले कतिपय मतदाताहरू आफ्नो आश्रयस्थल छोडी न्यानो स्थानमा अन्यत्र गएकोले मतदान संख्यामा प्रतिकुल असर परेको पनि देखियोनिर्वाचनको प्रचार प्रसारको समयमा भएका केहि हिंसात्मक घटनाहरू र त्यसले सिर्जना गरेको त्रासको वातावरणले निर्वाचनको दिनपनि कतिपय अप्रिय घटनाहरू हुने पो हो कि भन्ने आशंका रहेको थियो। उक्त आशंकालाई बल दिने आधारहरू पनि थिए। तर निर्वाचनको दिन केहि छिटफुटका विवादहरू भएपनि आमरुपमा निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको पाइयो। निर्वाचन आचारसंहिताको पालना गर्ने सवालमा सबै राजनीतिक दलहरू र उमेदवारहरू प्रतिबद्ध रहेको देखिएन। राजनीतिक दलहरुले बाहिरी रुपमा प्रचारप्रसार गर्दा आचारसंहिताले निषेधित गरिएका क्रियाकलापहरू पालना गरिएको देखिएता पनि सारभूत रुपमा भने पालना गर्न सकेका थिएनन्। पर्यवेक्षण गरिएका केन्द्रहरूमा मतदाता ढुवानी गर्न स्वीकृतका गाडीहरूको प्रयोग गरेको पाइयो। मतदान केन्द्रबाट केहि टाढा मतदातालाई जलपान, खानपिन, मासुभात, मादकपदार्थ अधि प्रशस्त मात्रामा उपलब्ध गराइएको पाइयो। यी सबै क्रियाकलापहरू निर्वाचन आचारसंहिता विपरित थिए। तर यस किसिमको कार्यले उम्मेदवारले निर्वाचनको लागि तोकिएको खर्चको सीमाभन्दा सयौं गुणा बढिसम्म खर्च गरेको हुन सक्ने आधार समेत देखियो।

## प्रदेश ५

### ५.१ रोल्पा

प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचन २०७४ मंसिर १० गते रोल्पा जिल्लामा समग्ररुपमा शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न भएको छ। निर्वाचनका लागी केही भयत्रासका आशंकाका बाबजुद् पनि रोल्पामा निर्वाचन जनताले सक्रिय सहभागिता रहेको पाइयो। यस पटकको निर्वाचनमा सुरक्षा व्यवस्था प्रबन्ध आमनागरिकको सक्रियता र संचार माध्यमले निर्वाचन शिक्षामा गरेको योगदानहरू प्रशंसनीय मान्न सकिन्छ।

## प्रदेश ६

### ६.१ रुकुम पश्चिम

रुकुमको चौरजहारी नगरपालिका ८ गोईरीमा एनेकपा माओवादीका नेता तथा रुकुम प्रतिनिधि सभाका उम्मेदवार जनार्दन शर्मा चढेको चुनावी प्रचार प्रसारको गाडीमा अज्ञात समूहद्वारा रेडबुल बम प्रहार गरिएको थियो। चौरजहारी नगरपालिकामा प्रचार गरेर सानोभेरी गाउँपालिका जाँदै गर्दा बाटोमा बम प्रहार गरिएको थियो। रुकुम पश्चिमको आठ बसिकोट नगरपालिका वडा

नं. ११ को राष्ट्रिय मा.वि गताशैनाको मतदान केन्द्रमा एसिड हालिएको थियो। एसिड हाल्दा मतदान केन्द्रको बुथ 'ख' तर्फका समानुपातिक मतपेटिकामा आगलागी भएको थियो। दुईवटा बुथ रहेको केन्द्रमा त्यतिबेला ३०३ मतपत्र मतपेटिकामा खसिसकेको थियो। घटनामा संलग्न नेपाली काँग्रेस निकट सोही ठाउँ निवासी केशव खड्कालाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनापछि चुनाव स्थगित गरिएको थियो। रुकुम पश्चिम बाँफिकोटगाउँपालिका वडा नं. ५ को रत्न मा.वि काँडामा केन्द्रको बुथ 'क' को हरियो मत पेटिकामा एसिड राखिएपछि मतपेटिकामा क्षति भएको थियो। घटनाको समयसम्म २५० मत मतपेटिकामा खसिसकेको बताइएको थियो। एसिड राख्ने सोहि ठाउं निवासी ३५ बर्षिया कल्पना के.सीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो भने प्रतिनिधि सभाको चुनाव अर्को निर्णय नहुन्जेल स्थिगित भएको र सहमतिपछि मंसिर १५ गते चुनाव सम्पन्न गरिएका थियो। रुकुम पश्चिम स्यालाखदी हिमालय मा.वि.मा रहेको मतदान केन्द्रमा एसिड खसाल्न खोज्दा प्रहरीले थाहा पाई सोही ठाउँ निवासी २६ बर्षिया रुपा  कामीलाई नियन्त्रणमा लिएको थियो। मतदान केन्द्र केही समय तनावग्रस्त भएको थियो भने प्रहरीले २ राउण्ड हवाईफाईर गरेको थियो । वातावरण शान्त भएपछि पुन: मतदान प्रक्रिया सुचारु गरिएको थियो। पश्चिम रुकुमको आठबीसकोट नगरपालिका वडा नं.६ मनकामना प्रा.वि विद्यालय चुत्रिपाखा र वडा नं. ८ बयलीडाडाँ प्रा.वि. मतदान केन्द्रमा अज्ञात समूहद्धारा बम प्रहार गरिएको थियो। बिहान ५ बजेतिर गरिएको बमप्रहार चुत्रिपाखामा ३ र बयलीडाडाँमा २ गरी ५ पटक बम प्रहार गरिएको थियो भने क्षति   केही नभएको पाइयो। अज्ञात समूहले बम मतदान केन्द्र वरीपरी प्रहार गरेकोले मतदाताहरू त्रसित बनेका थिए। तर सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूले सुरक्षालाई कडा पारेकोले मतदान भने सफल रहेको पाइयो।

### ६.२ जाजरकोट

जाजरकोट  जिल्ला भेरी नपा-४ स्थित कस्तुरी मतदान केन्द्र (क) मा नेपाली काङ्गेसका मतदान प्रतिनिधिले मतदातालाई प्रभाव पार्न खोजेको विषयमा बामगठबन्धनका कार्यकर्ताले विरोध जनाएपछि उक्त मतदान केन्द्रमा बिहान १०:३० बजेबाट स्थगित भएको मतदान सर्वदलीय बैठकपछि १२ बजेदेखि सुचारु गरिएको थियो।

### ६.३ हुम्ला

हुम्लाको शंखेली गाउँपालिका- ३ रारा आधारभूत विद्यालय मेखाला मतदान केन्द्रमा मतदाता नै उपस्थित नभएपछि मतदान हुन सकेन। १ सय १९ मतदाता रहेको उक्त केन्द्रमा एक जना पनि मतदाता उपस्थित नभएपछि आयोगका कर्मचारी र सुरक्षाकर्मी घाम तापेर बसेका थिए। स्थानीय तहको पुन:संरचनामा असन्तुष्ट स्थानीयले विज्ञप्ति सार्वजनिक गर्दै मतदानस्थल नआएको पाइयो। विज्ञप्ति टाँसेर गाउँले मतदानस्थलमा उपस्थित नभएको डीएसपी कमलप्रकाश नेपालले जानकारी दिएका थिए। उक्त मतदान केन्द्र सदरमुकामबाट ४० कोस टाढा पर्छ।

### ६.४ मुगु

मुगुको मकार्मरङ गाउँपालिका-४ स्थित नेपाल राष्ट्रिय आधारभूत प्राथमिक केन्द्र खारी मतदान केन्द्रको मतपेटिकामा सिल लगाउने सामग्री फेला नपरेपछि १०.४५ बजेसम्म मतदान सुचारु हुन सकेको थिएन। सर्वदलीय बैठकले स्थानीयस्तरमा सील तयार पारी मतपेटिकामा लगाउने सहमति गरेपछि बिहान ११.३० बजेबाट मतदान सुरु गरिएको थियो।

### ६.५ जुम्ला:

जुम्लाको प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर २ मतदान केन्द्रमा एमाले कार्यकर्ता तथा उम्मेदवारले फर्जी मत खसालेको आरोपमा मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी परेको थियो। नेपाली काँग्रेसका प्रतिनिधि सभाको उम्मेदवार देवेन्द्र शाहीले उक्त मतदान केन्द्रमा एमालेले फर्जी मत खसालेको भन्दै मुख्य निर्वाचन अधिकृतको कार्यालय, जुम्लामा उजुरी गरेका थिए। उक्त मतदान केन्द्रमा चार सय बढी फर्जी मत खसालेको काँग्रेसको आरोप थियो। एमालेका कार्यकर्ता तथा एजेण्डले जिल्ला बाहिर रहेका, वृद्ध तथा अन्य मतदान स्थलमा नभएका व्यक्तिको परिचयपत्रबाट मतदान गरेपछि काँग्रेसले बहिस्कार गरेको उम्मेदवार शाहीले बताएका थिए। फर्जी परिचय पत्रको प्रयोग गरेर मतदान भएको भन्दै मतदान अधिकृतलाई जानकारी गराएर परिचय पत्र जिम्मा लगाए पनि पुन: परिचय पत्र खोसेर मतदान गरेको काँग्रेसका तर्फबाट प्रतिनिधिले बताएका थिए ।

### ६.६ कालिकोट

यस जिल्लाका मतदान केन्द्र पायक पर्ने ठाँउमा थियो भने मतदान केन्द्र वरपर कुनै पनि निर्वाचनलाइ प्रभाव पार्ने गतिविधि भएका थिएनन्। यो मतदान केन्द्र अपाङ्गमैत्री देखियो।। पुरुष र महिलाको लागि छुट्टाछुट्टै लाइनको व्यवस्था गरिएको थियो भने मतदानस्थलमा छिर्ने र निस्कने बाटो पनि छुट्टाछुट्टै नै रहेको थियो।

### ६.७ डोल्पा

डोल्पाको त्रिपुरासुन्दरी नपा-१ स्थित धर्मशालाचौर मतदान केन्द्रमा वारेसनामाको विषयमा बामगठबन्धन र लोकतान्त्रिक गठबन्धनका कार्यकर्ताबीच विवाद भएपछि दुवै पार्टीका कार्यकर्ताबीच झडप भएको थियो। झडपलाई नियन्त्रणमा लिन प्रहरीले बल प्रयोग गर्दा दुई जना मतदाता घाइते भएका थिए। घटनापछि रोकिएको मतदान कार्य दिउँसो २.४५ बाट पुन सुचारु भएको पाइएको थियो।

**प्रदेश ७**

**७.१ बाजुरा**

बाजुराको बुढीगंगा गाउँपालिका शारदा मावि मतदान केन्द्रमा १०:३० बजेदेखि मतदान स्थगित भएको थियो। नेकपा एमालेका निर्वाचन प्रतिनिधिलाई नेपाली कांग्रेसका कार्यकर्ताले कुटपिट गरेपछि मतदान स्थगित गरिएको थियो। सर्वदलीय सहमति पछि ११.४५ बजेदेखि मतदान पुन: सुचारु गरिएको थियो।

**७.२ बैतडी**

मतदाता परिचयपत्र हातमा लिएर आएको ४ जना मतदाताले मतदान गर्न पाएनन्। कारण: मतदाता नामावलीमा उनीहरूको नाम थिएन। ८६ बर्षसम्मका जेष्ठ नागरिकले मतदान गरे, मतदान शान्तिपूर्ण तरिकाबाट सम्पन्न भयो र तुलनात्मकरुपमा महिलाको सहभागिता उल्लेखनीय थियो। निर्वाचन केन्द्र सबै प्रकृतिका मतदाताको सुविधा लागि मतदाता मैत्रि बनाइएको पाइयो।

## दोस्रो चरण निर्वाचन २१ मंसिर २०७४

**प्रदेश नम्बर– १**

**१.१ इलाम**

निर्वाचनमा इलाम जिल्ला भरिनै निर्वाचनको दिन कुनै पनि हिंसात्मक घट्ना भएको पाइएन्। मतदान केन्द्रको सबै व्यवस्थापन र निर्वाचन प्रकृयामा कम्जोर पक्ष देखिएन। दुई लाख ४० हजार ४६ मतदाताका लागि २ सय ४४ मतदानस्थलको २ सय ६६ मतदान केन्द्रलाई सुरक्षाका हिसाबले अति संवेदनशिल, संवेदनशिल र सामान्य गरी तीन प्रकारमा विभाजन गरिएको थियो। केही ठाउँमा मतदान सहयोगीका विषयमा सामान्य विवाद भएपनि मतदान रोकिने कुनैपनि समस्या देखिएन्।

**१.२ धनकुटा**

मतदाताको उपस्थिति अत्यन्त न्यून देखिन्थ्यो। मतदानस्थल नजिक दलका कार्यकताहरू आ-आफ्नो समूहमा बसेर कुरा गरिरहेका देखिन्थ्यो। मतदानस्थल सुरक्षित र व्यवस्थित थियो तर अपाङ्गमैत्री भने थिएनन्। निर्वाचनमा खटीएका कर्मचारीहरूमा तालमेलको समस्या देखिन्थ्यो। मतदान स्थल वरपर गोप्य रुपमा खाना र खाजाको व्यवस्था गरेकोदेखिन्थ्यो। मतपेटीका र मतपत्रको व्यवस्था क्रमश: राखेकोले मतदातामा आफ्नो मत कुनमा खसाल्ने दुबिधा रहेको देखिएन। मतदान स्थलमा युवाको सङ्ख्या न्यून देखिन्थ्यो भने महिला र बृद्धहरूको उपस्थिति सन्तोषजनक थियो। मतदातालाई आफ्नो मतपत्र कुन मतपेटीका मा खसाल्ने अन्यौल देखिन्थ्यो। दलका प्रतिनिधिहरूले आ-आफ्नो मान्छेहरूलाई खाना र खाजाको लागि कुपन बाँडिरहेको पनि देखिन्थ्यो।

**१.३ झापा**

यस जिल्लाका मतदान केन्द्र मा मतदाताहरूले सरल ढंगले मतदान गरेको पाईयो। मतदाताहरूमा हर्ष, नयाँ उमङ्ग अनि जोश र जाँगर पनि देखिएको थियो। मतदान स्थलहरूमा अशक्त, अपाङ्ग र वृद्धवृद्धा मतदाताहरूलाई विशेष प्राथमिकता दिइएको पाइयो। यसरी नै हेर्दा तुलनात्मक रुपमा महिला भन्दा पुरुषको संख्या कम भएको पाइयो। १०९८ मतदाता मध्ये ७१२ मात्र मत खसेको पाइयो, जस मध्ये २९६ मतदाता अनुपस्थित रहेको पाइयो। अधिकांश पुरुषहरू रोजगारीका निमित्त भारत र खाडी मुलुक गएको पाइयो। यसबापत कहिँकतै झैँझगडा, आतंक नभै निर्वाचन सफलताका साथ सम्पन्न भएको देखिन्छ।

**१.४ मोडग**

२०७४ सालको प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन मोरङ जिल्लामा स्वतन्त्र, निष्पक्ष भयरहित वातावरणमा सम्पन्न भएको छ। निर्वाचनको तयारी देखि मतगणना र मतपरिणामको घोषणासम्मको प्रक्रिया सन्तोषजनक रहेको पाइयो। यस जिल्लामा विगतको तुलनामा निर्वाचनको आचार सहिता सबै पक्षबाट पालना भएको पाइयो। मताधिकारको संरक्षणका एवम् मानव अधिकारको सम्मानका साथ सम्पन्न भएको यो निर्वाचनमा मोरङ जिल्लामा मतदान स्थगित गर्नु पर्ने, झडप, मानवीय एवम् भौतिक क्षेति हुने हिंसात्मक घटनाहरू घटेनन। सबैजनाको सकारात्मक, उत्साहजनक सग्लनता र सहकार्यबाट अभूतपूर्व वातावरणमा यस जिल्लामा निर्वाचन सम्पन्न भएको पाइयो।

**१.५ सुनसरी**

प्रदेशसभा र प्रतिनिधिसभाको सुनसरी जिल्लामा समग्रमा शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको पाइयो। निर्वाचनका लागि केही अबरोध, आशंका, भयत्रासका बाबजुत पनि सुनसरीमा निर्वाचन ६८ प्रतिशत मतदान भएको र मतदान गर्नेमा जनताको सक्रिय सहभागीता रहेको पाइयो। यस निर्वाचनमा महिलाहरूको सहभागिता अत्यन्त उत्साहपूर्ण पाइयो। यसपटकको निर्वाचनमा व्यवस्थापन, सुरक्षा प्रबन्ध, नागरिकको सक्रियता र संचारमाध्ययमले निर्वाचन शिक्षामा गरेको योगदानहरू प्रशंसनीय मान्न सकिन्छ। फोटो सहितको मतदाता नामावली वितरणले यस पटकको निर्वाचनमा मतदाताहरूलाई मतदान प्रति आकर्षण गरेको पाइयो।

**प्रदेश २**

**२.१ सप्तरी**

यस जिल्लामा राजनीतिक नेपाल सरकार, दल, उम्मेदवारबाट यथेष्ट मात्रमा आचार संहिता पालना नभएको पाइयो। चुनाव प्रचार प्रसारको क्रममा ठूलाठूला पोष्टर, जता पायो उतै सभा गर्ने, अत्याधिक गाडीहरूको प्रयोग, घर गोठ मठ मन्दिर प्रहरी चौकी, विद्यालय भवन, वडा कार्यालयहरूमा प्रचार सामाग्री टाँसिएका देखिए। मौन अवधीमा समेत प्रायजसो वडा अध्यक्ष र पार्टीका कार्यकर्ता उम्मेदवारको घरमा गएर मतदाता नामावलीमा यो यो मानिस आफ्ना हो भनेर प्रति मत रु १००० देखि २००० सम्म बुझिलिएको सुनिन आयो। रु. ५०० को दरले पेट्रोलको कुपन पनि बाँडिएको थियो।

पर्यवेक्षण गरिएका अधिकांश केन्द्रहरू अपायक र अव्यवस्थित रहेको पाइयो। २०७४ सालमै सम्पन्न स्थानीय निकायको चुनावमा मतदान गरेको, तर यस पटकको मतदाता नामावलीमा नाम नभएको हुँदा (बोदेबरसाइन न.पा. ७ को साझा संस्था मानराजा मतदान केन्द्रमा सुनिलकुमार यादव, मतदाता परिचयपत्र नं. ८९३) मतदान गर्नबाट वंचित रहेको पाइयो। यसैगरी मतपत्रको सिरियल नं. नमिलेको (१ देखि २ सम्म मतपत्र रहेको तर ३ र ४ नभएको, ५ नं.बाट सुरु भएको) पाइयो। अधिकांश केन्द्रहरू साँघुरो ठाउँमा रहेको र तीनवटै मतपेटिका १ मिटरको फरकमा राखिएको पाइयो। समानुपातिक तर्फको मतदान गर्ने बेलामा निकै भीडभाड रहेको पाइयो। अधिकांश केन्द्रका मतदाताहरू समानुपातिकतर्फ ३, ३ वटा छाप लगाएको पाइयो। यतिमात्र होइन कतिपय मतपत्रमा स्वस्तिक छापको सट्टा ल्याप्चे लगाएको र कति अछापे पनि रहेको पाइयो।

८० प्रतिशत मतदाताहरूलाई अमुक गोप्यकक्ष प्रतिनिधिसभा र अमुक प्रदेशसभाको हो बारेमा बुझाउनु गर्दा समय बढी लाग्यो। मतदानमा खटिनु हुने कर्मचारीहरूको नाम एक हप्ता अगाडि सार्वजनिक गर्नु पर्ने र नियुक्ति पत्रमै सम्पर्क नं. समेत खुलाउनु पर्ने सुझाव रहेका पाइयो। मतदानपूर्व मंसिर १७ गते लहान बजारमा मधेशी गठबन्धनद्वारा निकालिएको जुलुसमा बालबालिकाले सानो सानो झण्डा बोकेको पाइयो। जुलुस पूरै बाटो छेक्ने गरी गइरहेको पाइयो। ग्रामीण क्षेत्रहरूमा कहींकहीं भित्ते लेखन गरेको समेत पाइयो। मौन अवधिमा मंसिर २० गते ४ बजे रातिसम्म उम्मेदवारका प्रतिनिधिहरू भारतीय नं. प्लेटका गाडी र बाइक चढी भोट माग्न हिडेको पाइयो।

**२.२ सिरहा**

यस जिल्लाका प्राय सबै जस्तो मतदान केन्द्र व्यस्थित देखिन्थो। मतदाताहरूको लगि अलगअलग लाइनको व्यवस्था मिलाइएको थियो। जेष्ठ नागरिक र महिलामैत्री थियो व्यवहार र काम गरेको पाइयो। धेरै बुथहरू फराकिलो ठाउँमा थिए। धेरै जसो बुथहरूमा मतदानमा खटिएका कर्मचारीहरू, मतदान अधिकृतदेखि लिएर म्यादी प्रहरीसम्म मिलेर काम गरिरहेका थिए। कर्मचारीहरू, म्यादी प्रहरीहरू लगायत अन्य सबैमा आफूले भोट हाल्न नपाए पनि चुनाव गराउन पाएकोमा खुशी देखिन्थे। यसपालिको चुनावमा घरदैलो कम भएकोमा धेरैजसो मतदाताहरूले उम्मेदवार नै नचिनेको भोट कसलाई हाल्नु कसरी हाल्नु भनिरहेकोले पनि चुनावी उत्साह कम भएको भान हुन्थ्यो। मौन अवधिमा पैसाको निकै चलखेल भएको सुनिन्थ्यो। निर्वाचन आचारसंहितालाई नै ठूला दल र प्रतिष्ठित उम्मेदवारहरूले खिल्ली उडाएको झैं भान हुन्थ्यो। निर्वाचन आयोगले कडाई गरे अनुसार यसपाली पार्टीको चिन्ह भएको टिसर्ट, टोपीमा कमि भएपनि ठाउँनै कुरूप हुने गरि झन्डा, पोष्टर, व्यानरहरूको व्यापक प्रयोग भएको पाइन्थ्यो।

**२.३ धनुषा**

यस जिल्लामा मतदान अधिकृत देखि लिएर सुरक्षाकर्मी र अन्य कर्मचारीहरू बीच समन्वय राम्रो थियो। गोप्य मतदान गर्ने ठाउँ अगाडि पहिलो के को लागि भोट हाल्ने ? दोश्रो के को लागि ? अनि तेश्रो केको लागि ? भन्ने कुराहरू लेखेर टाँसेकोले गर्दा पनि होला मतदाताहरू अलमलमा पर्ने सम्भावना निकै कम देखिन्थ्यो। मतदानस्थल खुला ठाउँमा थियो र लाइनहरू व्यवस्थित थियो। १०१ वर्षको मतदाता पनि मतदान गर्न गएका थियो। यस जिल्लाका मतदान स्थलहरू एकदम खुला ठाउँमा थिए। सुरक्षाको दृष्टिकोणले झट्ट हेर्दा चुनौतिपूर्ण देखिएपनि मतदातादेखि लिएर दलका प्रतिनिधिहरू र स्थानीयहरू धेरै सहयोगी भएर कर्मचारीलाई भने त्यति गार्हो भएन। मतदाता शिक्षामा युवाहरूको सहभागिता रहेको देखिन्थ्यो। स्थानीय भाषामा टोलटोलमा समूह बनाई सिकाइरहेका थिए र योग्य उम्मेदवारलाई भोट हाल्ने बारे पनि मतदातालाई सचेत गराईरहेका थिए। मतदान गर्ने दिन ७ बजे अगावै मतदाताहरू लाइनमा बसिसकेका थिए। पहिलो चरणमा युवा मतदाता एकदम फाट्टफुट्ट मात्रै देखिएको थियो भने धनुषामा युवा मतदाताहरूको उपस्थिति पनि राम्रै थियो। मतदानको क्रममा बुथहरूमा उम्मेदवारहरूको उपस्थितिले पनि केहि हदसम्म मतदाताहरूलाई प्रभावित पार्ने छाँटकाँट देखिन्थ्यो। दलको प्रतिनिधिहरू ढिला आएकोले गर्दा अधिकांश बुथमा मतदान ढिला सुरु गरिएको थियो। मतदाता परिचयपत्रमा क्रम संख्या नभएर समस्या परेका देखिन्थ्यो ।

**२.४ पर्सा**

यस पालीको निर्वाचनमा सबभन्दा राम्रो पक्ष मतदान स्थलको व्यवस्थापन राम्रो देखियो। स्थानीय तहको निर्वाचनमा भएको कमजोरीलाई यस निर्वाचनमा सुधार गरेर व्यवस्थित गरिएको पाइयो। पछिल्लो निर्वाचनमा मतदाताहरू मतदान केन्द्रमा अलमलमा देखिन्थे भने यसपालि सलिजोसंग मतदान गरिरहेका थिए। कन्फिडेन्स देखिन्थे। प्रहरीहरूको पनि सक्रियता त्यतिकै राम्रो दे खिन्थ्यो। निर्वाचन पर्यवेक्षणको समयमा मन नपरेका कुरामा मतदान गर्नका लागि लाइनमा बसेका मतदातालाई उम्मेदवारका

मान्छेहरू सिकाइरहेका पनि भेटिए। मतदानस्थल वरिपरी झुन्ड बनाएर मतदातालाई प्रभाव पारिरहेका पनि देखिए। आचारसंहिताको उल्लंघनका घटनाहरु पनि देखिए। गाडीमा मतदाता ओसार्ने, मिठाईको कुपन दिने जस्ता काम भएको पाईयो। बिहानको समयमा भन्दा मध्यान्हको समयमा मतदाताको भिड भएको पाइयो, जसमा महिलाको सहभागिता उल्लेख्य देखिन्थ्यो।

### २.५ रौतहट

यस जिल्लामा महिला मतदान अधिकृतहरू बुथमै देखिए। महिलाहरू चिटिक्क सिंगारिएर चाडबाड मनाउन हिंडेझैं भोट हाल्न गएका थिए। मतदाताहरूलाई पनि चेक गराउदै म्यादी प्रहरीहरूले स्थानीय भाषामा सोध्दै, बुझाउदै भित्र पठाईरहेका थिए। समाचारमा मतदाता शिक्षामा यति उति खर्च भएको भनेको सुनिए। मतदाता शिक्षा पोष्टर र ब्यानरमा मात्र सिमित भएकोले मतदाता शिक्षा प्रभावकारी नभएर मत बदर धेरै हुने सम्भावना देखिन्थ्यो। केहि बुथहरू प्राथमिक विद्यालयमा भएकोले गर्दा निकै साँघुरो देखिन्थ्यो। अझ केहि ठाउँमा त साँघुरो ठाउँमा २ वटा बुथ राख्नुपर्ने बाध्यताले मतदानमा खटिएका कर्मचारीहरूलाई निकै मर्का परेको देखिन्थ्यो। त्यसले गर्दा बुथ बनाउन पनि गार्हो भएको र डोरी बाँध्दा त झन् निकै खचाखच जस्तो देखिन्थ्यो। प्राय बुथहरूमा खानेपानी, शौचालयहरूको त्यति व्यवस्था थिएन। साँघुरो ठाउँमा बनाईएका बुथहरू अपाङ्गमैत्री थिएनन्। धेरैजसो बुथहरू अशक्त र अपाङ्गको लागि छुट्टै लाइन हुनु मात्र अपाङ्गमैत्री भन्ने बुझिरहेका थिए। यथार्थमा अपाङ्गमैत्री हुनको लागि चाहिने संरचना नै धेरै बुथहरूमा थिएन। तराईमा पहाडतिरका सुरक्षाकर्मीहरू खटाईदा भाषाको समस्याले उनीहरूलाई मतदाताहरू सँग कुरा गर्न गाह्रो भएको धेरै सुरक्षाकर्मीको गुनासो थियो। निर्वाचन आयोगले कल्पना गरेको अनुसार धेरै ठाउँमा भौगोलिक संरचनाको कारणले गर्दा पनि होला बुथहरू बनेका थिएनन जसले गर्दा ३ वटै गोप्य मतदान हरू नजीक नजिक राखिएको र भोट खसाल्ने ठाउँ पनि सँगसँगै जस्तो भएकोले मतदाताहरूलाई कुन भोट कहाँ खसाल्ने अलमलमा परेको देखिन्थ्यो। ३ वटा मतपत्रमा हस्ताक्षर गर्नुपर्ने, सबै कुरा आफैले हेर्नुपर्ने र पर्यवेक्षकहरूलाई पनि आफैले भेट्नुपर्ने हुँदा काम गर्न केहि असहज भएको केही मतदान अधिकृतहरूको गुनासो थियो। हिड्न सक्ने, देख्न सक्ने धेरै वृद्धवृद्धा र महिलाहरूको भोट अरुले नै खसालेको पनि पाइयो। नियमले आफ्नै परिवारको मान्छे वा मतदाताको स्वीकृतिमा मात्र अरुले भोट हाल्न पाउने भनेता पनि धेरै जनाको भोट छिमेकी अथवा चिने जानेको या अन्य साइनो लाउँदै हालीरहेका थिए। कर्मचारीहरूले सोध्दा पनि उनीहरू झर्कदै जबजस्ति गरिरहेका थिए। धेरै मतदाताहरू पुरानो मतदाता परिचयपत्र ल्याएको र त्यसमा नागरिकता नम्बर नै नभएकोले लाइनमा बसेर पनि भोट नै हाल्नु नपाएर फर्कनु परेको थियो। निर्वाचनको दिन सवारीसाधनमा खासै कडाई थिएन। उम्मदेवारको गाडीले मतदाताहरू ओसारपसार गरिरहेका थिए।

## प्रदेश ३

### ३.१ सिन्धुली

यस जिल्लाको मतदान केन्द्र मतदातालाई पायक पर्ने र सार्वजनिक ठाउमा थियो। यस जिल्लाको मतदान केन्द्रमा मतदातालाई मतदानमा असर पर्ने कुनै गतिविधि भएका थिएनन। यस जिल्लाको मतदान केन्द्रमा आवश्यक पर्ने सम्पूर्ण सामाग्रीहरू यथास्थानमा थिए। यस जिल्लामा निर्वाचनलाई असरपर्ने गरी अनियमितताका कुनै घटनाहरू घटेनन्।

### ३.२ मकवानपुर

यस जिल्लाको मतदान केन्द्रबाहिर र भित्र शान्त वातावरण पाइयो। जेष्ठ नागरिकहरूको पनि उल्लेखनीय उपस्थिति रहेको र मतदानको क्रममा स्वयमसेवकहरूले पनि सम्मानित व्यवहार गरेको पाइयो। मतदान केन्द्रबाट निकै टाढादेखि मतदाताहरू मतदानको लागि मतदाताहरू मतदानको लागि उत्साही भएको देखियो। मतदानको लागि क्रम अनुसार छुटाईएको हुनाले मतदान गर्न सहज र सजिलो भएको पाइयो। साथसाथै हेटौडा ७ श्री नवज्योति मा.वि. को केन्द्र मा १०५ बर्षको वृद्ध एमाले पनि मतदान गर्नुभएको थियो। समस्या झेलेरै भएपनि मतदाताहरू मतदान गर्न आएका देखिन्थे ।

### ३.३ काभ्रेपलान्चोक

यस जिल्लाका मतदान केन्द्रमा कुनै पनि किसिमको अनियमितता नभएको पाइयो। बुढाबुढी, बिरामी, असक्त, बच्चा बोक्ने महिला लगायतलाई लाइन बस्न नपर्ने व्यवस्था गरिएको, सम्पूर्ण निर्वाचन प्रक्र्याका क्रममा कुनै गम्भीर प्रकृतिका विवादका घटनाहरू नभएको, निर्वाचन सम्पन्न भए पश्चात मतपेटिकाहरू सुरक्षित तवरले सम्वन्धित स्थलसम्म पुगेका आधारमा यस मतदान केन्द्रको मतदान प्रकृयालाई राम्रो मान्न सकिने प्रशस्त आधारहरू रहे।

### ३.४ काठमाडौँ

राजधानी रहेको काठमाडौमै मतदानस्थल व्यवस्थित देखिएनन्। मतदान केन्द्रमा सार्बजनिक शौचालयमा र पिउने पानीको व्यवस्था गरिएको थिएन जसबाट लामो समय लाईनमा बसेका मतदाताहरूमा गुनासो देखिन्थ्यो। यो जिल्ला को धेरै जस्तो केन्द्रहरूमा मतदान स्थलको सुरक्षाका लागि खटिएका प्रहरीहरूले मोबाइल सहित भित्र पस्नै नदिने साथसाथै कसैको जिम्मामा दिने व्यवस्था पनि नगरेको हुँदा उल्लेख गर्न लायक मतदाताहरूले मतदान नगरी बाहिरिएको पनि देखियो।

मतपत्रमा स्वस्तिक चिन्ह हाल्ने स्थानको अन्तर थोरै भएको ले गर्दा समस्या परेको भेटियो र त्यसको साथसाथै मतपत्र वितरण

गर्दा ६ जनाले अधकट्टि समेत मतदान गर्दा समस्या आएको थियो। प्रकृति काफ्ले मतदाता न. २०४८८०११ र बुद्धि नारायण महर्जन मतदाता न. २५०४७६५ ले आफ्नो अधकट्टी समेत मतपत्रसँगै गएको जानकारी दिए। मतदान केन्द्र बाहिर पनि पार्टीका प्रतिनिधिहरूले मतदातासँग आफ्नो पक्षमा मत मागि राखेको भेट्टिन्थ्यो।

**३.५ ललितपुर**

निर्वाचन हुँदै गर्दा बिशंखुनारायण मतदान स्थल नजिकै बम पड्किँदै गर्दा लाइनमा उभिएका मतदाताहरु भने निर्धक्क मतदान गरिरहेका थिए। सुरक्षा निकायको निगरानीमा बम निष्कृय पार्ने काम भएको थियो। अवलोकन गरिएका मतदान स्थलमा महिला मतदाताको बाक्लो उपस्थितिले महिलाको सहभागिता बढि भएको पाईयो। मतदाता शिक्षा नपाएको धेरै जसोले मतदाता शिक्षा दिन घुमा कोही न आएको, रेडियो टेलिभिजनको भरमा मतदान गर्न आएको र मतपत्रमा छाप हन्दा बिग्रेला भन्ने शंका लागेको जस्ता कुरा मतदाताले बताएमा थिए। खास गरेर स्थायी सरकार बन्लाकी भनेर मतदान गर्न आएको मतदाताले बताएका थिए।

**३.६ भक्तपुर**

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा यस जिल्लाका मतदाताहरुले निर्वाचनप्रणाली र मतपत्रमा केही सहजता तथा केही असहजता महशुस गरेको पाइयो। प्रस्तुत निर्वाचनमा संघ र प्रदेशको निर्वाचनमा प्रत्यक्ष तर्फ अलग अलग मतपत्र भएकोले आम मतदाताले केहि सहज महशुस गरे भने समानुपातिक तर्फको भने संघ र प्रदेशको एउट मतपत्र हुदा केहि अलमल गरेको पाइयो। ३ वटा मतपत्रमा ४ वटा मतदान गर्नु पर्दा धेरै समय लागेको र झन्झटिलो भएकाले मत वदर भएको पनि पाइयो। समग्रमा भक्तपुर जिल्लाको विभिन्न स्थानका केन्द्रमा मतदान शान्तिपूर्ण सहजताका सात सम्पन्न भएको देखियो।

**प्रदेश ४**

**४.१ स्याङ्जा**

फेदीखोला गाउँपालिका अन्गर्तत पर्यवेक्षण गरेको दामगाडे मतदान केन्द्र नजिकै अघिल्लो दिन बिहान ५:३४ मिनेटमा बम विष्फोट भएको थियो। जसले गर्दा निर्वाचनमा खटिएका कर्मचारी भयवित देखिन्थे भने मतदातामा केहि त्रास मानसिकता कायम थियो। उक्त स्थानमा थोत्रो थर्मसलाई प्लाष्टिक टेपले वेरेर बम भनि बाहिर लेखि मतदाताहरूलाई त्रासमा राखिएको थियो। सुरक्षकर्मीले उक्त वस्तुलाई डिस्पोजल गराएको थियो। त्यसैगरि फेदीखोला गाउँपालिका अन्तर्गत शितला मतदान केन्द्रमा मतदाता विनोद पौडेलले मतपेटिकामा मतपत्र बाहेकको अन्य बस्तु खसाल्न लाएको देखेपछि सुरक्षाकर्मी पक्राउ गर्दा केहि वेर विवादभै मतदानका कार्य रोकिएको थियो। उक्त व्यक्तिले 'भिरको बाटोको लागि मतदान' लेखिएको पेपर मतपेटीकामा खसाल्न थालेका थिए। क्षेत्र नं. को अन्य मतदान केन्द्रहरूमा निर्भयताका शान्तिपूर्वक मतदान सम्पन्न भएको दखियो।

क्षेत्र नं. २ अन्तर्गतका गल्याङ्ग नगरपालिका अन्तर्गत तुलसी भञ्ज्यायङ्ग मतदान केन्द्रमा विवाद भए पछि २ पक्षबीच विवाद भै हवाई फायरसम्म गर्नुपरेको थियो। त्यसैगरि चापाकोट नगरपालिका अन्तर्गतको साखर चितिपोखरी मतदान केन्द्र सेखाम सहित दुई मतदान केन्द्र र राममन्दिर मा.वि मतदान केन्द्र दाङ्गसिङ मल्याङकोट मतदान केन्द्रका दुई मतदान केन्द्र समेत जम्मा चार मतदान केन्द्र नेपाली कांग्रेसका कार्यकर्ताहरूले पर्यवेक्षकहरूलाई समेत बाहिर पठाई मतदान केन्द्र कव्जा गरि मतदान गरेको र बामगठबन्धनकी उम्मेदवार पदमा अर्याल माथि कुटपिट गरि निजको मोबाईल समेत खोसेका थिए। कर्मचारी र सुरक्षा कर्मीहरूको योजनामा उक्त मतदान केन्द्र कब्जा गरेको अन्य राजनीतिक दलको आरोप थियो।

कर्मचारीको कार्य क्षमता, मतपेटिकामा देखिएको त्रुटि सर्वदलिय सहमति मुचुल्का निर्माणमा देखिएको समस्या आदि कारणले मतदान समयमा सुरु हुन सकेको पाइएन्। मतदान कार्य ढिलो गरेकोमा मतदाताहरू आक्रोशित थिए। समानुपातिक तर्फको मतपत्रमा मतदान गर्न मतदाताहरूलाई अलमलमा परेको देखियो। मतदान केन्द्रहरूमा मतपेटीकाको व्यवस्थापन, कुनै संकेत र चिन्हको प्रयोग नभएको, मतपत्र ठूलो भएका कारण मतदाताहरू अलमल देखिन्थ। ठूलो मतपत्रमा प्रतिनिधि सभाको समानुपातिक तर्फ मात्र मतदान गरेको देखियो भने, समानुपातिक मतपत्रमा ल्याप्चे प्रयोग गरेको पाइयो। कतिपय मतदाताले स्वास्तिक छापलाई औलामा लगाई मतपत्रमा प्रयोग गरेको पाइयो। मतदान कार्यमा तिन मिनेट देखि ११ मिनेट सम्मको समय लागेको पाइयो। मतदाताहरूले यो मत कहाँ हाल्ने हो? यसमा हाल्ने होइन्? भन्दै सोधेका थिए। विगतका निर्वाचनहरूको तुलनामा यसपटक निर्वाचनमा सुमधुर राजनैतिक संस्कारको विकास हुन सकेको पाइयो। राजनैतिक दलहरू आफ्नो आफ्नो राजनैतिक दललाई जिताउन स्वस्थ्य प्रतिस्पर्धा गरेको पाइयो भने दलका प्रतिनिधिहरू समेत निर्वाचन सम्पन्न गर्न खटिएका कर्मचारीहरूले समेत सहयोग गरिरहेका थिए।

**४.२ कास्की**

यस जिल्लाको मतदान केन्द्रमा निर्वाचन शान्तिपूर्ण र निष्पक्ष रहे। मतदानस्थल भने ज्यादै साँघुरो देखियो। मतदान बिहान ७ बजेर ७ मिनेट गएपछि मात्र सुरु भएको थियो। मतदान गर्नका लागि एउटै मात्र बुथको व्यवस्था गरिएको हुँदा मतदान स्थलमा शुरुदेखि अन्त्यसम्मै मतदाताहरूको भीड उत्तिकै रहेको थियो। मतदान केन्द्र अपाङ्ग एवम् अशक्त मैत्री थिएन। जसले गर्दा अपाङ्ग एवम् अशक्तहरूलाई मतदान गर्न अप्ठ्यारो स्थितिको सामना गर्नुपरेको देखिन्थ्यो। कास्की जिल्लाको हकमा जनसहभागिता विगतको निर्वाचनमा भन्दा केही कमी थियो। औसतमा १० देखि ६० प्रतिशत सम्म मत खसेको र समग्र कास्की जिल्लामा ६७ प्रतिशत मत सखेको थियो। मतदाताहरूमा उत्साह कमि थियो, उनीहरु बाध्य भएर मतदान गर्न आउनु परेको,

जुनसुकै दल तथा दलका प्रतिनिधिलाई मतदान गरे पनि देशमा आमुल परिवर्तन आउन नसकेको अनुभव मतदाताले साटासाट गरेको सुन्न पाइन्थ्यो। नेपालमा निर्वाचनमा पर्यवेक्षणमा खटिएने पर्यवेषकलाई प्रमुख निर्वाचन अधिकृत निर्वाचन, अधिकृत मतदान अधिकृत लगायत सम्पूर्ण निर्वाचनमा खटिने कर्मचारी तथा सुरक्षा निकायका कर्मचारीले पर्यवेक्षकको काम कर्तव्य र अधिकार बारे राम्रोसगँ जानकारी नहुदाँ अन्योल ग्रस्त थियो। कास्की जिल्लामा निर्वाचन शान्तिपुर्वक सम्पन्न भएको पाइयो तर मतदानको दिन विहान पोखरा लेखनाथ महानगरपालिका वडा नं.१७ को डेभिड फलमा बम विस्फोट भएको थियो। उक्त विस्फोटमा कुनै पनि क्षति भने भएन। पोखराको जनप्रिय मा.वि.मतदान केन्द्रमा नागरिक अगुवा, सञ्जालका संयोजक विष्णु बराललाई अपमान गर्दै घोक्रायाई मतदान केन्द्र बाहिर निकालिएको देखिएको थियो। सहजै प्रवेश गर्न तथा पर्यवेक्षण गर्ने अनुमति दिइएको थिएन।

### ४.३ पर्वत

मतदान केन्द्र वरिपरी कुनै राजनीतिक दल वा उम्मेदवारका प्रचार सामग्रीहरू टाँसीएको पाइएन्। मतदाताहरूलाई प्रलोभनमा पार्ने कुनै गतिविधिहरू मतदान केन्द्र वरिपरी देखिदैनथ्यो। राजनीतिक दल वा उम्मेदवारले आचारसंहिताको पालना गरेको पाइन्थ्यो। निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएता पनि मतदाताहरूमा भने मतदाता शिक्षाको कमी प्रष्ट झल्किन्थ्यो। मतदान गर्ने प्रक्रियामा मतदाताहरूले धेरै अन्यौलता प्रकट गरेको पाइयो। मतदानमा प्रयोग हुने मतपत्र कुन प्रतिनिधी ? कुन प्रदेश ? र कुन समानुपातिक ? मतपत्र हो भन्ने मतदाताहरूको अन्यौलता प्रष्ट झल्कीन्थ्यो। मतदाता शिक्षा अत्यन्तै कमजोर पाइन्थ्यो जसले निरक्षर मतदाताहरू अझै मर्कामा परेको देखिन्थ्यो। मतदानको समयमा अनियमितताका घटनाहरू पाइएनन् जसका कारण मतदान सभ्य तरिकाबाट सम्पन्न भयो भन्न सकिन्छ तर मतदाता शिक्षाको कमीका कारण बदर मत प्रतिशत बढ्ने देखिएकोले मतदाता शिक्षाको आवश्यकता प्रष्ट झल्किन्छ। समग्रमा निर्वाचन स्वतन्त्र र निष्पक्षपूर्वक नै सम्पन्न भएको भन्न सकिन्छ।

## प्रदेश ५

### ५.१ कपिलवस्तु

मतदाताहरूलाई मतदाता शिक्षाको जुन तरिकाले सरकारी संयन्त्रबाट गर्नुपर्ने मतदाता शिक्षा पर्याप्त नभएको कुरा त्यहाँको मतदाताहरूको जनगुनासोको रुपमा देखन पाइयो। विद्यालय भित्रको खुल्ला ठाउँमा राखिएका मतदान स्थल व्यवस्थित देखिन्थ्यो। मतदान केन्द्रसम्म जनाका लागि महिला पुरुष र आपङ्ग बृद्धबृद्धाहरूको लागि छुटछुटै लाइनको बेवास्था गरिएको थियो। अपाङ्ग बृद्धबृद्धाहरुको लागि सिधै मतदान स्थलमा लैजाने व्यवस्था त्यहाँको कर्मचारी र राजनैतिक दलका प्रतिनिधिहरूले गरेका थिए भने त्यस्ता व्यक्ति भएकै ठाउँमा आएर मतदान कार्यमा पनि सहयोग गरेको देखिन्थ्यो। पर्यवेक्षक र संचारमध्यमलाई पनि मतदान केन्द्रमा सहज अनुमति नदिएको अवस्था थियो।

स्थानीयस्तरबाट पनि सहयोग र सहकार्य गरी मतदाताहरुलाई मतदान कार्यमा सहयोग गरिरहेको देखिन्थ्यो। निर्वाचनका बेला राजनैतिक दलहरूबीच पनि स्वस्थ प्रतिस्पर्धा देखिन्थ्यो। शान्ति सुरक्षा पनि राम्रो थियो। १०० र १०० मिटरको दुरीमा ३ वटा मतदान केन्द्र रहेका थिए। सुरक्षाको राम्रो व्यवस्था हुँदा निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको थियो।

मतदान कार्य साझा ५.०० बजे बन्द गरि आवश्यक मुचुल्का उठाई सम्बन्धीत राजनीतिक दलका प्रतिनिधि र पर्यवेक्षकहरूको रहोवरमा सबै मतपेटिकाहरूको सिलबन्दी गरी बाँकी रहेका मतपत्रहरूसमेत मुचुल्का उठाई प्रशासनको जिम्मा लगाइएको थियो। मतपेटीका लागि सुरक्षाकर्मी र निर्वाचन कर्मचारीको साथमा सम्बन्धीत निर्वाचन कार्यालय लागिएको थियो।

### ५.२ नवलपरासी

वर्दघाट नगरपालिका वार्ड नम्बर ८ भुताहास्थित राजामहात्मा पूर्णभद्र माध्यामिक विद्यालयमा रहेको मतदान केन्द्रमा मदतान चलिरहेको बेलामा मतदान स्थलभित्र बम विस्फोट भयो। ठूलो आवाजको बम स्थानीय कच्चा सामाग्रीबाट तयार पारिएको नेपाली सेनाको परासी स्थित कालिध्वज गणले बताएको थियो। बम विस्फोट गराउने को थिए भन्ने थाहा नभए पनि निर्वाचन विथोल्न गरिएको असफल प्रयास हो भन्न सकिन्छ।

नवलपरासीका विभिन्न स्थानहरूमा मौन अवधीलाई राजनैतिक पार्टीका मानिसहरूले मनि(पैसा) अवधीको रुपमा परिणत गरेका थिए। मौन अवधी शुरु भएको पहिलो रात नवलपरासीको सुनवल, भुमही, रामग्राम नगरपालिका, पाल्हीनन्दन गाउँपालिकाका अनेक स्थानमा राजनैतिक पार्टीका कार्यकर्ताहरूले निर्वाचन आचारसंहिताको ठाडो उल्ङ्घन गरेको स्रोतले जानकारी दिएको थियो। सुनवल नगरपालिकाको बनाहा चोक, प्रगतिटोल, बेलारी, सोमहीटोला, भुमहीको जर्गाहा, बडेरा लगायतका स्थानमा रातीको समयमा अबैध रुपमा भोजभनेर, विभिन्न समूहका नाईके मार्फत नगद रुपैयाबाट लिएर कपडा, रक्सी, मासु लगायतका बस्तुहरूको वितरण गरेको भएपनि सम्बन्धीत निकायले भने कुनै प्रकारको जानकारी नभएको बताएको थियो। मौन अवधीको रातीको समयमा विभिन्न राजनैतिक पार्टीहरूका कार्यकर्ताहरूले राती भरि उक्त कामलाई ब्यापकता दिएको सुनवल १ प्रगतिटोलको स्रोतले जनाएको हो। मौन अवधी शुरु भएको ४८ घण्टा भित्र राजनैतिक पार्टीकाहरूले प्रचार, प्रसार एवम् खुला रुपमा मत माग्ने कामलाई रोकेको भए पनि अझै खतरनाक तरिकाबाट मतदाताहरूलाई भ्रमित पारेको पाइयो। मतदातालाई प्रभावित पार्ने गरि नेपाली कांग्रेसका केही कार्यकर्ताहरूले सुनवलका केही वार्ड र टोलहरूमा राती सम्म पार्टी एवम् जन्मदिनका नाममा भोजभतेर चलाएको आरोप बामपन्थी गठबन्धनले लगाएको थियो। भोजभतेरमा मतदाताहरू नपुगेमा उनीहरूका घर घर मै मासुका प्याकेट सहित अन्य वस्तुहरू पनि

पुऱ्याई दिने, केही नाईके मार्फत युवाहरूलाई नगद रुपैया बाँडने सम्मका गतिविधी गरेको संयुक्त बाम गठबन्धन सुनवलले आरोप लगाएको थियो। नेपाली कांग्रेसका सुनवल नगरपालिका अध्यक्ष पप्पु रायमाझिले केही स्थानमा युवाहरू विचमा सामान्य विवाद भएपनि मतदाताहरूलाई प्रभाववित पार्ने गरि आफना कायकर्ताहरूले कुनै काम नगरेको बताएका थिए।

सुनवल क्षेत्रमा मौन अवधीको रातीको समयमा बामगठबन्धन र नेपाली कांग्रेसका कार्यकर्ताहरू राती अबेरसम्म मत बिक्री रोक्न भन्दै विभिन्न स्थानमा जम्मा भएर बस्ने गरेका कारण विभिन्न स्थानमा तनावको स्थिति बनेको थियो तर पनि कुनै अप्रिय घटना नभएको ईलाका प्रहरी कार्यालय सुनवलका प्रमुख जेशी शाहले बताएका थिए।

**५.३ पाल्पा**

यस जिल्लाको मतदान केन्द्र मतदातालाई पायक पर्ने र सार्वजनिक ठाउँमा थिएनन् । १ घण्टा हिड्नुपर्ने ठाउँमा मतदान केन्द्र बनाइँदा मतदाताहरूले निकै सास्ति खेप्नु परेको देखियो। मतदाताहरु टाढाबाट आउनु पर्दा समयमै मतदान सुरु हुन सकेन। नामावलीमा नाम उल्लेख भएका मतदाताले मतदान गर्न भने पाएका थिए। मतदातालाई मतदानमा असर पर्ने कुनै गतिविधि भएको देखिएन। समग्रमा सो जिल्लामा शान्तिपूर्ण रुपमा मतदान कार्यक्रम सम्पन्न भएको थियो।

**५.४ प्यूठान**

प्यूठान जिल्लामा समग्रमा शान्तिपूर्ण वातावरणमा उत्साहजनक सहभागीतामा निर्वाचन सम्पन्न भयो। निर्वाचनका लागि केही अवरोध, आशंका, विवादका बाबजुद पनि प्यूठानमा निर्वाचनमा ६५.२ प्रतिशत मतदान हुनुले मतदाताको सक्रिय सहभागीता रहेको पाइन्छ। निर्वाचनको व्यवस्थापन, सुरक्षा प्रवन्ध र आम नागरिकको सक्रियता र संचार माध्ययमले निर्वाचन शिक्षामा गरेको योगदान तथा राजनैतिक दलहरूबाट आचारसंहिता पालना सहितको प्रचार कार्यक्रमहरू प्रशंसनीय मान्न सकिन्छ। फोटो सहितको मतदाता नामावली वितरणले पनि निर्वाचनमा मतदाताहरूलाई मतदानप्रति आकर्षण गरेको पाइयो। प्रतिनिधी सभा तथा प्रदेशसभा प्रत्यक्ष निर्वाचन तर्फ औषतमा ६ प्रतिशत भन्दा बढीको हाराहारीमा मत बदर भएको र समानुपातिक तर्फ औषतमा ११ प्रतिशत भन्दा बढीको हाराहारीमा मत बदर हुनुले मतदाताहरूको सहभागीता उत्साहजनक भएपनि खसेको सबै मतहरू उपयोग हुन नसक्नुमा निर्वाचन कार्यालय तथा राजनैतीक दल र सम्बन्धीत उम्मेदवारहरूबाट आम मतदाताहरू बिच मतदाता शिक्षा प्रभावकारी नभएको कुरा पुष्टी गर्दछ।

**५.५ दाङ**

दाङका ३ वटै निर्वाचन क्षेत्रमा शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भएको पाइयो। जिल्लाका कुनै पनि मतदान केन्द्रमा कुनै पनि खाले घटना वा विवाद नभएको जिल्ला प्रहरी कार्यालय दाङले जानकारी दिएको थियो। दोस्रो चरणको प्रतिनिधी सभा तथा प्रदेशसभा निर्वाचनमा जिल्लामा समग्रतामा केही छिटफूट घट्ना तथा विवाद बाहेक आम मतदाताहरूको उत्साहजनक सहभागीता र शान्तिपूर्ण वातावरणमा सफलतापूर्वक सम्पन्न भएको निष्कर्ष देखिन्छ।

**५.६ बाँके**

प्रतिनिधि सभा तथा प्रदेशसभा निर्वाचन २०७४ बाँके जिल्लामा समग्रमा शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको देखिन्छ। निर्वाचनका लागि केही अवरोध, आंशका, भयत्रास भएको देखिएन। बाँके जिल्लाको क्षेत्र नं. २ को वडा नं. १ मा पनि निर्वाचनमा जनताको सक्रिय सहभागीता रहेको पाइयो। ३ मतदान केन्द्र रहेको यो वडाका मतदान स्थल साँघुरो भएकाले बढी भिडभाड थियो।

तर मतदाता शिक्षा प्रर्याप्त नभएकोले कसरी मतदान गर्ने भन्नेमा मतदाताहरू अलमलमा देखिन्थे। मतदानका दिन यातायात पूर्णरुपमा बन्द हुँदा विरामी तथा वृद्धवृद्धाहरूलाई मतदान गर्न समस्या भएको धेरै विरामी तथा वृद्धवृद्धा मतदानबाट वञ्चित हुनुपरेको थियो। मतदानका क्रममा मतदाताहरूको लाइनलाई व्यवस्थित गर्न नसक्दा मतदानमा ढिलाई भएको थियो। निर्वाचन आयोगको मतदाता सूचीमा र मतदाता परिचयपत्रमा भएको नम्बर नमिलेकोले धेरै मतदाताहरूको नाम फरक रहेको पाइएको थियो। मतदाताहरूले मतदान गरिरहँदा राती भएको भन्दै हतारमा मतपेटिकाहरू सिलबन्दी गर्न राजनीतिक दलका एजेण्टहरूले दबाव दिएपछि मतदानको अन्तिम समयमा केही सामान्य विवाद भएको थियो। उक्त विवाद मतदान गर्न आएका व्यक्तिले मतदान गरेपछि सामान्य भएको थियो। यस पटकको निर्वाचनमा निर्वाचनको व्यवस्थापन, सुरक्षा प्रबन्ध र आम नागरिकको सक्रियता र सञ्चार माध्यमले निर्वाचन शिक्षामा गरेको योगदानहरू प्रशांसनीय मान्न सकिन्छ।

**५.७ बर्दिया**

बर्दिया जिल्लाको क्षेत्र नं १ क मतदान केन्द्रहरूमा चुनाव शान्तिपूर्ण रुपमा सम्पन्न भएको देखिन्छ। मतदान केन्द्रमा राजनीतिक दलका प्रतिनिधि, संचारकर्मी, पर्यवेक्षक, मतदाता, सुरक्षाकर्मी, आदिको सक्रिय सहभागिता देखिन्थ्यो। मतदान केन्द्रहरूमा महिला, पुरुषका छुट्टाछुट्टै लाइन बनाइनुका साथसाथै मतदानस्थल अपाङ्गमैत्री देखिन्थ्यो। मतदान कर्मचारीहरूद्वारा पनि शान्त तथा अनुशासित रुपमा निर्वाचन सम्पन्न भएको देखिन्छ। विभिन्न सकारात्मक पक्षहरू भएतापनि केहि नकारात्मक कुराहरू पनि पाइएका थिए। जस्तै मतदान स्थल बिहान ७ बजे नै खुलिसकेता पनि दल प्रतिनिधिहरूको ढिलासुस्तीको कारणले गर्दा ढिलो मतदान सुरु भएको थियो। मतदान केन्द्रमा खानेपानीको व्यवस्था थिएन। अपाङ्गमैत्री भएता पनि भिडका कारणले गर्दा अपाङ्ग

तथा बुद्धबृद्धालाई आवतजावतमा अप्ठ्यारो भएको देखिन्थ्यो ।

**प्रदेश ६**

**६.१ सल्यान**

यस जिल्लामा सुरक्षाकर्मी, नेपाल प्रहरी र म्यादी प्रहरीको सुरक्षाको घेराभित्र रहेर मतदाताहरूलाई महिला र पुरुषको लाईन छुट्टा छुट्टै बनाइएको थियो। बृद्धबृद्धा, अशक्त, अपाङ्ग र गर्भवति महिलाहरूको लागि विशेष सुविधा दिइएको देखिन्थ्यो। शान्तीपूर्वक र लाईनबद्ध तरिकाले मतदाताहरूलाई मतदान गर्ने व्यवस्था गरिएको थियो। मतदाताहरूलाई विभिन्न राजनितिक दलका कार्यकर्ताहरूले मतदान केन्द्र भित्र नै मतदान प्रक्रिया सिकाइरहेको देखियो । मतदान केन्द्र वरिपरि विभिन्न राजनीतिक दलका कार्यकर्ताहरूले भोट मागेको पनि देखिए। स्यानिखालमा सकेट बम प्लाष्टिकमा बेरिएको अवस्थामा फेला परेको थियो। स्थानीयले शंका मानेर नेपाल प्रहरीलाई खबर गरेपछि नेपाल प्रहरी, नेपाली सेना लगायतको टोलीले बम निष्कृय गरेका थिए। बागचौर नगरपालिकामा ९९ वर्ष र ८९ वर्षका वृद्लाई स्ट्रेचरमा ल्याई मतदान गराईएको थियो। जानकी मावि बुथ 'क' मा ८४ वर्षका बृद्ध र उनकी ८० वर्षकी पत्नीले मतदान गरेका थिए। यस जिल्लामा अन्य कुनै संस्थाको पर्यवेक्षकको उपस्थिति देखिएनन्। मतगणना स्थलमा महिलाको उपस्थिति थिएन। मतगणना स्थलमा प्रत्येक राजनीतिक दलका एक प्रतिनिधि राख्ने व्यवस्था भएपनि वाम गठबन्धनका तर्फ बाट ३ जना प्रतिनिधि राखेपछि विवाद सृजना भएको थियो। नेपाल प्रहरीको टोली उक्त विवादको समाधान गरेको थियो। राजनीतिक दलहरूले रंगिन र शहीदको तस्वीर सहितको ब्यानर बनाई वितरण गरेको पाइयो। फल्याक्स बोर्डमा लेखेर भित्ता र गाडीहरूमा राख्ने, रुख, सूर्य, हँसिया हथौडा, साइकल र मशाल चिन्ह अंकित टी-सर्ट बनाएर कार्यकर्ताले लगाएको देखियो विशेष गरी ग्रामीण क्षेत्रहरूमा दलहरूले ठूलो साइजका ब्यानर राखेको पाइयो। भित्ते लेखन पनि कहिँकहिँ देखियो।

**६.२ सुर्खेत**

मतदान ठिक समयमा सुरु नभई तोकिएको समय भन्दा आधा घण्टा ढिलो सुरु भएको थियो। मतदान केन्द्र 'क' मा मतदान अधिकृत सुवर्ण खड्काको नेतृत्वमा ८ जना कर्मचारीहरू र मतदान केन्द्र 'ख' मा मतदान अधिकृत सुरेस कुमार चौधरीको नेतृत्वमा ८ जना कर्मचारीहरू र 'क' र 'ख' दुवै वुथमा २/२ जना महिला स्वयमसेवीकाको सहभागिता रहेको थियो। मतदान केन्द्रमा बुथ नं क र ख मा ३/३ वटा मत पेटीका फरक फरक ठाउँमा राखिएको थियो। मतदाताको परिचय नामावली रुजु गर्ने मतदाहरूलाई सहजिकरण कार्य भएको थियो। मतदान केन्द्रको आसपासको वातावरण शान्तीपूर्ण थियो।

तर परिवेक्षण गर्न परिवेक्षकलाई सहज तरिकाले परिवेक्षण गर्न दिइएको थिएन। अपाङ्ग तथा असहाय बृद्धहरूको लागि सहज वातावरण थिएन। मतदान केन्द्र भौगोलिक अवस्थामा साघुरो थियो र मतदातालाई असहज भएको थियो। सुरक्षाकर्मीहरूको सहभागितामा कमि देखिएको थियो। दलहरूको प्रतिनिधिहरूको चहलपहल आवश्यकता भन्दा बढि देखिन्थ्यो। सुरक्षाकर्मीबाट सहजीकरण भएको थिएन। दलहरूले निर्वाचन सम्बन्धी आचारसहिंता पूर्णरुपले पालना गरेको देखिएन। ब्यानर तथा पोष्टरहरूको पनि प्रयोग जथाभावि रुपमा सार्वजनिक स्थानहरूमा प्रयोग भएको देखियो। विभिन्न दलहरूले आमसभा गर्दा गाडीहरूको प्रयोग आवश्यकता भन्दा धेरै देखियो। दलहरूको आमसभाहरूमा उमेर नपुगेका बालबालिकाहरूको प्रयोग गरेको देखियो। दलहरूले निर्वाचन प्रचार प्रसार समय अवधिको दुरुपयोग गरी रातारात ९/१० बजे सम्म पनि प्रचारप्रसार गरेको र आचारसहिंता पालना गरेको देखिएन।

तैपनि समग्रमा प्रत्यक्ष प्रतिनिधि सभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७४ मंसिर २१ गते शान्ती तथा सुव्यवस्थित तरिकाले सम्पन्न भयो। स्थानीय निर्वाचनको प्रचार प्रसार भन्दा कम र आचारसहिंता दलहरूले पालना गरेको सन्तोषजनक देखियो। मतदान सम्बन्धी शिक्षा आवश्यकता भन्दा पर्याप्त भएको दखिएन र मतदाताको सख्या र बदर मतको परिणाम बढि भएको देखियो। निर्वाचन शिक्षा ग्रामिण क्षेत्रहरूमा एकदम आवश्यकता र कायान्वयन गर्नु पर्ने देखियो। मतदाता शिक्षा आवश्यकता अनुसार शहरी क्षेत्रमा मात्र केन्द्रीत नगरी ग्रामिण क्षेत्रहरूमा पनि प्रभावकारी तरिको उपलब्धिमुलक तरिकाले मतदाता शिक्षा दिन आवश्यक देखिन्छ। निर्वाचन आचारसहिंताको पालना नियमन निकायले पालना भए नभएको निरिक्षणमा पनि प्रभावकारी ढङगले हुनु पर्ने देखिन्छ। परिवेक्षकहरू लाई परिवेक्षण गर्नका लागि पनि सहजिकरणको वातावरण हुनुपर्ने देखिन्छ र सम्बन्धीत निकायहरूले समन्वयत्मक तरिकाले सहयोग गर्नु पर्ने देखिन्छ।

**प्रदेश ७**

**७.१ कैलाली**

प्रतिनिधी तथा प्रदेशसभा निर्वाचन २०७४ कैलाली जिल्लामा समग्रमा शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको पाइयो। निर्वाचनका लागि केही अबरोध, आशंका, भयत्रासका बाबजुत पनि कैलालीमा निर्वाचनमा जनताको सक्रिय सहभागीता रह्यो। व्यवस्थापन, सुरक्षा प्रवन्ध र आम नागरिकको सकृयता र संचार माध्ययमले निर्वाचन शिक्षामा गरेको योगदानहरू प्रशंसनीय मान्न सकिन्छ। मंसिर २१ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा दोस्रो चरणको निर्वाचन कैलाली जिल्लामा राजनीतिक दलहरू बिच एक आपसमा केही आचारसहिताको उल्लङ्घन जस्ता छिटफुट घटनाहरू बाहेक जिल्लाको मतदानको समग्र प्रक्रिया शान्तिपूर्ण र सहज वातावरणमा सम्पन्न भएको पाइयो। कैलाली जिल्लामा प्रतिनिधि सभा तथा प्रदेशसभा निर्वाचन सफल बनाउन नेपाल

सरकार, न्याय क्षेत्र, निजामति कर्मचारी, यस निर्वाचनमा सहभागी राजनीतिक दलहरू, संघसंस्था, राष्टिय पर्यबेक्षक, नागरिक समाजलगायत सम्पूर्ण सरोकारवालाहरूको प्रत्यक्ष तथा परोक्ष सहभागिता सहयोग र समर्थन रहेको देखिन्छ ।

मतदान केन्द्र ठिक ७ वजे सुरु भएको थियो भने मतदाताहरुले फोटो सहितको मतदाता परिचयपत्र समयमै लगेको पाइयो। मतदान केन्द्र निर्वाचन आयोगले तोकेको स्थानमा रहेको र मतदान केन्द्र मतदान स्थल र निर्वाचन आयोगले तोकेवमोजिम सिमाङ्कन गरिएको, अपाङ्ग अशक्तका लागि पनि विशेष व्यवस्था मिलाइएको थियो। मतदान केन्द्र सुरक्षा कर्मिहरूले मतदान केन्द्रका लागि सुरक्षा प्रदान गरिरहेका देखिन्थे। मतदान केन्द्रमा सञ्चार माध्यमका प्रतिनिधिहरू र संस्थाका पर्यवेक्षकहरूको उपस्थिति देखिन्थ्यो। मतदान अधिकृतले पर्याप्त मात्रामा निर्वाचन सामाग्री(मतपत्र, मतपेटीका) पर्याप्त मात्रामा व्यवस्थापन गरेको पाइएको थियो। नयाँ मतदाता परिचयपत्रमा क्रमसंख्या नराखिएकाले कर्मचारीले परीचयपत्र सम्वन्धित मतदातालाई वितरण गर्न असहज भएपछि स्थानीय तहमा वितरण गरी सकिएका मतदाताको परीचयपत्र पुन:दोहोरीएर प्रिन्ट गरी वितरण गरिएको हुँदा मतदातामा अन्यौलता देखिन्थ्यो। यस्तो कुरामा आयोगको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।

### ७.२ कञ्चनपुर :

यस बुथ केन्द्रमा मतदानका लागि महिला, पुरुष र अपाङ्गता, अशक्त, बृद्धबृद्धा, जेष्ठ नागरिक, गर्भवती महिलला र बिरामीका लागि छुट्टै लाईन बनाइएको थियो। मतदान गरिसकेपछि जानका लागि छुट्टै बाटोको व्यवस्था थियो। स्वयम् सेवक प्रहरी, म्यादी प्रहरी राजनीतिक दल र निर्वाचनका कर्मचारी बिच समन्वय भएको पाईयो। मतदान गरेपछि मतदाता सिधै घरतिर गएको अवस्था थियो। मतदान सार्वजनिक ठाउँमा थियो भने, स्वस्तिक छाप लगाउने स्थान गोप्य थियो। मतदान केन्द्रको चारैतिर सुरक्षा व्यवस्था कडा पारिएको थियो। ७ बजेदेखि मतदान शुरु गर्ने भनिएपनि विहान ७:३० मा मतदान शुरु भएको थियो। राजनीतिक दलका एजेण्ट ढिलापुग्दा आधा घण्टा पछि मात्रै मतदान ढिला भएको थियो। शान्तिपूर्ण, भयरहित, स्वतन्त्र रुपमा निर्वाचन भएको देखिन्छ। मतदान प्रकृया पुरुषको छिटो थियो तर महिला ढिला मतदान गरिरहेका थिए। महिला महिला र पुरुष पुरुषकै लाईनमा शान्त बसेर भोट हाल्दै घरतिर गएका थिए। जसका कारण मतदान केन्द्रमा बेफाल्तु भिडभाड भएन्। चारैतिर सुरक्षा घेरा थियो।

अनुमति नदिएका सवारी साधन मोटरसाईकल पनि चलाइएका थिए। उनीहरूले मतदाता ओसार्ने काम गरेका थिए। यहाँका अधिकाँस मतदाताको नामावली अर्को केन्द्रामा पारिदा मतदाता अलपत्र परे। यातायातका सवारी साधन चल्न नसक्दा उनीहरू मतदान बाट बञ्चित भए। हातमा परिचय पत्र तर, उनीहरूको नामलिष्ट अर्को मतदान केन्द्रमा हुँदा उनीहरू बञ्चित भएका थिए। पुरुष भन्दा महिलामा मतदाता शिक्षा प्रभावकारी नभएको पाईयो। नामावली संकलन गर्दा नै निर्वाचन आयोगबाट विवरण फरक पारिएको छ। १ नम्बर वडाको मतदाताको नामावली २ र २ को १ र ३ वडामा समेत केही मतदाताले मतदान गर्न गएका थिए। (क) बुथ केन्द्रमा स्पष्ट रुपमा १ देखि १०३६ र (ख) बुथमा १०३८ देखि २०६१ गलत लेदिएको थियो।


जिल्ला निर्वाचन कार्यालयले पठाएको कर्मचारी राम्रोसँग मतदाताको नामावली संकगलन गर्न मतदाताको वडा र मतदान केन्द्र फरक फरक वडामा परेको पाईएको थियो। कुनै एक जनाको मात्र होइन ६८ जनाको यस्तै फरक पाइयो। भानु मावि मतदान केन्द्रमा सबैभन्दा बढि ९१ बर्षका बदलिया रानाले मतदान गरेका थिए। आदिवासी जनजातिमा रानाको बाहुल्यता भएको, दलित रहेका छन्। यो मतदान केन्द्रमा ७० बर्ष काटेका ३२ जनाले मतदान गरेका थिए। यस मतदान केन्द्रमा कुल मतदाता १ हजार ३६ थिए। ४ सय १४ पुरुष र ४ सय १४ महिला गरि बराबरी मतदान भएको थियो। जसमध्ये ८ सय २८ मत खसेका थिए। दलित, जनजाति रहेको क्षेत्र हो। लोकतन्त्रको सुन्दरताको गहना आवद्यिक निर्वाचन हो। यसरी निर्वाचन सरसर्दी हेर्दा स्वच्छ हुँदै गएको पाईयो। फोटो सहितको नामावलीका कारण फर्जि मतदान घट्दै गएको छ।

### ७.३ डडेल्धुरा :

मतदानका सामाग्री सम्पूर्ण हुँदाहुँदै पनि पार्टी प्रतिनीधिहरूलाई खाली मतपेटिका देखाइँदा र चुनाव सुरु भएको तिन घण्टा पछि एक व्यक्तिले अर्को व्यक्तिको मत खसाल्ने कुरामा विवाद हुँदा केहि समय भनाभन भएको थियो। बुथ अपाङ्ग मैत्री थिएन। विभिन्न पार्टीका तुल, ब्यानर, पोस्टर सामन्य देखिन्थे भने प्राय महिलाको मतपत्र पुरुषले नै हाल्ने गरेको देखियो। चुनावको मिति तय भएपछि बाम गठबन्धन र प्रजातान्त्रिक गठबन्धनको प्रचार प्रसार निकै तडक भडकका साथ चल्यो। जसमा दुबै पार्टीको प्रचारप्रसार एकदम खर्चिलो देखिन्थ्यो। बस, जिप, कार, मोटरसाईकल, ठूलाठूला साउन्ड बक्स, पोस्टर लगाएको पाइन्थ्यो। मिती २०७४/०८/१८ मा बाम गठबन्धनको आमसभालाई लक्षित गरी २०० मि टाढा जति बम विस्फोटन भएको थियो। त्यसैदिन जोगबुढा र साधनीमा चुनावको दिन आलिताल गा.पा.मा र त्यसैदिन भागेस्वर गा.पा.मा बम बिस्फोटन भएको थियो। मौन अबधी भित्र विभिन्न ठाउँमा रातारात नेता तथा कार्यकर्ता गाउँ गएको पाइयो। निर्वाचन बुथ नजिक पोस्टरब्यानर नहटाएको, नेताहरूले विभिन्न आश्वासन दिएको, गाउँगाउँमा पार्टी भोतभतेर गरेको, पैसा बितरण गरेको र आन्तरिक गोस्ठी गरेको पाइयो। समग्रमा चुनावको दिन केहि ठाउँमा त्रास वातावरण सृजना भएपनि सुरक्षाका बाबजुद् शान्त वातावरणमा नै मतदान सम्पन्न भएको देखिन्छ।

# अनुसूची -६

## संचारमाध्यममा इओसी, नेपाल


sansarnews.com/archives/41145

निर्वाचन छिटफुट घटनाबाहेक शान्तिपूर्ण तवरमा सम्पन्न

www.namasteholland.com/21168.php

निर्वाचन पर्यवेक्षण समिति नेपाल EOC NEPAL

लोकप्रिय सन्देश

बाँकेमा ३५ मतदान केन्द्र अति संवेदनशिल

निर्वाचन आयोगको निर्देशिकाप्रति इओसीको ध्यानाकर्षण

http://ratopati.com/story/32370

इओसी नेपालले राष्ट्रियसभाको निर्वाचन पर्यवेक्षण गर्ने

काठमाडौं– निर्वाचन पर्यवेक्षण समिति नेपाल (इ.ओ.सी. नेपाल)ले बुधबार हुने राष्ट्रियसभाको निर्वाचन पर्यवेक्षण गर्ने भएको छ। इओसी नेपालले ६ वटा प्रदेशमा दुई दुई जना दक्ष पर्यवेक्षक खटाइएको जनाएको छ।

...र्वाचनको तयारी, सुरक्षा व्यवस्था, निर्वाचन सामाग्रीको प्रयोग,कर्मचारीको ...न, मतदान केन्द्रको व्यवस्थापन र निर्वाचन आचारसंहिताको ...नलाई केन्द्रीत गरी पर्यवेक्षण गर्ने नीतिअनुसार प्रतिनिधि खटाएको ...सीले जनाएको छ।

...ओसीले प्रदेश नं १ मा प्रदिप पोखरेल र बाबुराम भण्डारी, प्रदेश नं ३ मा राजाराम ...र्तौला र रिता ढुंगेल, प्रदेश नं ४ मा गिरधारी सुवेदी र मिना तिवारी (घिमिरे) प्रदेश नं ५ मा बिमल गौतम र उज्वल अधिकारी, प्रदेश नं ६ मा गोपालनाथ योगी र दिनेशकुमार चौधरी, प्रदेश नं ७ मा रुद्र खनाल र बद्रीप्रसाद सिवाकोटीलाई पर्यवेक्षणकोलागि खटाएको जनाएको छ प्रदेश नं २ मा सबै पदमा निर्विरोध भएको निर्वाचन आयोगको सूचना अनुसार त्यहाँ पर्यवेक्षक परिचालित गरिएको छैन।



देउवाले मन्त्रिपरिषद् विस्तार गर्न लागेकोमा निर्वाचन पर्यवेक्षण समितिको आपत्ति

२८ असोज ,काठमाडौं। संसद विघठन हुनु एक दिन अगाडि प्रधानमन्त्री शेरबहादुर देउवाले निर्वाचन आचारसंहिता विपरित मन्त्रिपरिषद विस्तार गरको विषयमा निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी) आपत्ति जनाएको छ ।



जनजागर

जनकपुरधाम ●२०७४ साल पुस ५ गते बुधवार

राजनीतिमा अपराधीकरण र व्यापारीकरण हावी

उच्च नैतिकता र इमान्दारिता हुनु आवश्यक



उम्मेदवारको खर्च ५० अर्ब



स्वतन्त्र र निष्पक्ष पर्यवेक्षण गर



एक भोटको खर्च पाँच हजार



Elections becoming 'unnaturally expensive'

# अनुसूची -७

## तस्विरमा इओसी नेपालको पर्यवेक्षण



















